


# ओरेक

## वार्षिक प्रगति प्रतिवेदन

२०७७/७८

WOREC

# ओरेक

## वार्षिक प्रगति प्रतिवेदन

२०७७/७८

WOREC

ललितपुर, नेपाल

**संस्थाका कार्यसमिति पदाधिकारी विवरण:**

अध्यक्ष, रामबती चौधरी (थारु)

उपाध्यक्ष, गोमावती पुन (सृजना)

सचिव, चाँदनी राना

कोषाध्यक्ष, उर्मिला श्रेष्ठ

सदस्य, टीकादेवी दाहाल

सदस्य, श्याम कुमारी साह

सदस्य, बसन्ती चौधरी

सदस्य, दुर्गा कुमारी कार्की

**सल्लाहकार:**

१. डा. रेणु अधिकारी (संस्थापक अध्यक्ष तथा बरीष्ठ सल्लाहकार)

२. श्री बिन्दु पोखरेल गौतम (बरीष्ठ सल्लाहकार)

३. डा. पूनम रीसाल (सल्लाहकार)

# विषय-सूचि


| | |
|---|---|
| भूमिका | ७ |
| १. संस्थाको परिचय | १० |
| २. महिला हिंसा विरुद्धको अभियान | १४ |
| ३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अभियान | ३६ |
| ४. स्नेह अभियान | ४९ |
| ५. महिलावादी नेतृत्वको विकास | ५१ |
| ६. महिलाहरूको न्यायमा पहुँच | ५४ |
| ७. मुख्य उपलब्धिहरू | ५७ |
| ८. मुख्य चुनौतीहरू | ५९ |
| ९. आर्थिक वर्ष २०७७/०७८ को आय-व्ययको विवरण | ६१ |
| १०. अनुसूची | ६४ |

# भूमिका

स्थापनाकाल देखि नै महिला अधिकारका सवाललाई समुदायतहदेखि उठान गरि यसको सम्बोधनका लागि राज्यको नीति निर्माण तहमा पैरवी गरिरहेको यस महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिलाको मानव अधिकार र समाजिक न्यायमा समर्पित एक संस्था हो । नेपालको संविधान २०७२ ले विशेष गरि महिलालाई अंश र बंशको समान हकको व्यवस्था, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको हक, हिंसाविरुद्धको हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुन पाउने हक, शिक्षा, स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था साथै सम्पत्ति तथा पारिवारिक मामलामा दम्पत्तिको समान हकको व्यवस्था गरेको छ । संस्थाले हाल देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएसँगै सामाजिक रुपान्तरणका लागि राज्यका तीनवटै तहसँग सहकार्य गरि सामाजिक सचेतना, सशक्तिकरण तथा पैरवीका कार्यहरू गरिरहेको छ । प्रदेश तथा स्थानीय तहमा जननिर्वाचित जनप्रतिनिधि आएसँगै लैङ्गिक समानताका लागि नीतिगत व्यवस्था गर्न संस्थाले सुरुवाती बेलादेखि नै सहजीकरण तथा पैरवी गरिरहेको छ । यसवर्ष पनि संस्थाले आफू कार्यरत जिल्लाका स्थानीय तहहरूमा लैङ्गिक समानता नीति तथा रणनीति, लैङ्गिक उत्तरदायी बजेटका लागि सहजीकरण तथा पैरवी गरेको छ । कतिपय जिल्लामा लैङ्गिक नीति निर्माण भई कार्यपालिकाबाट पारित भएको अवस्था छ । संस्थाले सामुदायिक संस्थाहरूको नेतृत्वमा स्थानीय सरकार, महिला सञ्जाल, महिला मानव अधिकार रक्षक सञ्जालको सहकार्यमा विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय दिवसहरू लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस, अन्तर्राष्ट्रिय शान्ति दिवस, बालिका दिवस, अन्तर्राष्ट्रिय युवा दिवसलाई एक अवसरको रुपमा लिई आफ्ना अभियानहरू समुदायतहसम्म व्यापक गरेको छ ।

संस्थाले लामो समयदेखि महिलाको शरीरमाथिको अधिकारका लागि महिला स्वास्थ्य अधिकारको सवालमा समुदायस्तरमा महिला स्वास्थ्य अधिकार कार्यक्रममार्फत महिला स्वास्थ्य परामर्श केन्द्र, मनोविमर्श केन्द्र, महिला स्वास्थ्य मेला संचालन गरि सचेतनाका साथै स्थानीय सरकारलाई महिलाको स्वास्थ्य अवस्था र त्यसको कारणको बारेमा जानकारी गराइ सम्बोधनका लागि पैरवी गरिरहेको छ । जसका कारण स्थानीय तहले महिला स्वास्थ्य मेलाको लागि कार्यक्रमसहित बजेट विनियोजन तथा महिला स्वास्थ्य मेला संचालनमा सहकार्य गर्ने गरेका छन् । यसै गरि मनोविमर्शकेन्द्र संचालनका लागि पालिका तथा वडामा सहकार्य भएको छ । मनोसामाजिक सहयोगका लागि मनोविमर्शकर्ताको आवश्यकताको बारेमा निरन्तर गरिएको पैरवीको कारण पालिकाहरुले महिलाहरूलाई मनोविमर्शकर्ता तालिमका लागि बजेट विनियोजन गरि सहयोग गरेका छन् । यसैगरि संस्थाले घरेलु कामलाई मूल्यांकन गरि राज्यको कूल गार्हस्थ उत्पादनमा समावेश गराउन महिलाको काम तथा गतिशीलताको अधिकारका लागि सचेतना तथा पैरवीका कार्यहरू गरिरहेको छ । स्थानीय तहले वैदेशिक रोजगारीबाट फर्किएर आएकाहरूको सीप तथा व्यवसायका लागि योजना निर्माणमा सहयोग गरेको छ ।

हिंसा प्रभावितहरूले सुरक्षित रुपमा न्याय पाउने अधिकारको सुनिश्चिततताका लागि संस्थाले सहयोगी संयन्त्रको सवलीकरणका लागि सहयोग तथा सुरक्षावास संचालन गरिरहेको छ । हाल संस्थाले ९ वटा जिल्लामा सुरक्षावास संचालन गरिरहेको छ। स्थानीय तहमा सुरक्षावासको महत्वको बारेमा गरिएको निरन्तर पैरवी पछि हाल ६ वटा स्थानीय तहले सुरक्षावास व्यवस्थापनमा सहकार्य गरि सेवा प्रदान गरेका छन् भने केही स्थानीय तहमा संस्थाको व्यवस्थापकीय तथा प्राविधिक सहयोगमा पालिका आफैंले सुरक्षावास सेवा संचालन गरेका छन् । हिंसा प्रभावितहरूको सहयोगका लागि स्थानीयतहदेखि राष्ट्रियतहसम्म गरेको निरन्तरको पैरवीले यसवर्ष नीतिगत रुपमा नै केही स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन निर्देशिका निर्माण भइ कार्य अगाडी बढेको छ । राज्यले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूको कार्यान्वयनका लागि सरोकारवालाहरूको ध्यानाकर्षण गराई स्थानीय समुदायलाई सुसूचित गराउने कार्यहरू भएको छ । विशेष गरि सिड, मानवअधिकार, दिगो विकास लक्ष्यका सूचकहरूको बारेमा

अभिमुखीकरण गरि स्थानियकरणका लागि सम्बन्धित सबै सरोकारवालहरूलाई जानकारी गराइएको छ । सिमान्तकृत तथा हिंसा प्रभावित र द्वन्द्व प्रभावित महिलाको आर्थिक सशक्तिकरण तथा दिगोजिविकोपार्जनका लागि प्राविधिक ज्ञान तथा सीप प्रवर्द्धन गरि व्यावसायिकताको लागि संस्थाले सहयोग गरिरहेको छ ।

यसवर्ष पनि कोभिडको दोश्रो लहरको महामारीका क्रममा भएको बन्दाबन्दीको असहज परिस्थितिमा स्थानीय सरकारसँग सहकार्य गरि सिमान्तकृत महिला, गर्भवती, सुत्केरी, किशोरी, अपाङ्गता भएका महिला, एकल र बृद्धाहरूलाई तत्काल सहयोग पुऱ्याउन खाद्य तथा मर्यादा सामग्री, मनोविमर्श तथा स्वास्थ्य परामर्श र सुरक्षावास सेवा उपलब्ध गराइएको थियो । हाम्रो जस्तो पितृसत्तात्मक सामाजिक संरचना भएको देशमा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण तथा व्यवहारका कारण बन्दाबन्दीको समयमा महिलाहरू परिवारका सबै सदस्यसँग सँधै घरभित्र नै रहनु परेको अवस्थमा महिलामाथि घरेलु हिंसा तथा यौनिक हिंसाका घटना बढेका अबस्था यसै संस्थाबाट प्रकाशित अन्वेशीले देखाएको छ । हिंसा प्रभावितको न्याय सुनिश्चितताको लागि भर्चूअल माध्यमबाट प्रहरी, पत्रकार, संघीय सांसदहरू, अधिकारकर्मीहरूलाई बिभिन्न तालिम तथा अन्तरकृयात्मक छलफल भएको थियो । यसले प्रभावितको सहयोगको लागि विभिन्न हटलाइनको व्यवस्था गर्न, सुरक्षित आवासलाई नियमित र व्यवस्थित गर्न सहयोग गऱ्यो ।

गत बर्ष ओरेकले क्वारेन्टिन तथा आईसोलसन (एकान्तवास) मा लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम तथा सम्बोधन सम्बन्धी मापदण्ड स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको सहकार्यमा तयार गरेको थियो र हाल उक्त मापदण्डलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रयोगमा ल्याएको छ । संस्थाको जुनसुकै विपदको समयमा पनि सरकारसँग हातेमालो गरि समुदायमा काम गर्ने संस्थाको आफ्नै अभ्यास रहेको छ । भौतिक रुपमा मात्र कार्यक्रमको अभ्यास भएका हामी कोभिडका कारण प्रविधिको प्रयोग गरि भर्चुअलरुपमा कार्यक्रमहरू अगाडी बढाउने काम गऱ्यौं । यसले समुदायका महिलाहरू, प्रत्यक्ष रुपमा विधायिकालगायत अन्य नीति निर्माताहरूसँग जोडिन पाउनुभयो । आफ्ना समस्या सिधै राख्ने अवसर प्राप्त भयो । समुदायका महिलाहरू अनलाइन मिडियासँग अभ्यस्त हुनुभयो । यसैगरि संस्थाले कोभिड १९ महामारीका कारण भएको बन्दाबन्दीको समयमा अनलाइन माध्यमबाट महिलाका विभिन्न सवालमा अध्ययन तथा अनुसन्धानात्मक कार्यहरू गरेको छ ।

अन्त्यमा, महिला अधिकारको आन्दोलनको अग्रपंक्तिमा कार्य गर्ने सबै प्रति सम्मान गर्दै संस्थाको अभियानलाई सफल पार्न समुदायदेखि केन्द्रस्तरसम्म प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने स्थानीय तह तथा सरकारी निकायहरू, संचारकर्मी, सम्पूर्ण सहयोगी दातृ संस्थाहरू, सहकार्य गर्ने महिला सामुदायिक संस्था तथा विभिन्न समूहहरू, महिला सञ्जालहरू गैरसरकारी संस्थाहरू, ओरेकका संस्थापक ज्युहरु, सल्लाहकार तथा कार्यसमितिका पदाधिकारी तथा सदस्यलगायत संस्थाका सम्पूर्ण कर्मचारीहरूप्रति संस्था हार्दिक आभार प्रकट गर्दछ ।



धन्यवाद

लुभराज न्यौपाने
कार्यकारी निर्देशक

# ओरेकको कार्यक्षेत्र




- प्रदेश नं. १ : सुनसरी, मोरङ्ग, उदयपुर
- प्रदेश नं. २ : सिराहा, धनुषा, महोत्तरी, सर्लाही
- प्रदेश नं. ३ (बाग्मती प्रदेश) : काठमाडौं, भक्तपुर, ललितपुर
- प्रदेश नं. ५ (लुम्बिनी) : दाङ्ग, कपिलबस्तु र रुपन्देही
- प्रदेश नं. ६ (कर्णाली) : रुकुम, जुम्ला, सुर्खेत, दैलेख
- प्रदेश नं. ७ (सुदुरपश्चिम) -कैलाली

ओरेकको कार्यक्षेत्र भएका जिल्ला सङ्ख्या : १८

# १. संस्थाको परिचय

### पृष्ठभूमि

महिला पुनर्स्थापना केन्द्र (ओरेक) महिला अधिकारप्रति समर्पित एवं लैङ्गिक समानता र सामाजिक न्यायका निम्ति संघर्षरत गैरनाफामूलक राष्ट्रिय गैरसरकारी संस्था हो । २०४७ चैत्र १९ मा स्थापित ओरेक महिलामाथि हुने हिंसा, यसका कारण र परिणामको रोकथाम र महिला तथा सीमान्तकृत समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चितता तथा सामाजिक न्यायमाथिको पहुँचको सुनिश्चितता तथा प्रवर्द्धन गर्न नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको अभियानमूलक संस्था हो । मानव बेचबिखनविरुद्ध महिलावादी र अधिकार मुखि सोचमा आधारित भई महिला तथा बालबालिकाको बेचबिखनको अन्त्य गर्ने र प्रभावितको अधिकार तथा न्याय सुनिश्चताका लागि वकालत गर्ने उद्देश्यका साथ स्थापित यो संस्थाले महिलाअधिकार हननमध्ये बेचबिखन एउटा परिणाम भएको निष्कर्ष निकाल्दै महिला अधिकारको मुद्दालाई फराकिलो नजरले हेर्न सुरु गर्‍यो । महिलाको आफ्नो शरीर आफ्नै हो भन्ने यथार्थतालाई आत्मसात गरी महिला अधिकार प्राप्तिका निमित्त महिलाको उत्पादनशीलता, यौनिकता र गतिशीलतामाथिको नियन्त्रणको महत्वबारे समुदायका महिलालाई सशक्तीकरण गर्न सहजीकरण गरिरहेको छ । ओरेकले नेपालको महिलावादी आन्दोलनलाई सकारात्मक ढंगले अगाडि बढाउँदै महिला र बालिकाको अधिकार सुनिश्चितताका लागि राज्यलाई उत्तरादायी बनाउन र महिलामैत्री ऐन, नीति तथा कार्ययोजना निर्माणका लागि सबै तहको सरकारसँग समन्वय, सहकार्य र पैरवीमूलक गतिविधि गर्दै आइरहेको छ ।

समुदायमा आधारित महिला स्वास्थ्य तथा परामर्श केन्द्र, मनोविमर्श केन्द्र, सघन जैविक खेतीको अवधारणामा आधारित नमूना खेती, पर्यावरणमैत्री नमूना गाउँ, पछाडि पारिएको समुदाय तथा महिलाको समान प्रतिनिधित्व तथा राजनीतिक सहभागिताका लागि महिला तथा समुदायसँगको सहभागिता र साझेदारितामा कार्यक्रमहरू सञ्चालन गरेका उल्लेखनीय कार्यक्रमहरू रहेका छन् । संस्थाले महिला अधिकारको क्षेत्रमा ३० वर्षको लामो यात्रा पार गर्दा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५, बेचबिखन विरुद्धको नीति, पाठेघर खस्ने समस्यालाई सम्बोधन गर्ने राष्ट्रिय नीति, सुरक्षित गर्भपतनसम्बन्धी कानून, घरेलु हिंसासम्बन्धी कानून, एकिकृत किट व्यवस्थापन, जैविक खेती, सम्पत्तिमाथिको अधिकार तथा महिला अधिकार सम्बन्धित अन्य थुप्रै प्रगतिशील नीतिहरू परिवर्तनमा उत्प्रेरकको भूमिका खेल्ने प्रभावितहरूले नेतृत्व गरेका संस्था तथा सञ्जालहरू स्थापना गर्न सहजीकरण तथा विभिन्न अभियानमूलक कार्यक्रमहरू सञ्चालन गरेको छ ।

### संस्थाको परिकल्पना

ओरेकले सामाजिक, राजनितिक तथा आर्थिक रुपान्तरण सहितको महिलाबादी परीकल्पना पूर्ण भएको समाजको परिकल्पना गर्दछ ।

### संस्थाको परिलक्ष्य

सामुहिक महिलावादी कार्यबाट सबै प्रकारका संरचनागत भेदभावहरूको अन्त्य गरि महिलाको मानव अधिकारको प्रवद्धन गर्ने (ओरेकले माहिला तथा यौनिक अल्पसंख्यकहरूले सामाजिक, राजनीतिक तथा आर्थिक समानता हासिल गरको स्थितिलाई महिलावादी आकांक्षाको परिपूर्तिको रुपमा हेर्दछ ।) ।

### संस्थागत रणनैतिक मुद्दाहरू

उद्देश्य १ : विविध पृष्ठभूमिका महिलाहरूलाई खाद्य, स्वास्थ्य तथा रोजगारीका अधिकार प्राप्त गर्न सहजिकरण गर्ने
उद्देश्य २. : लैङ्गिक दृष्टिकोणले समावेशी शासनका लागि वातावरण बनाउन प्रभाव पार्ने
उद्देश्य ३. : महिला तथा किशोरीहरूको आफ्नो र आफ्नो शारीरिक अक्षुण्णताका बारेमा निर्णय लिन सक्ने क्षमता विकास गर्ने
उद्देश्य ४. : ओरेकलाई सामाजिक आन्दोलनका लागि एउटा महिलावादी स्रोत केन्द्रको रुपमा स्थापना र सबलिकरण गर्ने




## संस्थाको कार्यक्षेत्र :

महिला पुनर्स्थापना केन्द्र ओरेकले आफ्नो एकीकृत अभियानहरू प्रत्यक्ष रूपमा १९ जिल्लामा र महिला हिंसा विरुद्धको अभियान अन्तर्गत आवश्यकताअनुसार ७७ वटै जिल्लाहरूमा महिला मानव अधिकार रक्षकहरूको सञ्जालसँगको समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

## संस्थाको संरचनागत विवरण:

| ओरेकका जिल्लागत संरचना | मोरङ | उदयपुर | सिरहा | धनुषा | सुनसरी | काठमाडौं | दाङ | कैलाली | रुकुम | महोत्तरी | सर्लाही | कपिलवस्तु | रुपन्देही | दैलेख | सुर्खेत | जुम्ला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षा आवास | १ | १ | | १ | १ | १ | | १ | | | | | | १ | १ | १ | ९ |
| महिला स्वास्थ्य परामर्श केन्द्र | | | ५ | | | | १० | | २ | १ | १ | | | | | | १९ |
| महिला मनोसामाजिक परामर्श केन्द्र | ४ | ६ | २ | १ | १ | ६ | ४ | १ | ३ | १ | १ | | | | | | ३० |
| समुदायमा आधारित संघसंस्था | | १० | ५ | १ | | | ५ | | | | | १ | १ | | | | २३ |
| महिला समूह | २८७ | २६६ | ३५ | ३० | १६२ | ० | ३५ | २५ | १६ | १२ | ६ | ८ | ८ | | | | ८९० |
| कृषक समुह | ७ | ४ | ८ | ६ | | | ७ | | १५ | ६ | ३ | | | | | | ५६ |
| युवा महिला समूह | १० | ४ | १५ | १० | ५ | | ३ | ११ | ९ | ६ | ३ | ८ | ८ | | | | ९२ |
| नमुना पर्यावरणी गाँउ | | ५ | २ | | | | ३ | | १ | २ | १ | | | | | | १४ |
| किशोर किशोरी मैत्रि विद्यालय | | | | | | | २० | | | | | | | | | | २० |
| सामुदायिक क्लिनिक | | १ | | | | | | | | | | | | | | | १ |
| भेट क्लिनिक | | १ | | | | | | | | | | | | | | | १ |
| तालिम केन्द्र | | १ | | | | | १ | | | | | | | | | | २ |
| युवा संजाल | २ | १ | १२ | | २ | | २ | २७ | | | | | | | | | ४६ |
| महिला सहकारी | | ९ | | | १ | | | | | | | | | | | | १० |
| नमुना फार्म | | ४ | | | | | ८ | | | | | | | | | | १२ |
| महिला स्वास्थ्य पै/वी संजाल | | | | | | | १ | | १ | | | | | | | | २ |
| विवाहित किशोर किशोरी समूह | | | | | | | १ | | ५ | | | | | | | | ६ |
| बाल संजाल | | | | | | | | | १६ | | | | | | | | १६ |
| महिला महासंघ | २३ | | ५ | ३ | १४ | | | | | | | | | | | | ४५ |
| महिला अधिकार महासंघ | १ | | १ | | | | | | | | | | | | | | २ |
| युवा समूह | २ | | ६ | | | | २ | | | | | | | | | | १० |
| युवा महिला समूह | ५ | | | | | | | | | | | | | | | | ५ |
| महिला मैत्रि स्थल | १ | | | | १ | | | | | | | | | | | | २ |
| दर्ता भएका महिला महासंघ | ११ | | | | ९ | | | | | | | | | | | | २० |
| फर्केर आएका आप्रवासी महिला श्रमिकहरुको संजाल | ६ | ४ | | | | | ४ | १ | | | | | | | | | १५ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला पैरवी संजाल | | | | | | | | | १ | | | | | | | | १ |
| नमुना गाँउ व्यवस्थापन समिति | | ५ | २ | १ | | | ३ | | १ | २ | १ | | | | | | १५ |
| किशोर किशोरी समूह | | | | | | | | | | | | ४ | ५ | | | | ९ |
| द्वन्द्व प्रभावित समूह | | | | | | | १ | ३ | २ | | | | | | | | ६ |
| कृषक समूह | | ३ | | | | | ४ | | | | | | | | | | ७ |
| महिला स्वास्थ्य संजाल | | | ५ | | | | ११ | | | | | | | | | | १६ |
| बाल समूह | | | | | | | २० | | | | | | | | | | २० |
| वडा स्तरीय महिला समुह | | | | | | | | | | | ३ | | | | | | ३ |
| लैगिंक हिसा नियन्त्रण संजाल | | | | | | | १ | | | | | | | | | | १ |
| युवा सूचना केन्द्र | | १ | | | | | | २ | | | | | | | | | ३ |
| अग्रणी संजाल | | १ | | | | | | १ | | | | | | | | | २ |
| धार्मिक अगुवाई समुह | | | | | | | | २ | | | | | | | | | २ |
| महिला मानव अधिकार रक्षकहरुको संजाल | | १ | | | | | | २ | | | | | | | | | ३ |
| प्रयोगशाला | | १ | | | | | | | | | | | | | | | १ |
| पुस्तकालय | | १ | | | | | | | | | | | | | | | १ |
| खरायो फार्म | | १ | | | | | | | | | | | | | | | १ |
| कुखुरा फार्म | | १ | | | | | | | | | | | | | | | १ |
| बाखा फार्म | | १ | | | | | | | | | | | | | | | १ |
| तरकारी फार्म | | २ | | | | | | | | | | | | | | | २ |
| छात्रावास | | १ | | | | | | | | | | | | | | | १ |
| तालिम कक्ष | | २ | | | | | | | | | | | | | | | २ |
| राष्ट्रिय सिप परिक्षण केन्द्र | | १ | | | | | | | | | | | | | | | १ |
| सहज संजाल | | १ | | | | | | | | | | | | | | | १ |
| महिलावादि श्रोत केन्द्र | | १ | | | | | | | | | | | | | | | १ |
| किशोरी छात्रावास | | १ | | | | | | | | | | | | | | | १ |
| कार्यालय भवन | | १ | | | | | | | | | | | | | | | १ |
| जम्मा | ३६० | ३४३ | १०३ | ५३ | १९६ | ७ | १४६ | ७६ | ७२ | ३० | १९ | २१ | २२ | १ | १ | १ | १४५१ |

## २. महिला हिंसाविरुद्धको अभियान

महिला भएकै कारण महिलामाथि हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । 'महिला विरुद्धको हिंसा सार्वजनिक वा नीजि जीवनमा लिङ्का आधारमा हुने हिंसाजन्य कार्य हो । जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ । यसअन्तर्गत त्यस्तो कार्य गर्ने धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज गर्ने कार्यसमेत पर्दछ ।[१]

महिला भएकै कारण हुने विभेदको परि णामस्वरूप महिलामाथि हुने हिंसाले निरन्तरता पाएको छ । 'संरचनात्मक असमानताबाट सिर्जित भेदभावको अन्तरनिहित कारणका' सम्बोधनविना महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छैन । यसका लागि राज्यले 'महिलाले आफ्नो स्वपहिचानका' साथ जीवनयापन गर्न पाउने अधिकारको सुनिश्चित हुने वातावरण सिर्जना गर्नु र समुदायतहदेखि व्यक्तिको सोच र व्यवहार रूपान्तरित गर्नुका साथै अहिलेसम्मको स्थापित संरचनाबाट प्रभावित व्यक्तिहरूको न्यायमा पहुँच पुग्ने वातावरण निर्माण गर्न आवश्यक छ ।

महिला विरुद्धको हिंसाको अवस्थालाई विश्लेषण गर्दा महिला तथा किशोरीहरू घरभित्रै असुरक्षित भएको पाइन्छ । संस्थाले अभिलेखीकरण गरेको तथ्यांकअनुसार गत ७ वर्ष (२०७२ देखि २०७८ सम्म) मा ११२९२ जना महिलामाथि विभिन्न स्वरूपमा हिंसा भएको पाइएको छ ।

साथै यसवर्ष महिलामाथि हुने हिंसाको यथार्थता वर्ष पुस्तक अन्वेषीमा १ हजार ७ सय ७२ वटा घटना अभिलेख भएका छन् ।[२] यी घटनामध्ये सबैभन्दा बढी महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ । प्राप्त तथ्याङ्कका आधारमा यसवर्ष सबैभन्दा बढी ६३ प्रतिशत (१११६ जना) महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ र हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरू छन् । कुल १ हजार ११० घरेलु हिंसामध्ये ७७ प्रतिशत (८६० जना) महिला श्रीमान्बाट र २३ प्रतिशत (२५०) महिला घरपरिवारका सदस्यबाट हिंसामा परेका छन् । नेपाल प्रहरीमा आर्थिक वर्ष २०७७/७८ मा आएका उजुरीमध्ये सबैभन्दा धेरै घरेलु हिंसा कै रहेको छ । यस वर्ष १४ हजार २ सय ३२ वटा उजुरी प्रहरीमा आएका छन् । यो तथ्याङ्कले हिंसा सहन हुन्न भन्ने चेतना महिलामा बढेको देखिन्छ । तर घरभित्र भएका धेरैजसो हिंसाका घटना अझै पनि प्रहरीकहाँ पुग्न सकेका छैनन् । हिंसाको चरम अवस्थामा पुगेपछि मात्र प्रभावित प्रहरी कहाँ पुग्ने गरेको पाइन्छ । यसले महिला तथा किशोरीहरू घरभित्रै असुरक्षित रहेको कुरा पुष्टि गर्दछ ।

साथै महिला तथा किशोरीहरूका लागि सार्वजनिक स्थल पनि सुरक्षित नरहेको र विभिन्न किसिमका हिंसाको सामना गर्नुपरेको तथ्य ओरेकले गरेको एक अध्ययनबाट पुष्टि हुन्छ । उक्त अध्ययनमा ३२१ जनालाई समेटिएको थियो । उनीहरूमध्ये ४० प्रतिशत (१२७ जना) ले सार्वजनिक यातायातमा आफूमाथि हिंसा भएको प्रतिक्रिया दिएका छन् । यसैगरी १० प्रतिशत (३१ जना) ले बाटोमा, नौ प्रतिशत (३० जना) ले शैक्षिक संस्थामा, सात प्रतिशत (२१ जना) ले भीडभाडमा, छ प्रतिशत (२० जना) ले एकान्त ठाउँमा आफूमाथि दुर्व्यवहार भएको बताए । साथै पाँच प्रतिशत (१५ जना) ले बजार वा अन्य सार्वजनिक स्थलमा, चार प्रतिशत (१२ जना) ले स्वास्थ्य संस्थामा, तीन/तीन प्रतिशत (१० र ९ जना) ले वित्तीय संस्था र होटेल, पब, डान्सबारमा, दुई प्रतिशत (५ जना) ले कार्यस्थलमा साथै ११ प्रतिशत (३६ जना) ले खेलमैदान, पार्क, पसलमा हिंसामा परेको बताएका छन् ।

नेपालमा राष्ट्रिय महिला आयोगका अनुसार पहिलो बन्दाबन्दी सुरु हुनु अघिको दुई महिना (२०७६ मंसिर देखि

[१] *First_Lockdown_Report_(_Chaitra,_2076-Baisakha_2077) NWC*

[२] *२०७६ चैत्र ११ देखि २०७७ श्रावण ६ सम्म*

२०७६ चैत्रसम्म) को अवधि र बन्दाबन्दीपछिको दुई महिना (११ चैत २०७६ देखि १० जेठ २०७७ सम्म) को अवधिमा महिलामाथि हुने हिंसामा ११ प्रतिशतले वृद्धि भयो । यस्तै ओरेकले अभिलेख गरेका घटनाअनुसार पनि बन्दाबन्दीको समयमा कूल १०४२ जना महिलामाथि विभिन्न स्वरूपमा हिंसा भएको पाइयो । यीमध्ये ५४ प्रतिशत घरेलु हिंसा थिए । यी घटनाहरू बन्दाबन्दीको समयमा न्यायिक निकाय र सेवा प्रदायक संस्थाहरू बन्द भएका अथवा खुले पनि उनीहरूसम्म पहुँच हुन नसकेको बेलाका हुन् तर, यस्तो अवस्थामा समेत केही महिलाले आफूमाथि भएको हिंसाविरुद्ध आवाज उठाई बाहिर आउँदा रिपोर्टिङ भएका मात्र हुन् ।

समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा व्यवहारिक परिवर्तन नहुँदासम्म लैङ्गिक समानता कायम हुन सक्दैन । महिलाको शरीरलाई सम्पत्ति, साधन र उपभोग्य वस्तुको रूपमा हेर्ने सामाजिक सोच तथा व्यवहारका कारण महिलाको पहिचान र आत्मसम्मानलाई नीति, कानून तथा व्यवहारले स्वीकार गर्न सकेको छैन । यद्यपि नेपालको संवैधानिक व्यवस्थाले महिला अधिकार एवं लैङ्गिक समानतालाई अगाडि बढाउनका लागि सामाजिक न्यायका सिद्धान्तलाई प्रगतिशील रूपमा अपनाएको छ। सन् २०३० सम्ममा लैङ्गिक समानता, सामाजिक न्यायलाई केन्द्रमा राख्दै संसारबाट गरिबी हटाउने अभिप्रायका साथ दिगो विकास लक्ष्य तयार गरी आत्मसात गरिएको छ। लैङ्गिक समानतालाई विकास र समृद्धिका सवालका रूपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धिको स्थापना हुन नसक्ने तथ्यलाई विश्वले आत्मसात गरिसकेको छ। तर लामो समयदेखि स्थापित संरचनागत विभेद र यसले निर्माण गरको असमानताका खाडलहरूका कारण महिलाले विभिन्न विभेद र हिंसाको सामना गर्नुपरेको छ। महिलामाथि हुने सबै प्रकारको विभेद र हिंसालाई सरकारले अपराधका रूपमा घोषणा गरी प्रभावितको न्याय, क्षतिपूर्तिको व्यवस्था र पीडकलाई कारबाहीको व्यवस्था गरेको छ। यसअघि सरकारले एसिडजन्य अपराध विरुद्धको कानून, बलात्कारका घटनामा सजाय बढाउने, मिलापत्र गराउनेलाई कानूनको दायरामा ल्याउने गरी अध्यादेश ल्याएकोमा उक्त अध्यादेश सरकार परिवर्तनसँगै खारेज भएको छ । साथै भएका कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाले थप पीडा र चुनौतीको सामना गर्नुपरेको छ ।

यसवर्ष संस्थाले कोभिडको महामारी र यस अवस्थामा लैङ्गिक हिंसाका घटनाहरूमा आएको बढोत्तरीलाई सम्बोधन गर्न मनोविमर्श सेवा, आइसोलेसनसहित अल्पकालीन सुरक्षा बासको व्यवस्था, क्वारेन्टिन सेल्टरको स्थापना तथा कोभिडको महामारीको अवस्थामा पनि लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि ध्यानाकर्षण, पैरवी तथा मापदण्ड तथा निर्देशिकाहरू निर्माणका लागि सहजीकरण गरेको छ ।


### महिला हिंसा विरुद्धको अभियानको उद्देश्यहरू:

- ✓ लैङ्गिक संवेदनशीलता र सामाजिक समावेशीकरणका लागि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि पहल र सहजीकरण गर्ने ।

- ✓ हिंसा प्रभावित महिलाहरूको सामाजिक न्यायको निम्ति प्रभावित केन्द्रित दृष्टिकोणबाट स्रोतमा पहूँच वृद्धि गर्ने वातावरण तयार गर्ने ।

- ✓ विभेदपूर्ण सामाजिक मूल्य-मान्यताविरुद्ध सामाजिक रूपान्तरणका लागि अभियान सञ्चालन गर्ने ।

### अभियानका मुख्य गतिविधिहरू:




### महिला हिंसा विरुद्धको अभियानलाई सहयोग गर्ने कार्यक्रमहरू :

| |
|---|
| प्रभावितदेखि परिवर्तनका संवाहकसम्म कार्यक्रम |
| महिलामाथि हुने हिंसा अन्त्यका लागि र यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चितताका लागि समुदायमा आधारित कार्यहरू |
| लैङ्गिक विभेदमा आधारित हिंसा रोकथाम र प्रतिकार्य कार्यक्रम |
| नेपालका मानव अधिकार रक्षकहरूका लागि समष्टिगत सुरक्षा तालिम परियोजना |
| कोभिडको अवस्थामा लैङ्गिक हिंसाको सम्बोधन कार्यक्रम |
| मानवीय सहायता कार्यक्रम |
| अब मेरो पालो चरण ३ |
| सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाको सम्बोधन कार्यक्रम |
| चासोका व्यक्तिहरूसँग यौनजन्य तथा लैङ्गिक हिंसा रोकथाम र सम्बोधन |

# महिला हिंसा विरुद्धको अभियानअन्तर्गत सम्पन्न भएका मुख्य क्रियाकलापहरू

## २.१ नीतिगत पैरवी :

कोभिड महामारीको अवस्थामा भएका लैङ्गिक विभेदमा आधारित हिंसालाई सम्बोधन गर्नका लागि संस्थाले थप ३ वटा निर्देशिका निर्माण गरी उक्त निर्देशिकालाई मनोसामाजिक उपसमूह तथा संरक्षण विषयगत क्षेत्रलगायत सम्बन्धित सरोकारवालाहरूसँग साझा गरी कार्यान्वययनका लागि पैरवी गरिएको छ । यस अवधिमा तयार भएका मोड्युलहरूमा लैङ्गिक हिंसा प्रभावित महिलाहरूलाई प्राथमिक मनोसामाजिक सहयोग कसरी दिने भन्ने सम्बन्धमा प्राथमिक मनोवैज्ञानिक सहयोग सहयोगी पुस्तिका, कोभिड महामारीको अवस्थामा लैङ्गिक हिंसाका घटनालाई सम्बोधन गर्न प्रहरीको भूमिका प्रभावकारी बनाउन गरिएको नीति विश्लेषण पत्र, विपद तथा महामारीको अवस्थाका लागि लैङ्गिक विभेदमा आधारित हिंसासम्बन्धी निर्देशिकाको मस्यौदा रहेका छन् ।

महिला विरुद्धको हिंसालाई स्थानीयस्तरदेखि उठान गर्दै महिला जनप्रतिनिधिहरूसँग योजना तर्जुमा प्रक्रिया र पालिकाको योजनामा सार्वजनिक स्थलका सवालहरू पनि सम्बोधन हुने खालको कार्यक्रमहरू समावेश गर्नका लागि भर्चुअल कार्यशाला दाङ, मोरङ तथा उदयपुर जिल्लामा सम्पन्न भएका छन् । सार्वजनिक स्थलमा हुने हिंसालाई बेग्लै तरिकाले बर्गीकरण गरिनुपर्छ र यससँग सम्बन्धित नीतिहरूको प्रभावकारिताको बारेमा अध्ययन गरी कार्यान्वयनका लागि पहल गरिएको छ। साथै कोभिडको अवस्थामा भएका महिला तथा किशोरीमाथिका घटनाहरूलाई लक्षित गरी पाक्षिक रूपमा ५ वटा प्रेस विज्ञप्ति तथा ध्यानाकर्षण पत्र तयार गरी सार्वजनीकरण गर्नुका साथै सरोकारवालाहरूलाई ध्यानाकर्षण गरिएको छ ।

नेपालमा कम उमेरमा हुने विवाह तथा बालविवाहको सवाललाई केस स्टडी मार्फत अनुसन्धानात्मक प्रतिवेदन तयार गरी क्षेत्रीयस्तरदेखि सीड तथा सीआरसी समिति तथा सीएसडब्लू फोरममा समेत नेपालको अवस्था र ओरेकले यसलाई कसरी अघि बढाएको छ भन्ने बारेमा प्रस्तुतीकरण गरिएको छ। जसबाट नेपालमा बालविवाहको अवस्था, कानूनी व्यवस्थाहरू तथा ओरेकको रणनीति पेश भई संस्थाको पहिचानलाई बढाउने काम भएको छ । त्यसैगरी विभिन्न कार्यक्रमहरूमा बालविवाह सम्बोधनका लगि ओरेकले तयार गरेको कार्यपत्र प्रस्तुत गरिएको छ । जसमा बालविवाहको सम्बोधन गर्दा बालबालिकाको अधिकारलाई केन्द्रमा राख्न र बालविवाह हुनुका कारण सम्बोधनमा जोड दिन पहल गरिएको छ । बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ को योजना निर्माण र कार्यान्वयन हुन नसक्नु,  बालविवाहको निरपेक्ष अपराधीकरणले बालविवाह अन्त्य गर्नुभन्दा बढी समाजमा रहेको असमान शक्ति सम्बन्धलाई झन मलजल गरेको कारण राज्यले बालविवाह अन्त्य गर्न उपयुक्त रोकथामका उपायहरू विकास गर्नुपर्ने र बालविवाहसम्बन्धी फौजदारी कानूनको समीक्षा गर्नुपर्ने संस्थाको अडान रहेको छ । किशोरी अधिकार मञ्चलगायतका किशोरी समूह तथा सन्जालको नेतृत्वमा बालविवाहसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयनका लागि दबाबस्वरूप ४० वटा कार्यक्रम सम्पन्न भएको छ ।

यस अवधिमा पाँचवटा जिल्लाका सातवटा पाालिकाको लैङ्गिक नीति पास भई प्रभावकारी कार्यान्वयनका लागि संस्थाले पैरवी गरिरहेको छ । जसमध्ये सिराहाको (विष्णुपुर), उदयपुरको बेलका सुनसरीको बराहक्षेत्र तथा कोशी, कैलालीको कैलारी, गौरीगंगा, भजनीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति पारित भई नीतिअनुसारको योजना तयार गरी बजेट विनियोजन भएको छ । उदयपुरको लिङचुङबुङ तथा, त्रियुगा, दाङको तुल्सीपुर, दङ्गीशरण, मोरङको कानेपोखरी र लेटाङ, धनुषामा मिथिला तथा लक्ष्मी मियामा लैङ्गिक नीति निर्माणका लागि पालिकास्तरीय बैठक बसी मस्यौदा तयार गर्न सहजीकरण गरिएको छ ।

लैङ्गिक हिंसा राहत कोष सञ्चालन कार्यविधि निर्माणका लागि पैरवी, सहजीकरण र कोष सञ्चालन समितिमा सदस्यको रूपमा रही कार्य गर्दै आइरहेको छ। लैङ्गिक उत्तरदायि बजेटका लागि स्थानीय पालिकाहरूसँग पैरवी, अर्न्तक्रिया,

छलफल कार्यक्रम सम्पन्न भएका छन् । जसबाट महिला सशक्तीकरणका लागि बजेट विनियोजन गर्न कार्यक्रम सञ्चालन भएका पालिकाहरूले प्रतिबद्धता जनाएका छन् ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को विशेषगरी मनोविमर्श सेवालाई अत्यावश्यकीय सेवाका रूपमा लिई कार्यान्वयन गर्नका लागि पैरवी गरिएको छ ।

साथै लैङ्गिक विभेदमा आधारित हिंसाका क्षेत्रमा प्रत्यक्ष रूपमा सेवा प्रवाह गरिरहेका सेवा प्रदायकहरूलाई अधिकार मुखी अवधारणा, आधारभूत मानवीय सिद्धान्त, सुरक्षित सम्प्रेषण, मनोसामाजिक सहयोग र लैङ्गिक हिंसाका घटना व्यवस्थापनसम्बन्धी प्रशिक्षण निर्देशिकामा प्रभावित केन्द्रित अवधारणा निर्माणमा सहजीकरण गरिएको छ ।




*संस्थाको संलग्नतामा तयार भएको तालिम निर्देशिकाको आवरण चित्र*

## २.२ क्षमता अभिवृद्धिमा सहजीकरण :

### २.२.१ न्यायिक समितिहरूलाई कानूनी प्रावधान र न्याय सुनिश्चित गर्नका लागि न्यायिक समितिको भूमिकासम्बन्धी तीन दिने तालिम

लैङ्गिक समानता, सामाजिक न्यायको विषयमा अवधारणागत स्पष्टता ल्याउने, र स्थानीयतहदेखि नै लैङ्गिक समानता सुनिश्चित हुने वातावरण तयार गर्नका लागि न्यायिक समितिको सुदृढीकरणमा सहजीकरण गर्ने प्रमुख उद्देश्यका साथ सुनसरी, मोरङ, उदयपुर, धनुषा, सिराहा, दाङ, कैलाली, रुकुम लगायतका जिल्लामा स्थानीय पालिकाहरूसँगको समन्वयमा तीन दिने तालिमको आयोजना गरिएको थियो ।

तालिममा, लैङ्गिक समानता, सामाजिक न्याय, मानव अधिकारमुखि अवधारणा, मुलुकी फौजदारी तथा अपराध संहिताका मुख्य व्यवस्थाहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनी व्यवस्थाका बारेमा प्रशिक्षण गरिएको थियो । तालिममा ८ जिल्लाका २३१ जना न्यायिक समितिका सदस्यको सहभागिता थियो ।

### २.२.२ लैङ्गिक समानताका लागि सञ्चारकर्मीको भूमिका : लैङ्गिक संवेदनशील रिपोर्टिङ्गसम्बन्धी तीन दिने भर्चुअल तालिम

लैङ्गिक समानताको विषयमा सचेतीकरणका लागि सञ्चारमाध्यमले प्रमुख भूमिका निर्वाह गर्दछ। यद्यपि सञ्चारकर्मीहरूमा लैङ्गिक संवेदनशील समाचार सङ्कलन र लेखनप्रति ज्ञानको अभाव कारण सञ्चार माध्यमले निर्वाह गर्ने भूमिका पूर्ण हुन सकेको छैन । यसै सन्दर्भमा लैङ्गिक संवेदनशीलता, लैङ्गिक संवेदनशील रिपोर्टिङ र लैङ्गिक समानता र मानव अधिकारको प्रवर्द्धनमा सञ्चार माध्यमले खेल्न सक्ने भूमिकाको विषयमा अवधारणागत स्पष्टता ल्याउने उद्देश्यका साथ ओरेकले कार्यरत क्षेत्रका संचारकर्मीको उपस्थितिमा तीन दिने लैङ्गिक संवेदनशील रिपोर्टिङसम्बन्धी तालिमको आयोजना गरेको थियो । तालिममा २६ जना सञ्चारकर्मीको सहभागिता थियो ।

### २.२.३ सुरक्षित आवास र महिला स्वास्थ्य परामर्श केन्द्रको महत्व र सुरक्षित आवास तथा महिलामैत्री स्वास्थ्य सेवाका लागि पालिकास्तरमा बजेट विनियोजनका लागि पैरवी

क्षमता अभिवृद्धिअन्तर्गत महिलामाथि हुने हिंसाविरुद्ध संयुक्त रूपमा पैरवी गर्न महिला मानव अधिकार रक्षक सन्जाल र महिला मानव अधिकार रक्षक अभियानसम्बन्धी धारणागत स्पष्टतामाथि एक दिने छलफल कार्यक्रम संस्थाका १९ जिल्लामै दुई पटक सम्पन्न भयो भने उक्त कार्यक्रममा ३६० जना अभियानकर्ताहरूको सहभागिता रहेको थियो । यसैगरी द्वन्द्व प्रभावित, अग्रणी सन्जाल र सरोकारवाला निकायसँग लैङ्गिक हिंसाको अवस्था र यसलाई न्युनीकरण गर्नका लागि सरोकारवालाको भूमिका विषयक एक दिने कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । जसमा ९६ जनाको सहभागिता रहेको थियो । साथै सचेतनामूलक कार्यक्रम अन्तर्गतका अभिमुखीकरणको क्रममा दिगो विकास लक्ष्य प्राप्तिका लागि महिला सामुदायिक संस्थाको दिगोपनाका लागि अन्तरपुस्ता संवाद पाँचवटा सम्पन्न गरिएको छ । जसमा ९४ जनाको सहभागिता रहेको थियो ।

यसै अवधिमा क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरू विशेष गरेर समुदायका महिला, युवा, विपन्न वर्ग कृषक, र समुदायमा पछाडि पारिएका समुदायहहरूलाई लक्षित गरी २०७ वटा कार्यक्रम सम्पन्न गरिएको छ। सो कार्यक्रममा ३२८९ जना महिला, ५२२ जना पुरुषको र एक जना यौनिक तथा लैङ्गिक अल्पसंख्यकको सहभागिता रहेको थियो । सम्पन्न कर्यक्रमहरूमा स्थानीय तहको योजना निर्माण प्रक्रियाका चरणहरूसम्बन्धी महिला सामुदायीक संस्थाका पदाधिकारीहरूलाई तालीम, सामुदायिक संस्था र न्यायिक समितिबीच हिंसा प्रभावित महिलाहरूको अवस्था र लैङ्गिक हिंसा निवारण कोषको अवस्थाबारे संवाद कार्यक्रम, न्यायिक समिति, प्रहरी र पत्रकारहरूसँग हिंसा प्रभावित महिलाहरूको अवस्था, न्याय सम्पादनमा आएका चुनौती विषयक अन्तरक्रिया, महिला वडा सदस्य, सामुदायिक महिला समूह, महिला मानव अधिकार रक्षक सन्जाल र अगुवा महिलाहरूलाई देवानी संहिता र फौजदारी संहितासम्बन्धी तीन दिने तालिमका साथ ESCR र CEDAW को रिकमेन्डेसनबारे जानकारी मुख्य रहेका छन् ।

### २.२.४ घुम्ती गोष्ठी

समुदायमा आधारित संघ संस्था, महिला समूह, किशोरकिशोरी समूह, पैरवी नेटवर्क, महिला स्वास्थ्य नेटवर्क आदि समूहहरूका सदस्यहरूलाई विभिन्न विषयमा उनीहरूकै पायक पर्ने स्थानमा सचेतीकरण गर्ने उद्देश्यले संस्थाले घुम्ती गोष्ठी सञ्चालन गर्दै आइरहेको छ । यो वर्ष मोरङ, उदयपुर, दाङ, कैलाली, धनुषा, सिराहा जिल्लामा गरी ८५ वटा घुम्ती गोष्ठी सञ्चालन भएको छ। जसअन्तर्गत २०१६ महिला र ५७ पुरुष सहभागीहरूले महिला हिंसा, लैङ्गिक समानता, हानिकारक परम्परागत अभ्यास, यौन तथा प्रजनन स्वास्थ्य, बालविवाह, आदि विषयहरूमा जानकारी प्राप्त गरेका थिए ।

### २.२.५ महिला समूह सन्जाल, WHRD को गठन र पुनर्गठन

महिला समूह सन्जाल, WHRD को नेतृत्वमा संस्थाले महिला हिंसाको अभियान सञ्चालन गरिरहेको छ। यी समूहहरूको कार्यकाल आआफ्नो विधानमा तोकिएबमोजिम हुने भएकाले समय-समयमा गठन र पुनर्गठन भइरहेको हुन्छ र जसलाई संस्थाले सहजीकरण गर्दै आइरहेको छ। यो वर्षमा ३८ वटा महिला समूह सन्जाल, WHRD को गठन र पुनर्गठन भएको छ।

२.२.६ अधिकारमुखी अवधारणा र प्रभावित केन्द्रित दृष्टिकोण तथा आधारभूत मानवीय सिद्धान्त र सुरक्षित सम्प्रेषण विषयमा अभिमुखीकरण तथा तालिम :

जिल्लास्तरदेखि, प्रदेश र संघीय स्तरका अग्र पंक्तिमा रही सेवा प्रदान गर्ने व्यक्तिहरूलाई विपद् तथा महामारीको अवस्थामा पनि अधिकारमुखी अवधारणा र प्रभावित केन्द्रित दृष्टिकोणबाट सेवा प्रवाह गर्ने सवालमा क्षमता अभिवृद्धिमा सहजीकरण (प्रदेश नं १, २, ५, ६ र ७ , काठमाडौं) नयाँ जिल्ला सप्तरी र प्यूठान, मेलम्ची, हेलम्बु गरी ३३० जना महिला २६५ पुरुष ५५ र यौनिक तथा लैङ्गिक अल्पसंख्यक १० जनालाई उल्लिखित विषयमा क्षमता अभिवृद्धिमा सहजीकरण गरिएको छ ।




### २.२.७ स्थानीय सरकारसगँको समन्वय र सहकार्य

स्थानीय सरकारले ओरेकसँग सहकार्य गर्दै विभिन्न शीर्षकमा आर्थिक योगदानहरू गरेको थियो। जसमध्ये उदयपुरको बेलका नगरपालिकाले हिंसा प्रभावितहरूका लागि पुँजी सहयोग अन्तर्गत रु. २०००००/- र त्रियुगा नगरपालिकाले सुरक्षित आवास सञ्चालनका लागि रु. ४८९५४५/- को सहयोग गरेको छ। यसैगरी सुनसरीको बराहक्षेत्र नगरपालिकाले रु. २५७७८६/- सहयोग गरी सुरक्षित आभास सञ्चालनमा सहयोग पु¥याएको छ । यसैगरी मोरङको हकमा आर्थिक वर्ष २०७८/७९ मा ओरेक नेपालसँग साझेदारी कार्यक्रमअर्न्तगत लेटाङ न.पा. मा रु. ५०००००/- र कानेपोखरी गा.पा. रु. ७०००००/- बजेट बिनियोजन गरी पालिकाको रेडबुकमा समावेस गरिएको छ भने लेटाङ न.पा. मा मनोविमर्श केन्द्र स्थापना गरी मनोविमर्शकर्तालाई पालिकाबाट बजेट विनियोजन गरी कर्मचारीमा नियुक्ती गरेको छ। साथै ओरेकसँगको सहकार्यमा हिंसा प्रभावितहरूलाई विभिन्न शीर्षकमा सहयोग गरी उनीहरूको स्थितिमा


सुधार ल्याउने प्रयासअन्तर्गत कानेपोखरी गा.पा. बाट रु. ४,३२,४१४/-, सुन्दरहरैचा न.पा. बाट रु. २,७६०,२४/- , केराबारी गा.पा. बाट रु. ३८,१२९/- र लेटाङ न.पा. बाट रु. २५५,६६६/- प्राप्त भएको छ। कैलाली जिल्लामा स्थानीय निकायसँग समन्वय र सहकार्यमा यस आर्थिक वर्षमा विभिन्न शीर्षकमा बजेट विनियोजन भएको थियो। गौरीगंगा नगरपालिकामा सुरक्षा आवास सञ्चालनका लागि रु. २००००० (अक्षरूपी दुई लाख रुपैयाँ मात्र) मध्ये ५००० (अक्षरुपी पाँच हजार मात्र) ओरेकको खातामा जम्मा भएको र १५०००० (अक्षरुपी एक लाख पचास हजार मात्र) बराबरको सामान खरिद गरी सुरक्षा आवासमा हस्तान्तरण गरेको। हालसम्म गौरीगंगा नगरपालिका घर भाडा र खाना खर्च स्वयम पालिकाले घरबेटीसँग सम्झौता गरी तिरिरहेको छ र गौरीगंगा नगरपालिका वडा नं. ११ ले मनोविमर्श केन्द्र सञ्चालनका लागि कोठा उपलब्ध गराएको छ। त्यसैगरी कैलारी गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक न्याय विषयक तीन दिने तालिमको लागि १५०००० (अक्षरुपी एक लाख पचास हजार मात्र) बजेट सहयोग गरेको छ। एकिकृत स्वास्थ्य मेलाका लागि १५०००० (अक्षरुपी एक लाख पचास हजार मात्र) बराबरको औषधी र अन्य आवश्यक सामाग्री खरिद गरी सहयोग गरेको थियो। यसैगरी २५ जना हिंसा प्रभावितहरूलाई कानूनी सहयोगका लागि भनेर १३०००० (अक्षरुपी एक लाख तीस हजार मात्र) नगद हस्तान्तरण गरेको छ। स्थानीय निकायसँगको सहकार्यमा धनुषा जिल्लाअन्तर्गत लक्षण गाउँपालिकामा रु. २५००० को सहयोग सुरक्षित आवास सञ्चालन गर्नका लागि प्रदान गरिएको थियो।

## २.२.८ लैङ्गिक संवेदनशील सेवा प्रवाहसम्बन्धी भर्चुअल तालिम :

न्यायिक समिति, जनप्रतिनिधिहरू, तथा सेवा प्रदायकहरूलाई लैङ्गिक संवेदनशील सेवा प्रवाहका लागि तीन दिने तालिम (कैलाली, सुनसरी, उदयपुर, धनुषा, दैलेख, जुम्ला, सुर्खेत) १६७ जनालाई प्रदान गरिएको छ भने तालिम पश्चात लैङ्गिक हिंसा प्रभावितलाई संवेदनशील भई सेवा प्रवाह गर्ने प्रतिवद्धता सहभागीहरूले जनाएका छन्।

## २.२.९ लैङ्गिक हिंसाका घटना व्यवस्थापन तालिम :

संस्थाले एक बर्षको अवधिमा ५० जना (महिला प्रदेश नं २ का अग्रपंक्तिमा रही लैङ्गिक हिंसा प्रभावितहरूलाई सेवा प्रवाह गर्ने सरोकारवाला तथा सेवा प्रदायकहरूलाई लैङ्गिक हिंसा विषयगत उपसमूहले तयार गरेको मोड्युलमा आधारित भई तालिम प्रदान गरेको छ। तालिमपश्चात् सेवा प्रदायकहरूबीच एक-आपसमा समन्वय वृद्धि भई बहुपक्षीय सेवाहरूलाई समन्वयात्मक रूपमा अघि बढाउन सफल भएका छन् ।




### घटना व्यवस्थापन तालिम, प्रदेश २

अभिमुखीकरण कार्यक्रमअन्तर्गत लैङ्गिकता, महिलामाथि हुने हिंसा र महिला अधिकार र लैङ्गिक समानता सम्बन्धी अधिमुखीकरण, घरेलु हिंसा कसुर तथा सजाय ऐन, २०६६ को बारेमा अभिमुखीकरण कार्यक्रम, किशोरकिशोरी समूहका लागि साइबर क्राइम र यसको कानूनी प्रावधानबारे अभिमुखीकरण कार्यक्रम, समुदायका पुरुषहरूलाई परम्परागत लैङ्गिक भूमिका र हानिकारक परम्परागत सोच, लैङ्गिक हिंसाविरुद्ध पुरुषको भूमिका विषयमा उत्प्रेरणात्मक अभिमुखीकरण तथा महिला समूह तथा किशोरी समूहहरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनसम्बन्धी अभिमुखीकरण जस्ता कार्यक्रम गरी जम्मा ३०५ वोटा कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रमहरूमा ८०८७ जना महिला, १४८१ पुरुष र १३ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यकको सक्रिय सहभागिता रहेको थियो। साथै महिलामाथि हिंसा हुँदा न्यायिक प्रक्रियामा जान कुन कुन निकायमा जाने भन्नेबारे जानकारीलगायत हिंसा प्रभावितका लागि पुर्‍याउनुपर्ने सहयोगका बारेमा थप जानकारी पाएको र पुरुषहरूले लैङ्गिक हिंसा न्युनीकरणमा पुरुषको भूमिका

महसुस गरी यस कार्यमा अघि बढ्ने प्रतिबद्धता यिनै कार्यक्रमहरूबाट प्राप्त भएको थियो ।

### २.२.१० लैङ्गिक समानता नीति तथा रणनीतिहरूको निर्माण तथा कार्यान्वनका लागि स्थानीय सरोकारवालाहरूसँग अन्तरक्रियात्मक कार्यशाला

र्हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच अभिवृद्धि र लैङ्गिकमैत्री प्रावधानहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ संस्थाको कार्यक्षेत्रभित्रका ८ वटा जिल्लाहरू, प्रदेश तथा स्थानीय तहको विषयगत दक्षता अभिवृद्धि गर्ने हिसाबले मोरङ, धनुषा, उदयपुर, सुनसरी, सिरहा, दाङ र कैलालीका १३ वटा पालिकाहरूमा लैङ्गिक समानता नीति निर्माण र कार्यान्वनका लागि रणनीति र कार्ययोजनाहरू निर्माण प्रभावकारी कार्यान्वयनका लागि २१ वटा कार्यक्रम सम्पन्न भएको छ । जसमा ६३४ जना स्थानीय सरोकारवालाहरूको उपस्थिति रहेको थियो । जसअन्तर्गत कार्यरत पालिकाहरूले महिलामैत्री स्वास्थ्य सेवा (बजेट विनियोजन, मनोसामाजिक परामर्शका लागि स्थान, गोपनियताको सुनिश्चितता, प्रजनन् स्वास्थ्यसम्बन्धी समस्याहरूको उपचारहरूका लागि विशेष प्रावधान) प्रदान गर्नका लागि निर्देशिका तयार गरेका छन् । यसैगरी समुदायमा आधारित सुरक्षा आवास स्थापनाका लागि विभिन्न पालिकाहरूमा पैरवी भएको छ भने यीमध्येबाट बराह क्षेत्र, कटारी, बेलका, नगरपालिकाहरूले सुरक्षा आवास सञ्चालन गर्न सुरुवात गरेका छन् । हिंसा प्रभावित महिलाहरूको परिपूरण र सामाजिक पुनरएकीककरणका लागि १७ वटा पालिकाहरूले रणनीति तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनका लागि अघि बढाएको छ । र यसका साथै आधारभूत सेवा (स्वास्थ, सुरक्षा आवास, रोजगारी, सामाजिक सुरक्षा) तथा न्यायिक संयन्त्रका क्षेत्रहरूमा महिलाको अधिकार सुनिश्चितताका लागि संयुक्त अनुगमन समितिहरू गठन गरी कार्य अघि बढेको छ ।

### २.२.११ किशोरी अधिकार मञ्च तथा अन्य सरोकारवालासँग समन्वयात्मक बैठक

किशोरीहरूको सवाल सम्बोधनमा सहजीकरण गर्न किशोरी अधिकार मञ्च र महिला तथा किशोरीको क्षेत्रमा कार्यरत विभिन्न सन्जाल र संघ संस्थाहरूबीच समन्वयात्मक बैठकहरू सञ्चालन गरिएको छ । किशोरी अधिकार मञ्च रूपन्देहीसँग अप्रिल १० र किशोरी अधिकार मञ्च कपिलवस्तुसँग अप्रिल १३ तारिखमा सञ्चालन भएको उक्त बैठकमा किशोरीहरूको विगतका अनुभव तथा भोगाइ र वर्तमान अवस्थाको बारेमा छलफल गरिएको थियो । प्रायः सबै किशोरीहरूले उनीहरूको जीवन निकै कष्टपूर्ण रहेको, शिक्षाबाट बञ्चित, हिंड्डुलमा बन्देज, बालविवाहका लागि परिवार र समाजबाट दबाब झेल्नुपर्ने, घरपरिवारमा मात्र सीमित हुनुपर्ने साथै समूहमा आफ्ना कुराहरू राख्न नसक्ने अवस्था रहेको व्यक्त गरेका थिए । त्यसैले आफ्नो सन्जाल मार्फत् किशोरी अधिकार सुनिश्चितताका लागि बृहत् सचेतनामूलक अभियान समुदायमा सञ्चालन गर्दै नीतिगत पैरवीका लागि वातावरण सिर्जना गर्नका लागि ओरेक लगायतका संघसंस्थाहरूको साथ र सहयोग आवश्यक रहेको किशोरी अधिकार मञ्चका पदाधिकारीहरूले व्यक्त गरेका थिए भने संघ-संस्थाहरूले पनि निरन्तर सहकार्य र समन्वयका लागि प्रतिबद्धता जनाएका छन् ।

### २.२.१२ किशोरीहरूको सवाल पहिचान तथा प्रथामिकीकरण विषयक कार्याशाला गोष्ठी

पितृसत्तात्मक सामाजिक व्यवस्थाले गर्दा किशोरीहरूको आफ्नो शरीर माथिको आफ्नो अधिकार सुनिश्चित हुन सकेको छैन । जसका कारण उनीहरू तमाम लैङ्गिक सवालहरूबाट गुज्रिरहनुपरेको छ । किशोरीहरूले संस्थागत र सामूहिक रूपमा संरचनात्मक विभेदविरुद्ध पैरवी गर्नका लागि उनीहरूको सवाल पहिचान गर्ने उद्देश्यका साथ सवाल पहिचान तथा प्राथमिकीकरणका लागि कार्याशाला गोष्ठी सञ्चालन गरेका छन् ।

उक्त कार्याशाला गोष्ठी रूपन्देहीमा १० अप्रिल र कपिलवस्तुमा १३ अप्रिलमा सम्पन्न भएको थियो जसमा रूपन्देहीबाट ८ जना र कपिलवस्तुबाट १८ जना गरी जम्मा २६ जना किशोरीहरू सहभागी भएका थिए । किशोरीहरूले बालविवाह, गतिशीलतामा नियन्त्रण, यौन दुर्व्यबहार र शिक्षाबाट वञ्चितीकरणलाई प्रमुख सवालको रूपमा पहिचान गरेका छन् ।

किशोरीहरूले पहिचान गरेका सवालहरू सम्बोधनका लागि धेरै भन्दा धेरै किशोरीहरूलाई संगठित गर्दै सचेतना र पैरवीका गतिविधिहरू सञ्चालन गर्ने प्रतिवद्धता जनाएका छन् ।

### २.२.१३ किशोरी अधिकार मञ्चको मासिक बैठक सम्पन्न

किशोरी अधिकार मंञ्चको तीनवटा मासिक बैठक यस आर्थिक वर्षको कार्यअवधिमा भर्चुयल र भौतिक उपस्थिति मार्फत् सम्पन्न भएका छन् । जसमा जम्मा ८० जनाको उपस्थिति रहेको थियो । यी बैठकहरूमा किशोरी अधिकार मञ्चका सदस्यहरूको व्यक्तिगत प्रोफाइल अभिलेखीकरण गर्ने, समूह गठन तथा पुनर्गठन गर्ने, मासिक कार्य योजना बनाई कार्य सम्पादन गर्ने, रणनीतिक योजना निर्माण गर्ने लगायतका एजेन्डाहरूमा छलफल र निर्णयहरू भए ।

प्रत्येक बैठकमा किशोरीहरूले अघिल्लो महिनाको कामको पुनरावलोकन गर्दछन् । जसमा स्थानीयस्तरमा काम गर्दै जाँदा आएका सवाल तथा मुद्दाहरूलाई आधार मान्दै अगामी महिनाको कार्य योजना बनाउने अभ्यास गरिन्छ । यो प्रक्रियामा किशोरीहरूले एक-अर्कामा ज्ञान, सीप आदान-प्रदान गर्दै आफ्नै क्षमता विकासको कार्य पनि सँगसँगै लैजाने गरेका छन् ।




*किशोरी अधिकार मञ्चको बैठक, रूपन्देही*


### २.२.१४ अभियानकर्ताहरूसँग समन्वय बैठक :

बालविवाह एक हानिकारक अभ्यास हो जसले किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई कुण्ठित गर्दै उनीहरूको समग्र विकासमा नै बाधा पुऱ्याउँदछ । सरकारले बालविवाह सम्बोधनका लागि विभिन्न कानून बनाए पनि कमजोर कार्यान्वयन र कार्यान्वयन भइहाले पनि विद्यमान कानून बालविवाह हुनुको मूल कारणलाई सम्बोधन गर्न पर्याप्त नभएका कारणले चुनौतीहरू धेरै नै छन् ।

यही सवालमा सम्बोधनका लागि उस्तै उद्देश्य बोकेका अभियानकर्ताहरूसँग समन्वय र सहकार्य गर्ने उद्देस्यसहित जुन महिनाको ३० तारिख २०२१ मा भएको थियो ।

बैठकमा धार्मिक नेता, नेपाल प्रहरी, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, गैरसरकारी महासंघ, प्रदेशका किशोरी सन्जाल सदस्य, महिला मानव अधिकार रक्षक, र बालिका तथा किशोरीको क्षेत्रमा काम गर्ने संघ-संस्थाहरूको प्रतिनिधि गरी ५२ जनाको सहभागिता थियो ।

कार्यक्रममा बोल्दै किशोरी अधिकार मञ्च कपिलवस्तुकी सदस्य गुलसभा बानुले कोभिड-१९ ले निम्त्याएको आर्थिक अनिश्चितताले गर्दा किशोरीहरूलाई बालविवाहतर्फ धकेल्ने गरेको बताइन् । 'मेरो साथी, जो किशोरी अधिकार मञ्चको सदस्य पनि थिइन्, उनका आमाबाबुले उनलाई लकडाउनको बेलामा स्कुल छोड्न मात्र होइन, १८ वर्षको उमेरमा विवाह गर्न पनि बाध्य पारे' बानुले भनिन् । अन्य सहभागी किशोरीहरूले विभिन्न निकायबीचको सीमित सहकार्य र जवाफदेही संयन्त्रको अभावले बालविवाह विरुद्धको कानूनको कार्यान्वयन कमजोर भएको बताए ।




त्यसैगरी बालविवाह सम्बोधनका लागि ओरेकको तर्फबाट पोजिसन पेपर पनि प्रस्तुत गरिएको थियो । जसमा बालविवाहको सम्बोधन गर्दा बालबालिकाको अधिकारलाई केन्द्रमा राख्न र बालविवाह हुनुका कारण सम्बोधमा जोड दिइएको छ । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ को योजना निर्माण र कार्यान्वयन हुन नसक्नु, बालविवाहको निरपेक्ष अपराधीकरणले बालविवाह

अन्त्य गर्नुभन्दा बढी समाजमा रहेको असमान शक्ति सम्बन्धलाई झन् मलजल गरेको कारण राज्यले बालविवाह अन्त्य गर्न उपयुक्त रोकथामका उपायहरू विकास गर्नुपर्ने र बालविवाहसम्बन्धी फौजदारी कानूनको समीक्षा गर्नुपर्ने निष्कर्ष बैठकले निकालेको थियो। यस कार्यका लागि आवश्यक समन्वय र सहकार्य वृद्धि गर्ने निष्कर्ष निकालिएको छ।

### २.२.१५ अन्तर्राष्ट्रिय महिनावारी सरसफाइ दिवस मे २८ को अवसरमा कविता वाचन कार्यक्रम

स्वास्थ्य तथा मर्यादित जीवनको अधिकार महिला तथ किशोरीहरूको आधारभूत मानव अधिकारको विषय हो। विभिन्न अन्तर्राष्ट्रिय कूनन तथा अभिसन्धिहरूले यस सवाललाई उल्लेख गरेका छन् भने नेपालको संविधनले कसैलाई पनि कुनै पनि आधारमा भेदभाव गर्न नपाउने कुराको सुनिश्चित गरेको छ। संविधानको धारा ३८ मा महिलाको अधिकार र यौन तथा प्रजनन् अधिकारलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। तथापि हाम्रो जस्तो पितृसत्तात्मक समाजमा महिला तथा किशोरीहरूको आफ्नै शरीरमाथि समेत नियन्त्रण नहुँदा शारीरिक, मानसिक तथा सामाजिक रूपमा मर्यादित जीवनको अधिकारबाट वञ्चित छन्।

अन्तर्राष्ट्रिय महिनावारी सरसफाइ दिवस मे २८ को अवसरमा महिला तथा किशोरी स्वास्थ्यको बारेमा कविता वाचन कार्यक्रमको आयोजना गरेको थियो। जसमा ११७ जनाको उपस्थिति रहेको थियो । महिला तथा किशोरीहरूको स्वास्थ्य अधिकारको प्रर्बद्धन गर्दै जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा किशोरी अधिकार मञ्चका दस जनाभन्दा बढी सदस्यहरू, युवा सञ्जालका सदस्यहरू, लेखकहरू, कवि, मानव अधिकारवादीहरू, स्थानीय तहका जनप्रतिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा किशोरी, विद्यार्थी, युवा, महिला अधिकारकर्मी, र लेखकहरूद्वारा महिलावादी दृष्टिकोणबाट साहित्यिक अभ्यासको आवश्यकताबारे चर्चा गरिएको थियो। साथै कार्यक्रम मार्फत् महिला तथा किशोरीको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको सवालप्रति साझा बुझाइ स्थापित गर्न मद्दत पुऱ्याएको छ।

### २.२.१६ नेतृत्व विकाससम्बन्धी तालिम

महिलाहरूको नेतृत्व सीप तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न समुदायमा गरी ५ वटा नेतृत्व विकाससम्बन्धी तालिम सम्पन्न गरिएको छ। तालिममा १२८ जना महिलाहरूको सहभागिता रहेको थियो। तालिम सहभागीहरूको स्तरअनुसार विभिन्न खेल, चित्र, भिडियो डकुमेन्ट्रीको माध्यमबाट सञ्चालन गरिएको थियो। तालिममा समूह, समूहको आवश्यकता र महत्व, नेतृत्व सीप, क्षमता, असल नेतृत्वमा हुनुपर्ने गुणहरू, नेतृत्व गर्दा वा व्यक्तिगत विकासका सिलसिलामा आइपर्ने समस्याहरू महिलावादी नेतृत्व सीप के हो, सामाजिक न्याय तथा सामाजिक समावेशीकरण आदि विषयवस्तुमा केन्द्रित भई छलफल गरिएको थियो।

### २.२.१७ विद्यालय शिक्षा कार्यक्रम

ओरेकले अभियानकै क्रममा विद्यालय शिक्षा कार्यक्रमलाई पनि निरन्तर रूपमा अगाडि बढाउँदै आइरहेको छ। यसै अवधिमा बिद्यालयभित्र पनि घट्न सक्ने हिंसात्मक कार्यलाई मध्यनजर गरी १४ वटा विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो। जसमा किशोर तथा किशोरीहरू गरी जम्मा ४२० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा विद्यार्थीहरूलाई, किशोरावस्थाका विशेषता, यस अवस्थामा जान्नैपर्ने कुराहरू यौन तथा प्रजनन् स्वास्थ्य, मानव बेचबिखन तथा ओसारपोसार, छिटो विवाह गर्दा देखिने समस्या, लैङ्गिक समानता, यौन हिंसा तथा दूर्व्यवहार तथा बलात्कारसम्बन्धी विषयमा जानकारी गराइएको थियो।

### २.२.१८ केसस्टडी तथा प्रतिवेदन लेखनसम्बन्धी तीन दिने तालिम

महिला पुनर्स्थापना केन्द्र ओरेकको आयोजनमा परियोजना कार्यालय रुकुम पश्चिमका कर्मचारीहरूलाई महिलावादी दृष्टिकोणबाट केसस्टडी तथा प्रतिवेदन लेखनमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिती २०७८।०२।९ गतेदेखि २०७८।०२। ११ गतेसम्म अनलाइनबाट केसस्टडी तथा प्रतिवेदन लेखनसम्बन्धी तीन दिने तालिम रुकुममा सम्पन्न गरिएको थियो। जसमा परियोजना कार्यालयका १० जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

### २.२.१९ स्थानीय अधिकारीहरूले द्वन्द्वको दौरान गरिएका यौन हिंसाहरू समाधान गर्न संयुक्त राष्ट्रसंघको प्रस्तावना १३२५ र १८२० मा गरिएका प्रावधानहरू अपनाउने गरी कम्तीमा पनि एउटा स्थानीय नीति वा योजना बनाउने सम्बन्धमा कार्यक्रम

मुसिकोट नगरपालिका, रुकुममा आफ्नो लैङ्गिक समानता नीति, २०६७ विकास भएको छ। यस नीतिले द्वन्द्वबाट प्रभावित महिला, किशोरी र पुरुषका विषयहरूलाई यसको प्रस्तावना (पृष्ठभूमि) मा यस स्थानको प्रमुख मुद्दाको रूपमा चिनाएको छ। त्यसपछि यसले प्रमुख ७ क्षेत्रमा रणनीति पनि विकास गरेको छ ।

- ✓ लैङ्गिक समानतासँग सम्बन्धित अन्य क्षेत्रगत योजना तथा नीतिहरूको विकास गर्ने, त्यसलाई तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने र त्यसपछि विघटित डाटा व्यवस्थापन प्रणाली तयार गर्ने
- ✓ गाउँपालिकाभित्रका सबै संस्थामा लैङ्गिक - उत्तरदायी सुशासन प्रणालीको अनुगमन गर्ने
- ✓ शिक्षामा समान पहुँच सुनिश्चित गर्ने र समावेशिता अभिवृद्धि गर्ने
- ✓ बालमैत्री, महिलामैत्री र अपाङ्गतामैत्री शैक्षिक पूर्वाधार, सामग्री तथा उपकरणको व्यवस्थालाई बढावा दिने
- ✓ द्वन्द्वबाट प्रभावित महिला तथा विशेष लक्षित समूहको क्षमता अभिवृद्धि र सशक्तीकरण गर्ने
- ✓ महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा तथा भेदभावलाई उत्तरदायी र सुधारात्मक उपायका माध्यमबाट निर्मूल गरी न्यायमा पहुँच अभिवृद्धि गर्ने

यी सबै रणनीतिहरू अपाङ्गता भएका महिला, एकल महिला, द्वन्द्वबाट प्रभावित महिला, जातीय आधारमा हुने भेदभाव, यौन तथा अन्य प्रकारका हिंसाबाट प्रभावित व्यक्तिजस्ता विशेष समूहमा केन्द्रित रहेर बनाइएको हो ।

### २.२.२० महिला समूह अनुगमन

ओरेक रुकुमद्वारा गठन गरिएका मुसिकोट नगरपालिका ८ र बाफीकोट गाउँपालिका वडा नं १ र २ का महिला समूहहरूलाई फोन तथा घरभेट गरी अनुगमन गरिएको थियो। जस्मा यस अवधिमा १४ वटा महिला समूहमा २३ जना महिलाहरूलाई भेटेर समूहको बारेमा जानकारी लिएको तथा दिएको थियो ।

### २.२.२१ द्वन्द्वमा यौन हिंसा उन्मूलन गर्नका लागि अन्तर र्ष्ट्रिय दिवसको अवसरमा द्वन्द्व प्रभावितको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम :

ओरेकको आयोजनामा मिति २०७८ असार ५ गतेका दिन यौन हिंसा उन्मूलन गर्नका लागी अन्तर्राष्ट्रिय दिवसको अवसरमा द्वन्द्व प्रभावितको महिलाहरूको अबस्था विषयक अन्तरक्रिया कार्यक्रम १० जिल्लाका सरोकारवालाहरूबीच सम्पन्न गरिएको थियो। कार्यक्रममा द्वन्द्वमा यौन हिंसा उन्मूलन गर्नका लागी अन्तर्राष्ट्रिय दिवसको पृष्ठभूमि तथा द्वन्द्वका बेला भएका यौनहिंसा प्रभावितको अवस्थाका बारेमा प्रस्तुत गरिएको थियो। द्वन्द्वको समयमा यौन हिंसा, सामूहिक बलत्कार खेपेका ५ वटा वास्तविक घटनालाई अडियो रेकड गरी प्रस्तुत गरिएको थियो। कार्यक्रममा उठेका सवालहरूको सम्बोधन सत्य निरूपण तथा मेलमिलाप आयोगका माननीय सदस्य विष्णु पोखरेलले गर्नुभएको थियो। कार्यक्रमको अन्तमा द्वन्द्व प्रभावितहरूको सन्जाल सहजद्वारा तयार गरिएको मागपत्रलाई पुःन सत्य निरूपण तथा मेलमिलाप आयोग समक्ष बैठक बसी प्रस्तुत गरिएको थियो भने आयोगले यस विषयलाई प्राथमिकताका साथ हेरिरहेको र सकेसम्म छिटो सम्बोधन गर्न पहल गर्ने प्रतिबद्धता जाहेर गरेको थियो ।

### २.२.२२ सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाको तथ्याङ्क विश्लेषण

लैङ्गिक विभेदमा आधारित हिंसाको अहिलेको वर्गीकरणले सार्वजनिक स्थलमा हुने लैङ्गिक विभेदमा आधारित हिंसालाई राज्यको संयन्त्र र संघ-संस्थाले वैज्ञानिक हिसाबले नसमेटिरहेको अवस्थामा ओरेकले पहिलोपटक सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाको सवाल केन्द्रित भई छुट्टै अभिलेखीकरण तथा विश्लेषण गर्न सुरु गरेको छ। आर्थिक वर्ष २०७७/७८ मा सार्वजनिकस्थलमा महिलामाथि भएका हिंसाका अभिलेखीकरण भएका घटनामध्ये सबैभन्दा धेरै बलात्कारका रहेका छन्। कुल ५४६ मध्ये ४१ प्रतिशत (२२२ वटा) घटना बलात्कारका रहेका छन्। त्यस्तै २० प्रतिशत (१११ जना) माथि सामाजिक हिंसा, ९ प्रतिशत (४८ जना) मानव बेचबिखन, ७ प्रतिशत (३७ जना) घरेलु हिंसा, ६ प्रतिशत (३५ जना) यौन हिंसा, ५-५ प्रतिशत (२९ र २७ जना) क्रमशः बलात्कारको प्रयास र हत्या, २ प्रतिशत

(९ जना) साइवर अपराध, ६ जना आत्महत्या, ३ जनाको हत्या प्रयास र ३ प्रतिशत

(१९ जना) महिलामाथि सार्वजनिकस्थलमा अन्य हिंसा भएको घटना यस अवधिमा अभिलेख गरिएको छ। तथ्याङ्कले सबैभन्दा धैरै हिंसा बाटोमा भएको देखाउँछ। त्यसैगरी विद्यालय र सेवा प्रदायक निकायहरूबाट पनि हिंसा भएको देखिन्छ। यी तथ्य र प्रभावितलाइ केन्द्रमा राखेर गरिने विश्लेषणले नीतिगत पैरवीका लागि पहल गर्दै सुरक्षित सार्वजनिक स्थल निर्माणका लागि महत्वपूर्ण भूमिका खेल्नेछ।

**सामुदायीक संस्थाहरूको सवलीकरणका लागि सहजीकरणः** ओरेकले नेपालको महिलावादी आन्दोलनलाई बृहत् र सशक्त बनाउनका लागि समूह, संस्थाहरूको सञ्जालीकरण र सबलीकरणलाई रणनीतिक तबरले अघि बढाइरहेको छ। ग्रामिणस्तरका सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन तथा नीतिगत पैरवीका गतिविधिहरू सामुदायिक संस्थाहरूकै नेतृत्वमा सञ्चालन भइरहेको छ। यसै सन्दर्भमा सार्वजनिकस्थलमा महिला तथा किशोरीहरूमाथि हुने हिंसा सम्बोधनअन्तर्गत समुदायस्तरका गतिविधिहरू सामुदायिक संस्थाहरूले नै ओरेकसँगको साझेदारीमा सञ्चलान गरिरहेका छन्।

ओरकले तीनवटा जिल्लाको साझेदार ९ वटै सामुदायिक संस्थाहरूको पञ्चवर्षीय रणनीतिक योजना निर्माणका लागि सहजीकरण गरेको छ। प्रत्येक सामुदायिक संस्थाबाट कार्यसमितिका सदस्यहरू, सक्रिय साधारण सदस्यहरू र किशोरी समूहबाट पनि प्रतिनिधित्व हुनेगरी करिब १५ जनाको सहभागिताको कार्यशालाबाट रणनीतिक योजना निर्माण भएको हो भने ९ वटा फरक-फरक कार्यशालामा करिब १८० जनाको सक्रिय सहभागिता रह्यो। यसबाट यी सामुदायिक संस्थाहरूले संस्थाको परिकल्पना, परिलक्ष्य, लक्ष, उद्देश्य र प्रत्येक उद्देश्य अन्तर्गतका कार्ययोजना पनि निर्माण गरेका छन्। विशेषगरी निरन्तर रूपमा अभियान सञ्चालनका लागि आफैंले कोषहरू खोज्न, महिलावादी ज्ञान तथा नेतृत्व पुस्तान्तरण, संस्थाका कार्यक्षेत्रहरू विस्तार, र महिलाहरूको आर्थिक र सामाजिक सशक्तीकरणका लागि विभिन्न रणनीतिहरू तय गरिएको छ। साथै संस्थाको आन्तरिक र बाहय अवस्थाको विश्लेषण गर्दै ५ वर्षमा सम्पन्न गरिने गतिविधिअनुसारको योजना बनाएर यसका लागि आवश्यक स्रोतहरू काहाँ कहाँबाट जुटाउने, कसरी पहल गर्ने र सोबाट प्राप्त हुने अपेक्षित उपलब्धिको आँकलन गरेको छ।

रणनीतिक योजनालाई आधार मानेर सामुदायिक संस्थाहरूले स्थानीयस्तरमा महिलावादी अभियानहरूलाई निरन्तरता दिइरहेको अवस्था छ।



*पथरी शनिश्चरे महिला फेडेरेसनको पञ्चवर्षीय रणनीति योजना निर्माण कार्यशाला, मोरङ*

## सामुदायिक संस्थाहरूको प्रोफाइल अध्यावधिकका लागि सहजीकरण

सामुदायिक संस्थाहरूले स्थानीय स्रोत-साधनमाथि महिलाहरूको पहुँच र नेतृत्व स्थापित गर्नका लागि वर्षौंदेखि संघर्ष गरिरहेका छन् । चाहे उनीहरूले सामूहिक फलफूल खेती गरेर सुरक्षा बास सञ्चालनका लागि आर्थिक सहयोग होस् वा अन्य कृषि व्यावसाय गरेर शिशु स्याहार केन्द्र सञ्चालन, महिलाको अधिकारका लागि संघर्षरत रहिरहे । त्यतिमात्र नभएर कतिले त तत्कालीन गा.वि.स. मा धर्ना बसेर महिलाको शीर्षकमा बजेट छुट्याउनसमेत सफल भए । जसको प्रभावले गर्दा राष्ट्रियस्तरमा नीतिगत रूपमै राज्यले लैङ्गिक उत्तरदायी बजेटको अवधारणा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्यो । तर आफूले गरेको त्याग र संघर्षबाट उत्पादन गरेको महिलावादी ज्ञानलाई दस्तावेजीकरण गरी ती संघर्ष र प्राप्त उपलब्धिहरूलाई जीवन्त बनाइराख्ने कार्य अपरिहार्य थियो । ज्ञान व्यवस्थापन र हस्तान्तरणको पक्षलाई महत्व दिँदै ओरेकले ९ वटा सामुदायिक संस्थाहरूको संघर्ष, प्राप्त उपलब्धि र संस्थाको आगामी कार्यदिशा झल्कने गरी आफ्नो संस्थागत प्रोफाइल अध्यावधिक गर्न सहजीकरण गरेको छ । यसले गर्दा सामुदायिक संस्थाहरूको कामको दस्तावेजीकरण भएको छ भने अन्य संघ-संस्थाहरूमाझ पनि संस्थाको लिखित परिचयमा प्रभावकारिता बढेको छ । त्यसैगरी नयाँ पुस्तामा पनि सामुदायिक संस्थाहरूले उत्पादन गरेका ज्ञानहरू हस्तान्तरण गर्न सहज हुने विश्वास संस्थाले गरेको छ ।

## सार्वजनिकस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा सम्बोधनका लागि अभिमुखीकरण:

ससामुदायिक संस्थाहरूको नेतृत्वमा दाङ, मोरङ र उदयपुर जिल्लामा जम्मा ८४ वटा महिला तथा किशोरीहरूको समूहमा सार्वजनिक स्थलमा महिला तथा किशोरीमाथि हुने हिंसा र अवस्थाबारे अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन भएका छन् । जसमा जम्मा २००० जना महिला तथा किशोरीहरूको सहभागिता रहेको छ । विषेशगरी सार्वजनिक स्थलमा हुने हिंसालाई किन छुट्टै विश्लेषण गर्न जरुरी छ, सुरक्षित सार्वजनिकस्थल कसरी निर्माण गर्न सकिन्छ, सार्वजनिक स्थललाई कसरी लैङ्गिकमैत्री बनाउन सकिन्छ, सार्वजनिक स्थलमा महिला तथा बालिकाको पहुँच कसरी बढाउन सकिन्छ जस्ता सवालहरूलाई केन्द्रमा राखेर अभिमुखीकरण गरिएको थियो । त्यसैगरी हिंसाको उजुर प्रक्रियाको अवस्थाको बारेमा पनि बृहत् छलफलद्वारा समस्या पहिचान गरी त्यसको आधारमा न्यायिक निकायहरूसँग पनि प्रभावकारी न्यायिक प्रक्रियाका लागि छलफलले तिव्रता पाएको छ । साथै प्रहरीसँगको सहकार्यमा लैङ्गिकतामा आधारित हिंसा र यसले मानसिक स्वास्थ्यमा पार्ने असर, साइबर अपराध आदिबारे अभिमुखीकरण सञ्चालन गरिएको थियो ।

सार्वजनिक यातायात, बाटो, घाटो, विद्यालय, कार्यस्थल, होटल लगायतका सार्वजनिकस्थलहरू सुरक्षित नभएको र यी स्थलहरूमा हुने दुर्व्यहारविरुद्ध आवाज निकै नै कम उठ्ने



*युवाहरूसँग छलफल -दाङ*

“महिलाहरुमा राजनीतिक सुचनामा न्युन पहुँच छ। घरायसी कामको बोझ र महिलाको गतिशिलतामा भएको नियन्त्रणको कारणले महिलाको सुचनाको हक हनन भईरहेको अवश्था छ” -महिला समुह

र उठिहाले पनि  महिला तथा किशोरीमाथि नै चारीत्रिक आरोप लाग्ने कारणले गर्दा घटनाहरू बाहिर आउँदैनन् । विद्यालयमा भएको हिंसाको सुनुवाइ हुने संयन्त्र पनि निस्कृय रहेको छ । सार्वजनिक स्थलमा महिला तथा बालिकामाथि हुने हिंसालाई न्यूनीकरण गर्न पालिकाले नै लैङ्गिक नीति तयार गरी पहल गर्नुपर्ने र वडाले पनि लैङ्गिक हिंसा निवारण कोषको निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

## सार्वजनिक स्थलमा महिला तथा बालिकामाथि हुने हिंसा सम्बोधन कार्यक्रमको तालिम निर्देशिका निर्माणका लागि अनुसन्धान कार्यक्रम :

महिलामाथि सार्वजनिक स्थलमा हुने हिंसाहरू दस्तावेजीकरण भएका छैनन् । सरकारी तथा गैरसरकारी क्षेत्रमा यो मुद्दाका लागि पैरवी रणनीति तथा उपकरणहरू बनाइएको पाइएको छैन । सञ्चारमाध्यम तथा पत्रपत्रिकाले यस्ता घटनाहरूको रिपोर्टिङ गरे पनि समाधानका लागि केन्द्रित भएको पाइँदैन । लैङ्गिक विभेदमा आधारित हिंसाको अहिलेको वर्गीकरणले सार्वजनिक स्थलमा हुने लैङ्गिक विभेदमा आधारित हिंसालाई वैज्ञानिक हिसाबले समेट्दैन ।

त्यसैले सार्वजनिक स्थलमा हुने हिंसाका आयामहरू के हुन्, यसले महिला तथा किशोरीको सार्वजनिक सबाललाई कसरी प्रभाव पारिरहेको छ र किन यसलाई विशिष्ट प्रकारले सम्बोधन गर्न जरुरी छ जस्ता सूचना प्रवाह तथा सोही अनुरूपको बुझाइ निर्माण गरी सम्बोधनका कार्यहरूमा तिव्रता ल्याउनका लागि ओरेकले अनुसन्धानमा आधारित तालिम निर्देशिका निर्माणको प्रक्रिया अघि बढाएको छ ।

उक्त अनुसन्धान प्रक्रियामा समूह केन्द्रित छलफल (FGD) ९ वटा, जोखिममा रहेको व्यक्तिहरूसँग अन्तर्वार्ता (IDI) २५ वटा, सार्वजनिक स्थलको प्रयोगकर्ता र सेवा लिने सेवाग्राहीसँग अन्तर्वार्ता (KII) ४९ वटा गरिएको थियो । अनुसन्धानको तथ्याङ्क सङ्कलन मोरङ, काठमाडौं, उदयपुर, दाङ, रुकुममा गरिएको थियो । उक्त अनुसन्धानमा ९६ जना महिला र ३५ जना पुरुषको सहभागिता रहेको थियो ।

## नीतिगत समीक्षा

घरेलु हिंसा, शारीरिक हिंसा, मानसिक हिंसा, आर्थिक हिंसा, यौनजन्य हिंसालगायत महिला विरुद्धको हिंसाका विविध स्वरूपहरू रहेका छन् जुन महिलाले निजी तथा सार्वजनिक जीवनमा भोग्दै आएका छन् । निजी जीवनमा हुने महिला विरुद्धको हिंसाको तुलनामा सार्वजनिक स्थानमा हुने महिला बिरुद्धका हिंसाको सम्बन्धमा छलफल, विमर्श र चिन्तन उलेख्य मात्रामा हुन सकेको पाइएको  छैन ।

यसै सन्दर्भमा महिला समानता, सामाजिक समावेशीकरण, मानवअधिकार र सामाजिक न्याका लागि स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारले तर्जुमा गरेका र गरिरहेका सम्बन्धित नीति, योजना र कानूनको समीक्षा गर्दै महिलामाथि सार्वजनिक स्थलमा हुने हिंसा सम्बोधनमा रहेका कमीहरूको पहिचान गरी तीनवटै तहका सरकारलाई सुझाव प्रदान गर्ने उद्देस्यसहित नीतिगत समीक्षाको कार्यलाई अघि बढाइएको छ । जसअन्तर्गत यस अबधिमा तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न भएको छ । सम्बन्धित जिल्ला, प्रदेश र संघ गरी जम्मा ८ वटा लक्षित समूह छलफल सम्पन्न गरिएको छ । जसमा संघीय सांसद, प्रदेश सांसद,

‘सार्वजनिक स्थलमा हुने हिंसामा आफ्नो तथा परिवारको इज्जत जान्छ भनेर चुपचाप सहेर बस्ने संस्कृति छ । त्यस्तैगरी, हिंसामा पर्दा बालिकालाई नै आरोप लगाउने र उनीहरूलाई नै सतर्कता अपनाएर हिंड्न लगाउने वा हिंड्डुलमा नै रोक लगाउने अवस्था छ ।’ किशोरी समूह

बसमा कसैले दुर्व्यबहार गर्छ, प्रहरीकोमा उजुरी गर्न गयो भने प्रमाणको कुरा आउँछ । यस्तो ठाउँमा भएका हिंसाको प्रमाण हामीले कसरी संकलन गर्न सक्छौं र ? -एक सहभागी किशोरीको भनाइ ।

स्थानीय जनप्रतिनिधिहरू, महिला अधिकारकर्मीहरू, सामुदायिक संस्था, महिला मानव अधिकार रक्षकहरू, पत्रकार, संघसंस्था, यौनकर्मी, अपाङ्गता र यौनिक अल्पसंख्यकका प्रतिनिधिहरू, स्वास्थ्यकर्मी, वकिललगायत अन्य सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो ।

**सार्वजनिक स्थलमा महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणमा युवाहरूको भूमिका विषयक छलफल कार्यक्रम**

मोरङमा लैङ्गिक हिंसा न्यूनीकरण गर्न युवाको भूमिकालाई कसरी प्रभावकारी बनाउने र मिडियाको माध्यमबाट कसरी प्रभावकारी पैरवी गर्न सकिन्छ भन्ने विषयमा छलफल गरियो ।

युवा महिला तथा किशोरीहरूले सार्वजनिक स्थलमा कस्ता समस्या भोगिरहेका छन् त भन्ने विषयमा महेन्द्र मोरङ क्याम्पसका करिब १५ जना युवाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सहभागीहरूअनुसार धेरैजसो किशोरी र महिलाहरू हिंसा प्रभावितलाई नै दोष लगाउने संस्कृतिको कारणले गर्दा झन् धेरै हिंसामा पर्ने गरेको र पीडकको सामना गर्ने वा पुलिसमा रिपोर्ट गर्न हिचकिचाएको बताए । उनीहरूका अनुसार हिंसा हुनुमा प्रभावितको दोष नभई पीडकको दोष हो भन्ने मान्यता स्थापित गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरू गर्नुपर्ने र कानूनी प्रक्रिया पनि छिटो छरितो हुनुपर्नेमा जोड दिएका छन् ।



"सार्वजनिक बसबाट यात्रा गर्दा प्रायः दुर्व्यवहारको सिकार बन्नुपर्छ । तर न पीडकको सामना गर्न सक्छु न त आफ्नो परिवारलाइ नै भन्न सक्छु । यौन दुर्व्यबहारको बारेमा बोल्न अहिले पनि समाजले वर्जित गरेको छ । मैले ती घटनाहरूको बारेमा रिपोर्ट गरेको भए पनि, मलाई लाग्छ कि मैले लगाएको लुगामाथि नै छानबिन गरेर मलाई दोष लगाउने थिए ।" - नविना बास्तोला



मोरङको उर्लाबारी नगरपालिका-४ को उपमेयर लक्ष्मी भण्डारीले सार्वजनिक स्थलमा बालिका तथा महिलामाथि हुने हिंसा र प्रभावितलाई नै दोष दिने संस्कृतिका हानिकारक प्रचलनमा सरकारले हस्तक्षेप गर्ने नीति ल्याउनुपर्ने बताउनुभयो ।

## अनौपचारिक क्षेत्रमा कार्यरत महिला श्रमिकहरूको सवाल पहिचान र सम्बोधनका लागि पैरवी विषयक अन्तरक्रिया कार्यक्रम

१११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अबसरमा ओरेक उदयपुरले अनौपचारिक क्षेत्रमा कार्यरत असंगठित महिला श्रमिकहरूको सवाल पहिचान र सम्बोधनका लागि पैरवी विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। ईंटा भट्टा, होटेल, सिलाइ पसल, अटो रिक्सा चलाउने, र निर्माण तथा कृषि ज्याला मजदुरी गर्ने क्षत्रबाट महिलाहरूको उपस्थिति रहेको थियो।

छलफलमा सहभागीहरूले लैङ्गिकमैत्री कार्यस्थल नभएको। (शौचालय, शुद्ध पिउने पानी, प्रयोग गरिने भाषा तथा व्यवहार, ज्याला, बिदा, आराम, बालस्याहारको व्यवस्था, कामको समय), कामको उचित पारिश्रमिक नपाएको कार्य क्षेत्रमा हुने हिंसा सुनुवाइ हुने संयन्त्र नभएको, कार्य क्षेत्र अपाङ्गमैत्री नभएको, व्यक्तिगत सुरक्षाका सामग्रीको प्रयोग तथा उपलब्धता नभएको, महिनावारी, गर्भवती सुत्केरी हुँदाको अवस्थामा पाउने सुविधा नभएको सवालहरू उठान गरेका छन्।

कार्यक्रम मार्फत् असंगठित क्षेत्रमा कार्यरत महिला श्रमिकहरूले भोग्नु परेको लैङ्गिक हिंसा (कार्यस्थल साथै घरभित्र) को अवस्थाबारे अनुभव आदान-प्रदान तथा छलफल भएको छ भने सुरक्षित सार्वजनिकस्थल निर्माण र कार्यस्थलमा आत्मसम्मानसहित कार्यसम्पादन गर्न पाउने अधिकार सुनिश्चितताका लागि महिला श्रमिकहरू संगठित भई आफ्नो आवाज उठाउने निर्णय गरेका छन्।

### २.१ मानव अधिकार रक्षकका लागि समष्टिगत सुरक्षा क्षमता अभिवृद्धि तालिम

मानव अधिकार रक्षकहरूले प्रजातान्त्रिक प्रक्रिया विकास गर्न, दण्डहिनता कम गर्न र मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न योगदान गर्दै आइरहेका छन्। समुदायमा मानव अधिकार रक्षकहरूले मानव अधिकार सुनिश्चितताका लागि काम गर्दा प्रायः जसो डर, धम्की, आक्रमण र हिंसाको सामना गर्नुपरिरहेको छ। यसकारण मानव अधिकार रक्षकहरूको व्यक्तिगत, संस्थागत, मनोसामाजिक र डिजिटल जस्ता विषयहरूमा समष्टिगत सुरक्षासम्बन्धी क्षमता अभिवृद्धि गर्नु आवश्यक रहेको देखिन्छ। यसैलाई मध्यनजर राखेर ओरेकले मानव अधिकार र विकासका लागि एसियाली मञ्च (फोरम-एसिया) को सहयोगमा नेपालका मानव अधिकार रक्षकहरूको व्यक्तिगत, संस्थागत, मनोसामाजिक र डिजिटल सुरक्षाका विषयमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले २०७७ साउन देखि २०७८ असार सम्ममा २ वटा तालिम सम्पन्न गरेको छ।

यस तालिमबाट सहभागीहरूले शारीरिक वा व्यक्तिगत, संस्थागत, मनोसामाजिक र डिजिटल सुरक्षामा आफ्नो क्षमता अभिवृद्धि गरेका छन्। तालिममा सहभागी मानव अधिकार रक्षकहरूले आफ्नो कामको शिलशिलामा भोगेका र आउन सक्ने डर, धम्की, खतरा र हुन सक्ने हिंसा र आक्रमणलाई मध्यनजर गरेर छलफल गरी सुरक्षा योजना बनाइएको थियो। हामी मानव अधिकार रक्षकहरू धेरैजसो समयमा आफ्नो सुरक्षालाई बेवास्ता गरेर, असंगठित रूपमा, कुनै सुरक्षा योजनाविना नै काममा होमिएको हुन्छौं। जसले जोखिमतालाई बढाएको पाइन्छ। अहिलेको समयमा डिजिटल रूपमा पनि सुरक्षित हुनु उत्तिकै आवश्यक छ। आघातजन्य घटनाहरूमा काम गरेपछि पर्ने मनोसामाजिक असरलाई पनि व्यवस्थापन गर्ने न्यूनतम कुराहरू थाहा भयो भने ठूलो असर वा गम्भीर असरबाट बच्न सकिन्छ। तालिमको दौरानमा यिनै कुराहरूमा प्रस्तुति, छलफल, अन्तरक्रिया, समूहकार्य गरिएको थियो।

पहिलो तालिम २०७७ साल चैत्र २४ देखि २८ गतेसम्म भक्तपुरको नगरकोटमा र दोस्रो तालिम २०७८ साल असार २८ देखि ३१ सम्म कोभिडको कारणले अनलाइन सञ्चालन भएको थियो। जसमा इलाम, मोरङ, सुनसरी, दोलखा, जुम्ला, काठमाडौं, उदयपुर, सिराहा, धनुषा, बाँके, दाङ, रुकुम, महोत्तरी, कैलाली, ललितपुर र सोलुखुम्बु जिल्लाबाट ४१ जनाको सहभागिता रहेको थियो। जसमा महिला मानव अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जनजाति अधिकार, जमिनको अधिकार, दलित अधिकार, LGBTI+ अधिकार, युवा अधिकारको क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरूको तालिममा सहभागिता रहेको थियो। जसमा ३ जना स्वयं अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहेको थियो। तालिमका सहभागीहरूमध्ये ३३ जना महिला, ५ जना पुरुष, २ जना LGBTI+++, १ जना ट्रान्स महिला थिए। विभिन्न अधिकारको क्षेत्रमा काम गर्ने सहभागीहरू र सहभागीबीचमै भएको विविधीकरणले गर्दा एक-अर्काको अनुभव आदान-प्रदानले छलफललाई सिकाइमूलक बनाएको थियो।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि लगायतका अन्य मानव अधिकारसम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा भएका मानव अधिकारको अवधारणा र मानव अधिकार रक्षकहरूको घोषणापत्रको विषयमा छलफल गरिएको थियो। जसले गर्दा मानव अधिकार र मानव अधिकार रक्षकहरूको विषयमा भएका प्रावधानहरूको विषयमा बुझ्न र स्पष्ट हुन सहयोग भएको थियो। यो सँगसँगै नेपालको मानव अधिकार रक्षकहरूका लागि बनेको मस्यौदा, गृहमन्त्रालयले जारी गरेको मानव अधिकारकर्मीहरूको सुरक्षासम्बन्धी निर्देशन, २०७७ को पनि छलफल भएको थियो। मानव अधिकार रक्षकहरूले भोगेका चुनौतीहरू र त्यसलाई सामना गर्ने आफूमा भएको क्षमता, दक्षता तथा सीप र ज्ञानका बारेमा छलफल गरिएको थियो। मानव अधिकार रक्षकहरूलाई आउन सक्ने डर, धम्की र पर्न सक्ने जोखिमताको आँकलन गरेर सुरक्षा योजना पनि तयार गरिएको थियो।

मानव अधिकार रक्षकहरूलाई कामको शिलशिलामा सहयोग गर्ने सरोकारवालाहरूको विषयमा छलफल गरेर विश्लेषण गरिएको थियो। मानव अधिकार रक्षकहरूले संगठित भएर काम गर्दा र कुनै कार्यालयसँग आबद्ध भएर काम गर्दा संस्थागत रूपमा पनि डर, धम्की आउन सक्ने भएकाले संस्थागत सुरक्षाको विषयमा पनि छलफल भएको थियो। यसमा राष्ट्रिय मानव अधिकार आयोगबाट गर्न सकिने सहयोग र समन्वयको विषयमा पनि सहभागीहरूसँग छलफल गरिएको थियो।

मनोसामाजिक सुरक्षाका विषयमा छलफल गर्ने दौरानमा आघातजन्य घटनाहरूमा काम गर्दा हाम्रो शरीर, दिमाग र आत्माले गर्ने प्रतिक्रिया र त्यसलाई व्यवस्थापन गर्ने साधारण सीपहरूको विषयमा छलफल र अभ्यास पनि गरिएको थियो। यदि समयमा नै आफूलाई परेको मनोसामाजिक असरहरूको उपचार वा समाधान गर्न सकिएन भने त्यसले गर्ने असर धेरै नै नराम्रो हुन सक्छ। यसका लागि केही टिप्स र अभ्यासहरू गरिएको थियो र आवश्यक अवस्थामा विज्ञको सहयोग लिनुपर्ने छलफल गरिएको थियो। यो सेसनपछि सहभागीहरूले काम सँगसँगै आफ्नो मनोसामाजिक स्वास्थ्यको पनि ख्याल राख्नुपर्ने कुराको महत्व र सान्दर्भिकता महसुस गरेको कुरा व्यक्त गर्नुभएको थियो।

डिजिटल सुरक्षाको सेसन अत्यन्तै महत्वपूर्ण रहेको कुरा सहभागीहरूबाट आएको थियो। जसमा पासवर्ड सुरक्षित




*२०७७ चैत्र २४ देखि २८ सम्म नगरकोटमा भएको तालिमका सहभागीहरू सहजकर्ता रञ्जना थापास*

राख्ने तरिकाहरू, सुरक्षित पासवर्ड, सुरक्षित कुराकानीका लागि सिग्नल एप, विटलकर, भेराक्रिप्ट, प्रोटोन इमेल जस्ता विषयहरूमा छलफल र अभ्यास भएको थियो। जसले सहभागीसँग संवेदनशील डाटा, फाइलहरू कसरी सुरक्षित राख्ने र संवेदनशील विषयमा कुराकानी कसरी सुरक्षित तरिकाले गर्न सकिन्छ भनेर छलफल र सकेसम्मको अभ्यास गरिएको थियो। मानव अधिकार रक्षकहरूले प्रयोग गर्ने डिजिटल डिभाइस, इमेल, कुराकानी, डाटा र अन्य कुरा महत्वपूर्ण र संवेदनशील भएकाले सुरक्षाका उपाय अपनाउनु आवश्यक छ जसले मानव अधिकार रक्षक र उहाँहरूले सहयोग गर्न खोज्नुभएको व्यक्ति र विषय सबैलाई सुरक्षित राख्न मदत गर्दछ।

## २.२ अभिमुखीकरण तथा आमसचेतीकरण कार्यक्रम

महिलालाई कमजोर लिङ्गका रूपमा हेरिने आममनोवैज्ञानिक संकुचन संस्थागत भइसकेको अवस्थामा महिलाहरू महिला भएकै कारणबाट विभिन्न प्रकारका हिंसाबाट प्रभावित हुँदै आएका छन्। अझ अहिलेत झन् कोभिडको कारणले महिला तथा किशोरी बढी जोखिममा पर्ने खतरा रहेको र सम्भाव्य घटनाहरूलाई मध्यनजर गरी ओरेकले महिला हिंसा विरुद्धको अभियानलाई सशक्त रूपमा अघि बढाएको छ। महिला हिंसा विरुद्धको अभियान पितृसत्तात्मक मूल्य-मान्यतामा बाँचिरहेको हाम्रो समाज र संस्कृतिलाई महिला विरुद्धको हिंसाबाट उन्मुक्ति दिलाउन आम जनमानसमा व्याप्त परम्परागत सोच र विचारधारामा परिवर्तन हुन अत्यन्त जरुरी भएको छ।

यसैगरी समुदायका महिला तथा पुरुष सदस्यहरूमा यौनिक तथा लैङ्गिक विभेदमा आधारित हिंसाको अवधारणागत स्पष्टता गराई समुदायमा हिंसा न्यूनीकरण गर्ने वातावरण तयार गर्ने उद्देश्यले ओरेकले विभिन्न समुदायका महिला तथा पुरुषहरूलाई लैङ्गिक विभेदमा आधारित हिंसा, बालविवाह र यसले महिला स्वास्थ्यमा पार्ने असर, मानव बेचविखन, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, सुरक्षित मातृत्व, परिवार नियोजनका साधनको प्रयोगका फाइदा, वेफाइदा, लैंङ्गिक समानता प्रवर्द्धनमा पुरुषको भूमिका, यौनिक तथा लैङ्गिक विभेदमा आधारित हिंसा न्यूनीकरणमा पुरुषको भूमिका, सकारात्मक पुरुषत्व तथा महिला श्रमिक विषयक अभिमुखीकरण, सार्वजनिक स्थलमा महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणमा युवाहरूको भूमिका जस्ता विषयमा रहेर यस अवधिमा जम्मा १५४ वटा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। जसमा ७,०९२ जना महिलाहरू र ४६७ जना पुरुषहरू गरी जम्मा ७,५५९ जनाको सहभागिता रहेको थियो।

| क.स | सम्पन्न गतिविधि | अभिमुखीकरण संख्या | महिला | पुरुष | सेवा पाएको संख्या |
|---|---|---|---|---|---|
| १ | अभिमुखीकरण | १५४ | ७,०९२ | ४६७ | ७,५५९ |

## २.३ घरदैलो कार्यक्रम :

विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रमहरू घरदैलो मार्फत् पनि सञ्चालन गरिएको थियो। अझ कोभिडको समयमा सरसफाइदेखि महामारीसँग बच्नका लागि अपनाउनुपर्ने उपाएका साथै कोभिडको शंका भएकाहरूलाई उपचारात्मक विधिको विषयमा सचेत गराउनुका साथै कोभिडको समयमा घट्न सक्ने हिंसात्मक गतिविधिहरूलाई समेट्दै घरदैलो मार्फत् सूचना प्रदान गरिएको थियो। घरदैलो कार्यक्रम मार्फत् कुल १६६ घरधुरीमा पुगिएको थियो। जसमा कुल ३१५ जनासँग प्रत्यक्ष्य कुराकानी गरिएको थियो।

## २.४ पर्चा-पम्पलेट निर्माण तथा वितरण :

महिला हिंसा विरुद्धको अभियानअन्तर्गत यस अवधिमा लैङ्गिक हिंसाका घटनाहरूलाई थप सेवाका लागि सुरक्षित सम्प्रेषणसम्बन्धी जानकारी प्रदान गर्न सुरक्षित सम्प्रेषण मार्ग जानकारीमूलक पर्चा, मनोवैज्ञानिक सहयोगका लागि हाते पर्चा निर्माण गरी कार्यक्रममा उपस्थित सरोकारवाला तथा अधिकारवाला समूहहरूलाई विक्री वितरण गरिएको छ। साथै तयार भएका सूचना सामग्रीहरूलाई संस्थाको सामाजिक सन्जाल मार्फत् पनि साझा गरिएको छ।

## २.५. सहकार्य तथा समन्वय बैठक

ओरेकले आफ्नो कार्यक्षेत्रमा काम गर्दा सहज होस् भन्ने उद्देश्यले नगरपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, आर.सी.सी, महिला समूह तथा युवा समूहसँग पटकपटक छुट्टाछुट्टै सहकार्य तथा समन्वय बैठक गर्दै आएको छ। जुन समन्वय बैठकपश्चात् नगरपालिकामा गर्ने काममा सहज हुनुको साथै वडा कार्यालयबाट गर्ने सहयोगमा थप सेवा र सुविधा लिन सजिलो भएको छ। यो वर्ष २९ वटा बैठक सम्पन्न गरिएको छ भने बैठक आवश्यकताअनुसार निरन्तर रूपमा बस्दै आएको छ।

| क.सं. | सम्पन्न गतिविधि | संख्या | महिला | पुरुष | जम्मा संख्या |
|---|---|---|---|---|---|
| १ | घरदैलो कार्यक्रम | १६६ घरधुरि | २७५ | ४० | ३१५ |
| २ | नेतृत्व विकाससम्बन्धी तालिम | ५ वटा | १२८ | | १२८ |
| ३ | विद्यालय शिक्षा कार्यक्रम | १४ वटा | ३३० | ९० | ४२० |
| ४ | सहकार्य तथा समन्वय बैठक | २९ वटा | | | |

## २.६.महिला हिंसा विरुद्धको वर्ष पुस्तक “अन्वेषी” लोकार्पण:

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले महिला हिंसा विरुद्धको वर्ष पुस्तक “अन्वेषी” लोकार्पण २५ नोभेम्बर २०२० महिला हिंसा विरुद्धको दिवसका अवसरमा कोभिड १९ को महामारीको विशेष अवस्थालाई मध्यनजर गर्दै भर्चुअल रुपमा सम्पन्न गरेको छ । महिला हिंसा विरुद्धको वर्ष पुस्तक “अन्वेषी” २०७७ को लोकापर्ण महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रि श्री लिलानाथ श्रेष्ठज्यू, राष्ट्रिय महिला आयोगकका सचिव श्री शान्ता अधिकारी भट्टराई, राष्ट्रिय मानव अधिकार आयोगका सचिव श्री वेदप्रसाद भट्टराइ र हिंसा प्रभावितहरुको राष्ट्रिय सञ्जालका अध्यक्ष श्री शान्ती पाशवानले गर्नुभएको थियो । कार्यक्रमको अध्यक्षता संस्थाका कार्यकारी अध्यक्ष रामवती चोधरीले गर्नुभएको थियो र कार्यक्रमको उद्देश्यहरुमाथि प्रकाश पार्दै ओरेक नेपालका कार्यकारी निर्देशक श्री लुभराज न्यौपाने ज्यूले उपस्थिती सहभागीहरुलाई स्वागत गर्नुभएको थियो । कोभिड १९ को महामारीको समयमा महिला तथा बालिकामाथि भएको हिसाको जोखिमको अवस्थालाई समेत कार्यक्रममा प्रस्तुत गरिएको थियो । यस अवधि (चैत्र ११ २०७६ देखि श्रावण ६, २०७७ ) मा मात्रै कूल १०४२ जना महिला तथा बालिका माथि विभिन्न स्वरुपमा हिंसा भएको पाइएको छ । यस घटनालाई विश्लेषण गर्दा समग्र तथ्याँकको ६१ प्रतिशत भन्दा बढी घटना यसै समयमा घटेको देखिएको छ । त्यसैले महामारी तथा विपत्तीको अवस्थालाई मध्यनजर गर्दै जुनसुकै विषम परिस्थितिमा पनि हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसालाई सहज रुपमा उजुरी गर्ने र न्याय पाउने वातावरण तयार गर्न सबै स्थानीय तह तथा निकायले उजुरी गर्ने र आवश्यक सेवा प्रदान गर्ने कार्यलाई संवेदनशिलताका साथ प्रभावकारी रूपमा सञ्चालनमा सरकारले जोड दिनुपर्दछ ।

## २.७ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (२५ नोभेम्बरदेखि १० डिसेम्बर)

नोभेम्बर २५ महिला विरुद्धको हिंसा अन्त्यका लागि अन्तर ष्ट्रिय दिवस र डिसेम्बर १०-अन्तर्राष्ट्रिय मानवअधिकार दिवससम्मको १६ दिनलाई सन् १९९१ देखि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियानको रूपमा विश्वभर मनाउँदै आएको २९ वर्ष भइसकेको छ । महिलामाथि हुने हिंसा मानव अधिकार हननको सवाल हो भन्ने मान्यतालाई स्थापित गर्दै यसैअनुरूप कार्य गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र संघलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरूलाई आह्वान गर्ने उद्देश्यले यो अभियानअन्तर्गत २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म समुदायदेखि सबै तहसम्म विभिन्न अभियानका कार्यक्रमहरू गर्ने गरिन्छ । प्रत्येक वर्षझैं यस वर्ष पनि समुदायस्तरदेखि अन्तर्राष्ट्रियस्तरसम्म महिला हिंसा अन्त्यका लागि भइराखेका प्रयासहरूप्रति ऐक्यबद्धता जनाउँदै ओरेकद्वारा **मौनता तोडौं : बलात्कार र लैंगिक हिंसा बिरुद्ध बोलौं”** भन्ने मुख्य नाराका साथ समुदायस्तरदेखि राष्ट्रियस्तरसम्म विभिन्न कार्यक्रम आयोजना गरेको छ ।



*अन्तर्राष्ट्रिय मानवअधिकार दिवस, कैलाली*

साथै यस वर्ष विभिन्न दिवसको अवसरमा जिल्लातहदेखि सबै स्तरमा स्थानीय सरोकारवालाहरूसँगको सहकार्यमा आत्महत्या रोकथाम दिवस, संविधान दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस लगायतका दिवसहरूमा महिला अधिकारका सवालहरूलाई उठान गरी सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गर्न १०० वटा कार्यक्रमहरू सम्पन्न गरिएको छ ।

### २.७.१ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विभिन्न अतिरिक्त क्रियाकलाप गरी सम्पन्न

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस महिला श्रमिक अधिकार आन्दोलनसँग बढी सम्बन्धित छ । यो विश्वमा प्रत्येक वर्ष मार्च ८ का दिन मनाइन्छ । यस दिनलाई महिलाहरूले उत्सवको रूपमा मनाउने गर्दछन् । विश्वमा भएका श्रमिक महिलाहरूको अधिकारका लागि गरिएका महत्वपूर्ण आन्दोलनहरूको सम्झना र सम्मानको रूपमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको थालनी भएको हो । यसै सन्दर्भ पारी उक्त दिन  ओरेक रुकुम र विभिन्न सरकारी तथा गैरसरकारी सघंसंस्थाको आयोजनामा बाफीकोट गाउँपालिकामा र्‍याली, वक्तृत्वकला प्रतियोगिता, श्रमिक महिलाहरूलाई सम्मान कार्यक्रम र त्रिवेणी गाउँपालिकामा र्‍याली, लोक नृत्य र मुसिकोट नगरपालिकामा कुर्सी दौड, चकलेटी दौड, घैंटो फोडजस्ता कार्यक्रमहरू गरी दिवस मनाएको थियो । उक्त कार्यक्रमहरूमा ४८३९ विभिन्न क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा २६ फागुन २०७७ मा आयोजित “श्रमिक महिलाहरूको सवालमा स्थानीय तहको भूमिका” विषयक राष्ट्रिय परामर्श गोष्ठीमा श्रमिक महिलाहरूको सवालमा सातवटै प्रदेशहरूबाट उपस्थित २२ वटा पालिकाका प्रतिनिधि तथा सरोकारवालाहरूले छलफल गरेका थिए । कार्यक्रममा बोल्दै प्रतिनिधिसभा सदस्य माननीय डा. विन्दा पाण्डेले वैदेशिक रोजगारीमा जाने महिलाहरूको गतिशीलता नियन्त्रण र प्रतिबन्ध लगाउनुभन्दा वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि अभिमुखीकरण, सचेतनामूलक कार्यक्रमहरू स्थानीय तथा संघीय सरकारले व्यवस्था गर्नुपर्ने बताउँनुभयो । यसैगरी परराष्ट्र मन्त्रालयका सहसचिव हरिषचन्द्र घिमिरेले वैदेशिक रोजगारीबाट फर्किसकेका कामदारहरूको सीपलाई स्थानीय स्तरमा सदुपयोग गर्ने वातावरण सृजना गरी आर्थिक सामाजिक विकासमा उनीहरूलाई सहभागी गराउनु महत्वपूर्ण रहेको बताउनुभयो । २२ वटै गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षहरूले संविधानप्रदत्त हकको कार्यान्वयन, घरेलु श्रमलाई राज्यको कुल गार्हस्थ्य आयमा जोड्ने र अन्तर ष्ट्रिय स्तरमा हस्ताक्षर गरिएका सन्धि, अभिसन्धिहरूको पालना गर्ने काम सरकारले अविलम्ब गर्नुपर्ने आवश्यकता औंल्याएका थिए  ।

### २.७.२ अन्तराष्ट्रिय श्रमिक महिला दिवस (मार्च ८, २०२१)

हरेक वर्षको मार्च ८ को दिन विभिन्न अन्तराष्ट्रिय नारा सहित मनाउँदै आएको अन्तराष्ट्रिय श्रमिक महिला दिवस




यो वर्ष पनि चुनौती दिन अघि बढौं र महिला रोकिए संसार रोकिन्छ भन्ने अन्तराष्ट्रिय नारा सहित मानव अधिकारमा सरोकार राख्ने विभिन्न संघ संस्थाहरु तथा सामाजिक अभियान्ताहरुको सहकार्यमा एकसय एघारौं अन्तराष्ट्रिय श्रमिक महिला दिवस विभिन्न नारा सहित शान्तीपूर्ण र्‍याली गरी भव्यताका साथ मनाइएको छ । सो र्‍याली माइतीघर मण्डलादेखि शुरु भएर भद्रकाली, एन.ए, सी, घण्टाघर हुँदै प्रज्ञा प्रतिष्ठानको अगाडी आएर कोण सभामा परिणत भएको थियो । कोण सभालाई महिला अधिकारमा कार्यरत अभियान्ताहरुले सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जालकी अध्यक्ष डा. रेणु अधिकारीले महिला रोकिए संसार रोकिन्छ भन्ने नाराका साथ महिलाहरुको श्रमको उचित सम्मान हुनुपर्ने बताउँदै १११ बर्षपछि आएर बल्ल नेपाल सरकारले पहिलो पटक महिला दिवसलाई मान्यता दिएको छ तर पनि महिलाहरुको श्रमको पहिचान र सम्मान समाजले अझै दिएको छैन । त्यसैले महिलाहरुले अव आफ्नो शरीर र आफ्नो श्रममा आफ्नो अधिकारको लागि निरन्तर अभियानमा लाग्नुपर्नेमा जोड दिनु भएको थियो । यसैगरी कार्यक्रमलाई सम्बोधन गर्दै मानव अधिकारकर्मीहरुले महिलाहरुको घरेलु कामको पहिचान र सम्मान हुनुपर्ने, समान कामको समान ज्याला हुनुपर्ने, श्रमको उचित मूल्याङ्कन हुनुपर्ने मा जोड दिंदै महिलाहरुको श्रमको पहिचान र मूल्याङ्कन नभएसम्म आन्दोलन निरन्तर रुपमा चलिरहने जस्ता कुराहरुमा जोड दिएको थियो ।

## २.८. हिंसा प्रभावितका लागि सहयोगी संयन्त्र

ओरेकले आफ्नो स्थापनाकालदेखि नै हिंसा प्रभावित महिलाहरूको न्यायमा पहुँच र उनीहरूको अधिकार सुनिश्चित गर्न विभिन्न किसिमको सहयोग प्रदान गर्दै आएको छ । सहयोगी संयन्त्र नहुँदा प्रभावितले आफूमाथि भएका चरम हिंसासमेत सहेर पीडकसँगै बस्न बाध्य छन् । न्यायबाट वञ्चित हुनुपरेको छ । न्याय पाउनु हरेक व्यक्तिको अधिकार भए पनि कानूनी सचेतना पर्याप्त मात्रमा पुर्‍याउन नसक्दा प्रभावितले आफूमाथि भएको हिंसाविरुद्ध बोल्न कठिन भैरहेको अवस्था छ । यसर्थ हिंसा प्रभावित महिलालाई न्याय पाउने वातावरण बनाउनका लागि ओरेकले यस वर्ष ११ वटा सुरक्षित आवास मार्फत् लैङ्गिक हिंसा प्रभावितका लागि सुरक्षा बास लगायतको अन्य आवश्यक सेवाहरू प्रदान गर्दै आइरहेको छ ।


यसवर्ष संस्थाले अभिलेख गरेका घटनाका प्रभावित महिलामध्ये ५९५ जनालाई सुरक्षित आबासको सेवा प्रदान गरेको छ। ४८६ जना हिंसा प्रभावित महिलालाई मनोविमर्श सेवा, २३३ जनालाई कानूनी परामर्श, २०७ जनालाई कानूनी सहयोग प्रदान गरिएको छ । यस्तै सुरक्षित बासमा रहेकाहरूमध्ये १७१ जनालाई विभिन्न विषयमा अभिमुखीकरण गरियो भने उपलब्ध सहयोगी संयन्त्रबारे जानकारी दिइयो । केही प्रभावितलाई स्वास्थ्योपचार तथा ४ जनालाई प्रसूती  सेवा उपलब्ध गराइएको छ। यस्तै १९६ जना हिंसा प्रभावित महिलालाई लत्ता कपडा र यातायातको सुविधा उपलब्ध गराइएको थियो । सुरक्षित बासमा आएका ५९५ मध्ये २८७ जनाको समस्या बुझी आवश्यक मनोविमर्श सेवासहित पुनर्स्थापना गरिएको छ भने ९ जना हिंसा प्रभावित महिलाको अवस्था हेरी आवश्यक सहयोगका लागि अन्य ठाउँमा सम्प्रेषण गरिएको छ। साथै १४ जनालाई आवश्यकताअनुसार शिक्षामा सहयोग गरिएको छ ।





## २.९. हटलाइन सेवा मार्फत् सम्पर्कमा आएका महिला हिंसाका घटना

हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसाबारे सहज रूपमा उजुरी गर्न सकून्, उपलब्ध सेवामा महिलाको पहुँच सुनिश्चित हुन सकोस् र कोही पनि महिला न्यायबाट वञ्चित हुन नपरोस् भन्ने अभिप्रायले ओरेकले निःशुल्क हटलाइन सेवा सञ्चालन गर्दै आएको छ । जसमा हिंसा प्रभावितले फोन गरेर आफूलाई आवश्यक सूचनाहरू प्राप्त गर्न सक्दछन् । ओरेकका हटलाइनमा महिलाले विशेषगरी हिंसाको उजुरी कहाँ गर्ने, कसरी गोप्य उजुरी गर्न सकिन्छ, उपलब्ध सहयोगी संयन्त्रहरू जस्तै कानूनी परामर्श सहायता, सुरक्षित आवास लगायतका सेवाहरू कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा जानकारी र परामर्श लिने गरेका छन् ।

यसवर्ष ओरेकका २ वटा कार्यालयमा हटलाइन सेवा मार्फत् १४६ वटा महिला हिंसाका घटनाबारे जानकारी प्राप्त भएका थिए । जसको विवरण निम्नानुसार उल्लेख गरिएको छ ।




यस वर्ष २ वटा हटलाइनबाट संकलन भएका कुल १४६ घटनामध्ये ८९ वटा मोरङमा, ५७ वटा काठमाडौंमा आएका हुन् ।



# ३. आर्थिक सामाजिक र सांस्कृतिक अधिकारको अभियान

विभेदपूर्ण सांस्कृतिक परम्परा, सामाजिक अवरोधहरू, पारम्परिक मूल्य-मान्यताहरूका कारण महिला एवं सीमान्तकृत समुदायहरू सधैं पीडित भैरहेका छन् । विशेषतः आर्थिक स्रोतहरूमा महिलाहरूको पहुँच तथा नियन्त्रण छैन । उदाहरणका लागि घरजग्गा, कमाएको धन, जमिन, सामुदायिक वनलगायत अन्य प्राकृतिक स्रोतहरू । सांस्कृतिक रूपले, महिलाहरूले परिवारका सबैले खाइसकेपछि मात्र खाने चलन छ । सामाजिक रूपले, महिलाहरू पौष्टिक खाना, शिक्षा, निर्णय प्रक्रियामा सहभागी हुने तथा सामाजिक सुरक्षाबाट वन्चित छन् । यस प्रकारका सामाजिक, आर्थिक, सांस्कृतिक एवं राजनीतिक अभ्यासहरूले महिलाहरूको जीवनलाई जोखिमपूर्ण अवस्थामा पुर्‍याउँछ । उदाहरणका लागि पौष्टिक आहार, प्रजनन तथा उत्पादनमूलक कार्य । यी र यस्ता कहालीलाग्दा अवस्थाहरूमा सुधार ल्याउन राज्यलाई समयोचित रूपमा जवाफदेही बनाउन यस संस्थाले महिलावादी दृष्टिकोणबाट आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको अभियान सञ्चालन गरिरहेको छ । यस संस्थाले विगत लामो समयदेखि महिला तथा सीमान्तकृत समुदायहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि अधिकारमा आधारित अवधारणालाई अँगालेर स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म पैरवी तथा प्रवर्द्धनका कार्यसहित अभियान सञ्चालन गरिरहेको छ ।

**आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अभियानको लक्ष्य :**
महिलाहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा पहुँच बढाउँदै महिला हिंसा न्यूनीकरणमा सरोकारवालाहरूको भूमिका सशक्त बनाउन सहकार्य तथा सहजीकरण गर्दै पैरवी गर्ने ।

**आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अभियानका उद्देश्यः**
**उद्देश्यः १** महिलाको उद्यमशीलता विकास गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै स्थानीय बजारमा पहुँचमा वृद्धि गरी आर्थिक सवलीकरण गर्ने र आत्मसम्मानसहित जीवनयापन गर्ने वातावरण सिर्जना गर्ने ।

उद्देश्यः २ महिलाको गतिशीलताको अधिकार, कामको मान्यता-उत्पादन, पुनरउत्पादन) र स्रोतमा पहुँच बढाउनका लागी सबै तहमा पैरवी गर्ने ।

उद्देश्यः ३ महिला र किशोरीको यौन तथा प्रजनन स्वास्थ्य र मानसिक स्वास्थ्य अधिकार सुनिश्चिता र सहज पहुँचका लागि वातावरण तयार गर्ने ।

### आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अभियानअन्तर्गत सम्पन्न भएका मुख्य कार्यक्रमहरु :

### ३.१. महिला स्वास्थ्य अधिकार कार्यक्रम :

महिलाको शारीरिक अखण्डता, शरीर माथिको आफ्नो अधिकार र नियन्त्रण नहुँदासम्म महिलामाथि हुने हिंसा अन्त्य हुन सक्दैन भन्ने मान्यतालाई स्थापित गर्दै महिलाको स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न स्वः हेरचाह, मेरो शरीर मेरो अधिकार तथा महिलाको स्वास्थ्य समस्याको पहिचान र सम्बोधनका लागि सरोकारवालाहरूसँग नीतिगत पैरवी तथा छलफलका कार्यक्रमहरू गर्दै आएको छ । प्रजनन स्वास्थ्य र महिलाको मानसिक स्वास्थ्य निरपेक्ष विषय नभई जीवनका धेरै विषयसँग जोडिएको बहुआयामिक तथा नैसर्गिक अधिकारको विषय हो । तर नेपालमा महिला र किशोरीको यौन तथा प्रजनन स्वास्थ्य र मानसिक स्वास्थ्य अधिकार सुनिश्चित हुन सकेको छैन । यस्तो अवस्थामा झनै महामारीको रूपमा फैलिरहेको कोराना संक्रमण (कोभिड १९) का कारण महिला र किशोरीहरू यौन तथा प्रजनन स्वास्थ्य सेवा र मानसिक स्वास्थ्य सेवाबाट बञ्चित हुनु परिरहेको छ । त्यसैले, संस्थाले महिला र किशोरीको प्रजनन स्वास्थ्य र मानसिक स्वास्थ्य सेवाको सहज पहुँचका लागि राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म निरन्तर पैरवी गरिरहेको छ । यो आर्थिक वर्ष २०७७/७८ मा महिला स्वास्थ्य अधिकार कार्यक्रमअन्तर्गत विभिन्न कार्यक्रम मार्फत् ११,८६८ जना महिला तथा ३४५ पुरुष गरी १२,२१३ जनाले सेवा तथा सूचना प्राप्त गरेका छन् ।

### महिला स्वास्थ्य अधिकार कार्यक्रमअन्तर्गत यस वर्ष सञ्चालन भएका गतिविधि विवरण

महिला स्वास्थ्य अधिकार कार्यक्रमको उद्देश्यलाई मध्यनजर गर्दै यस वर्ष संस्थाले दाङ, उदयपुर, रुकुम, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा प्रत्यक्ष रूपमा तथा अन्य कार्यरत जिल्लाहरूमा महिला हिंसा विरुद्धको अभियानसँग महिला स्वास्थ्यका सवालहरूलाई जोडेर सचेतीकरण, सूचना प्रवाह तथा पैरवीका गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ ।

### ३.१.१ दाङ, उदयपुर, सिराहा, रुकुम, मोरङ, धनुषा, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा भएका गतिविधिहरू :

| क.सं | क्रियाकलाप | वार्षिक उपलब्धि संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १. | यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, कोभिड महामारी विषयमा छलफल तथा अभिमुखीकरण कार्यक्रम | ५३ | १२०३ | १९ | १२२२ |
| २. | किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य विषयमा छलफल तथा अभिमुखीकरण कार्यक्रम | १८ | १८९ | ७१ | २६० |
| ३. | सरोकारवालाहरूसँग समन्वय बैठक | १३१ | ५० | ९८ | १४८ |
| ४ | परिवार शिक्षा कार्यक्रम | १० | १० | ० | १० |
| ५ | दिवसीय कार्यक्रम | २ | २३८ | ३३ | २७१ |
| ६ | स्थानीय स्तरमा पाइने जडीबुटीको प्रबर्द्धनका लागि अभिमुखीकरण कार्यक्रम | ८ | १८२ | ० | १८२ |
| ७ | साथी शिक्षा कार्यक्रम | २ | ६३ | ९ | ७२ |
| ८ | विद्यालय शिक्षा कार्यक्रम | २० | ७६ | ४१ | ११७ |
| ९ | मनोविमर्श तालिम | १ | १९ | ० | १९ |
| १० | राहत सहयोग कार्यक्रम | १ | ४०० | ० | ४०० |
| | **जम्मा** | **२४६** | **२४३०** | **२७१** | **२७०१** |

### ३.१.२ स्वास्थ्य सेवा वितरणको विवरण

| क.सं | क्रियाकलाप | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | सामुदायिक क्लिनिक सञ्चालनबाट स्वास्थ्य सेवा | ७९४ | २७४ | १०६८ |
| २. | महिला स्वास्थ्य परामर्श केन्द्रबाटबाट सेवा | १३७ | ० | १३७ |
| ३. | एकिकृत स्वास्थ्य मेलाबाट स्वास्थ्य सेवा | १५२७ | ३२ | १५५९ |
| ४. | मनोविमर्श केन्द्रबाट मनोपरामर्श सेवा | १४१९ | ० | १४१९ |
| ५. | बन्दाबन्दिको बेला टेलिफोनबाट मनोपरामर्श सेवा | २५३७ | १७ | २५५४ |
| ६. | समूह मनोविमर्श | ४५१ | ० | ४५१ |
| ७. | कोभिडको बेलामा गाँउघर स्वास्थ्य सेवा | १२५ | ० | १२५ |
| ८. | बाढी प्रभावितहरूका लागि लैङ्गिकमैत्री मनोविमर्श सेवा | ३३३ | १६६ | ४९९ |
| | **जम्मा** | **७३२३** | **४८९** | **७८१२** |

### ३.१.३. एकीकृत महिला स्वास्थ्य मेला




ओरेकले आफ्नो स्थापनाकालदेखि नै समुदायमा स्वास्थ्य अधिकारबाट वञ्चित भएका महिलाहरूलाई उनीहरूको स्वास्थ्य समस्याको स्वयं पहिचान गरी समस्याका बारेमा वकालत गरी विभिन्न माध्यमबाट महिलाको स्वस्थ जीवन निर्वाहमा सहज वातावरण सिर्जना गर्न एकीकृत महिला स्वास्थ्य मेला सञ्चालन गर्दै आएको छ। जहाँ महिलाको शारीरिक तथा मानसिक समस्याको पहिचान भई उपचार तथा थप उपचारको आवश्यकता भएमा सम्बन्धित सेवा प्रदायकसंग जोड्ने काम पनि गरिन्छ। यस अवधिमा महिलाहरूले भोगिरहेका स्वास्थ्य समस्याको कारण महिला होइन समग्र समाज तथा परिवारको महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण हो भन्ने जानकारीपश्चात् उनीहरू आफ्नो स्वास्थ्यसम्बन्धी समस्याहरू नहिच्किचाइकन भन्न सक्ने वातावरण निर्माण गरी कार्यक्रमको सुरुवात गरिन्छ । यसका लागि विभिन्न स्वास्थ्यसँग सम्बन्धित पोष्टर, पर्चा र पम्प्लेट आदिलाई प्रयोगमा ल्याई अझ सहज तरिकाबाट बुझ्न सक्ने बनाइएको छ। महिला स्वास्थ्यका बारेमा समुदायस्तरमा सेवाका माध्यमबाट सचेतना तथा स्वास्थ्य अधिकारको पैरवी गर्न संस्थाले समुदायमा स्थानीय तह तथा स्वास्थ्य संस्थाको सहकार्यमा महिला स्वास्थ्य मेलाको आयोजना गरेको थियो। यस वर्ष उदयपुर, दाङ, रुकुम, काठमाडौं, मोरङ जिल्लाका विभिन्न नगरपालिका तथा गाउँपालिकामा गरी ५ वटा महिला स्वास्थ्य मेला सम्पन्न भएको छ।




महिला स्वास्थ्य मेला (शिविर) मा तल्लो पेट दुख्ने, सेतो पानी बग्ने र आङ खसेकाहरूका लागि निःशुल्क रूपमा दिइने सेवाका बारेमा जानकारी साथै हाम्रो सामाजिक संरचना, महिलालाई गर्ने व्यवहार, महिलाले गर्नुपर्ने काम, महिलाहरूको रहन-सहन र पारिवारिक पृष्ठभूमिमा महिलाको भूमिकाका विषयमा महिलाहरूलाई विभिन्न ठाउँमा अभिमुखीकरण सञ्चालन गरिएको थियो। सोही अवसरमा महिला स्वास्थ्य परामर्श सेवा, मनोविमर्श सेवा साथै जडीबुटीसम्बन्धी जानकारीसमेत दिइएको थियो। यस्ता स्वास्थ्य मेलाबाट १५५९ जना व्यक्तिहरूले स्वास्थ्य उपचार तथा परामर्शका साथै सूचना पाएका थिए।

### ३.१.४ एकीकृत महिला स्वास्थ्य मेलाबाट पहिचान भएका पाठेघर खस्ने समस्याको अवस्थाः




### ३.१.५. महिला स्वास्थ्य परामर्श केन्द्र

ग्रामिण भेगका महिलाहरू अहिले पनि स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर भएको अवस्थालाई ध्यानमा राखी महिलाको स्वास्थ्य समस्यालाई खुलेर कुरा गर्ने थलोको रूपमा संस्थाले महिला स्वास्थ्य परामर्श केन्द्रको स्थापना गरी सेवा प्रवाह गर्दै आएको छ। जसमा महिलालाई महिलामैत्री वातावरणमा आफ्ना समस्याहरू खुलेर भन्न पाउने, विभिन्न किसिमका स्वास्थ्यसँग सम्बन्धित सूचना र जानकारीहरू पाउने र

आवश्यकताअनुसार परामर्श र थप सेवाका लागि सम्बन्धित निकायमा सम्प्रेषण सेवा लगायतका क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन्। त्यसैगरी संस्थाले स्वास्थ्य सेवामा जान नसक्ने तथा स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका महिलाहरूका लागि तत्काल जडीबुटीको प्रयोग गरी सामान्य रोगहरूको उपचार विधि पनि सिकाउँदै आएको छ। यस अवधिमा दाङ जिल्लामा भएको १० वटा परामर्श केन्द्र स्थानीय तहलाई जिम्मेवार बनाउन तथा महिलाहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने दायित्व राज्यको हो भन्ने कुरालाई ध्यानमा राखी स्थानीय स्वास्थ्य संस्थाका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गरी केन्द्र हस्तान्तरण गरिएको छ। अहिलेको परिवेशमा महिला स्वतःस्फुर्त परामर्श सेवा लिन तथा आफ्नो समस्या भन्न स्वास्थ्य कार्यालयमा जान थालेका छन्।

### ३.१.६. मनोविमर्श केन्द्र सञ्चालन

ओरेकले मनोविमर्श सेवा वि.सं. ६१/६२ बाट सुरु गरेको हो। द्वन्द्वकालमा चलेको हिंसाको कारणले थुप्रै व्यक्तिहरू मनोसामाजिक समस्याबाट प्रभावित भएका थिए। त्यतिबेला महिला र बालबालिकाको स्थितिमा सुधार ल्याउन मनोपरामर्श सेवा दिइएको थियो जुन उदयपुरबाट सुरु गरिएको थियो।

हाल ओरेकले स्थानीय तहको समन्वयमा सञ्चालन गरेको मनोविमर्श केन्द्रमा ओरेकले आफैं मनोविमर्शकर्ता राखेको छ भने केही केन्द्रमा महिला सामुदायिक संस्था, स्थानीय तहको वडा तथा पालिकाले प्राथमिक मनोसामाजिक कार्यकर्ताको व्यवस्था गरेको छ। यसैगरी स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीले पनि यस किसिमको तालिम लिएर आफैं परामर्श दिन सक्षम पनि हुनुभएको छ। यद्यपि त्यहाँ पनि ओरेकको मनोविमर्शकर्ताले आवश्यकताअनुसार सहयोग गर्ने गरेको छ। मनोविमर्श केन्द्र स्वास्थ्य संस्थाको विकल्प भने होइन। बरु सरकारी स्वास्थ्य संस्थाहरूलाई यस्तो किसिमको सेवा पनि दिनुपर्छ भनेर अभिप्रेरित गर्न बनाइएको नमूना संरचना हो। सरकारी स्वास्थ्यकर्मीहरूले पनि महिलाको गोपनियता, उहाँहरूको आवश्यकता र संवेदनशीलतालाई ध्यानमा राखी मनोविमर्श सेवा दिने उहाँहरूको कर्तव्य पनि हो भनेर ओरेकले मनोविमर्श केन्द्र मार्फत् पैरवी पनि गरिरहेको छ। अहिले नेपाल सरकारले दिनुपर्ने आधारभूत स्वास्थ्य सेवा सुविधाभित्र मानसिक स्वास्थ्य सेवा पनि परेकाले ओरेकले यस किसिमको सेवा स्थानीय स्तरमा 'एक वडा एक मनोविमर्श केन्द्र' हुनुपर्छ भनेर पैरवी गरिरहेको छ।

हाल (२०७८) ओरेकले ११ वटा जिल्लामा गरी ३० वटा मनोविमर्श केन्द्र सञ्चालन गरिरहेको छ। यो वर्ष कोभिड महामारीको कारणले गर्दा प्रत्यक्ष मनोविमर्श सेवा दिने अवस्था नभए पनि टेलिफोन मार्फत् मनोविमर्श सेवा दिइएको छ। यो आर्थिक वर्ष ओरेकले १४१९ लाई प्रत्यक्ष र २५५४ लाई कोभिड महामारीको बेला टेलिफोन मार्फत् मनोविमर्श सेवा प्रदान दिएको छ।

### ३.१.७. सामुदायिक स्वास्थ्य क्लिनिक सञ्चालन

सामुदायिक स्वास्थ्य क्लिनिक विशेषगरी स्वास्थ्यसेवाको पहुँचबाट बाहिर भएका महिला तथा किशोरकिशोरीहरूका लागि आवश्यकता अनुसारका स्वास्थ्य सेवा तथा परामर्श सेवा प्रदान गर्ने थलो हो। जहाँ महिला, किशोरकिशोरी तथा पुरुषहरूलाई २४ घण्टा सेवा प्रदान गर्नुका साथै परामर्श सेवा सञ्चालन गर्नु र विशेषगरी महिलाहरूको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी स्वास्थ्य समस्याको उपचार प्रदान गरिँदै आएको छ। यस सामुदायिक स्वास्थ्य क्लिनिक मार्फत् समुदायका मानिसहरूलाई प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक र पुनः स्थापनात्मक सेवा प्रदान गर्दै विभिन्न गतिविधिहरू सम्पन्न भएका छन्। हाल उदयपुर जिल्लामा क्लिनिक सञ्चालन भइरहेको छ भने दाङ जिल्लामा २०७७ पुषदेखि स्वास्थ्य चौकीलाई क्लिनिक हस्तान्तरण गरिएको छ। व्यवस्थापन समितिमा समुदायकै व्यक्तिहरू रहने भएकाले यसलाई संस्थाले समुदायकै संरचनाको रूपमा प्रस्तुत गर्दै आएको छ। क्लिनिकबाट यस वर्ष प्रदान गरिएका उपचारको विवरण यस तालिकामा देखाइएको छ।

| क.स | गतिविधि | सहभागी संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | साधारण स्वास्थ्य जाँच तथा उपचार सेवा | १९३ | ९२ | २८५ |
| २ | गर्भवती जाँच | ९८ | ० | ९८ |
| ३ | सुत्केरीपछिको जाँच | २५ | ० | २५ |
| ४ | खोप सेवा | १८५ | १४५ | ३३० |
| ५ | परिवारनियोजन सेवा | १९८ | १० | २०८ |
| ६ | ल्याब सेवा | ३४ | ० | ३४ |
| ७ | कोभिड १९ विरुद्धको खोप सेवा | २३ | २१ | ४४ |
| ८ | इकोभिलेजमा घुम्ती शिविर | ३८ | ६ | ४४ |
| | **जम्मा** | **७९४** | **२७४** | **१०६८** |

**३.१.८. अध्ययन : महिलाहरूमा घरेलु हिंसा र मानसिक स्वास्थ सम्बोधन गर्नका लागि परिवारमा आधारित रहेर गरिने पाइलट अध्ययन**

घरेलु हिंसालाई घरभित्र आफ्नै परिवारको सदस्यबाट हुने हिंसा भनी परिभाषित गरिएको छ । नेपाल जस्ता न्यून तथा मध्यम आय भएका देशहरूमा घरेलु हिंसा विश्वव्यापी समस्याको रूपमा विद्यमान छ। घरेलु हिंसाको कारण मानसिक स्वास्थ्यमा नकरात्मक असर पर्ने विभिन्न अध्ययनले देखाएको छ । विभिन्न क्लिनिकल सहयोग कार्यक्रमहरूले घरेलु हिंसा भोगेका महिलाहरूको मानसिक स्वास्थ्यमा सुधार ल्याएको अध्ययनले देखाएको छ। उक्त अध्ययनहरूमा सहभागी विगतमा हिंसा भोगेका महिलाहरू थिए। नेपाललगायत दक्षिण एसियामा घरेलु हिंसा भए पनि महिलाहरू घर छोडेर जान सक्ने अवस्था हुँदैन र घरेलु हिंसा हुनुमा श्रीमान् मात्र नभई सासुको पनि त्यतिकै संलग्नता हुन्छ । यसै सन्दर्भमा विवाहित महिलामा घट्ने घरेलु हिंसा र मानसिक स्वास्थ्य समस्या कम गर्ने मुख्य उद्देश्यले महिलाहरूमा घरेलु हिंसा र मानसिक स्वास्थ सम्बोधन गर्नका लागि परिवारमा आधारित रहेर गरिने पाइलट अध्ययन शीर्षकको अध्ययन गर्न लागिएको छ । सम्भवतः नेपाल (Possible Nepal) र ओरेकको साझेदारीमा गर्न लागिएको यस अध्ययनको अन्य उद्देश्यले भनेको घरेलु हिंसा र यसबाट उत्पन्न मानसिक समस्यालाई कम गर्न परिवारमा आधारित रहेर बनाइएको BCT (Behavoural couple therapy) intervention manual को स्वीकार्यता, सम्भाव्यता र प्रारम्भिक प्रभावकारिता मूल्याङ्कन गर्नु हो । यस अध्ययनमा १५ देखि २४ वर्ष उमेरको विवाहित युवा महिलाहरू जो हाल घरेलु हिंसा भोगिरहेका छन् तर श्रीमान् छोडेर जान चाहँदैनन् उनीहरू सहभागी हुन्छन् । यो अध्ययन फागुन २०७७ देखि धनुषा जिल्लामा सुरु भइसकेको छ ।




**३.१.९. अध्ययनको नतिजा सार्वजनिक कार्यक्रम**

ओरेकले हाल मानसिक स्वास्थ्यको सवाललाई तथ्यमा आधारित भई स्थानीयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म वकालत तथा पैरवी गरिरहेको छ । यसै सिलसिलामा संस्थाले मानसिक स्वास्थ्यसम्बन्धी वर्तमान अवस्थालाई आर्थिक, सामाजिक र लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गरी लैङ्गिक दृष्टिकोणबाट आत्महत्यासम्बन्धी आर्थिक र सामाजिक कारक तत्वको खोज शीर्षकको अध्ययन सम्पन्न गरेको थियो । ओरेकको स्थापना दिवसको (चैत्र १९) दिन उक्त अध्ययनको मुख्य नतिजा सार्वजनिकीकरण गरिऐको थियो भने मोरङ जिल्लामा पनि आत्महत्या रोकथाम दिवसको दिन (सेप्टेम्बर १०, २०२१) सोही नतिजा सार्वजनिकीकरण

गएिको थियो । नतिजा सार्वजनिकीकरणपश्चात् विज्ञ तथा सरोकारवालाहरूसँग छलफल (Panel Discussion) को आयोजना पनि गरिएको थियो । दुवै कार्यक्रम गरी ३०० जनाभन्दा बढी सहभागीको उपस्थिति रहेको थियो ।



### ३.१.१०. कोभिड महामारीबीच महिला स्वास्थ्य र स्वहेरचाहसँग सम्बन्धित भर्चुअल अन्तरक्रिया कार्यक्रम

अन्तर्राष्ट्रिय महिला स्वास्थ्य अधिकार दिवस, मे २८ को सन्दर्भ पारेर ओरकले 'कोभिड महामारी बीचमा महिलाको स्वास्थ्य र स्वहेरचाह' शीर्षकमा भर्चुअल अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । अन्तरक्रिया कार्यक्रमको मुख्य उद्देश्य नेपाल सरकारको प्रजनन स्वास्थ्य नीतिमा रहेका प्राबधानबारे स्थानीय तहमा रहेका स्वास्थ्य सरोकारवाला निकायहरूलाई जानकारी गराई उपर्युक्त स्वास्थ्य सेवा प्रवाह गर्नका लागि उत्प्रेरित गर्ने, कोरोना महामारीको समयमा महिलाको मानसिक स्वास्थ्य र स्वहेरचाहको महत्व बुझाउनुका साथै स्वहेरचाहका केही टुलहरू प्रदान गर्ने, र स्वास्थ्य सेवा प्रदायकहरूबीच राम्रो अभ्यास/सुझाब आदान-प्रदान गर्ने वातावरण सिर्जना गर्ने रहेको थियो । कार्यक्रममा



ओरेकको कार्यक्षेत्र रहेका पालिकाको जनप्रतिनिधि, अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, महिला समूहका सदस्यहरू, सामुदायिक संस्थाका सदस्य, ओरेकका कर्मचारी गरी ७१ जनाको सहभागिता रहेको थियो ।

### ३.१.११. हामी सँगै छौं : बाढी प्रभावितहरूका लागि लैङ्गिकमैत्री मनोविमर्श सेवा

सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका र हेलम्बु गाउँपालिकामा आएको भीषण बाढी र पहिरोको कारणले धेरैले ज्यान गुमाउनुको साथै आफन्तको मृत्यु, धनजनको क्षति, शारीरिक चोटपटक बेहोर्नु पर्‍यो । उक्त क्षतिको कारण धेरै व्यक्तिहरू मानसिक रूपमा विक्षिप्त हुन पुगे । उक्त क्षेत्रमा बाढी प्रभावितलाई लैङ्गिकमैत्री मनोविमर्श सहयोग गर्ने उद्देश्यले ओरेक र तरंगिनी फाउन्डेसनले 'हामी सँगै छौं' कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रमअन्तर्गत प्रभावितहरूलाई एकल परामर्श, समूह परामर्श, मनोवैज्ञानिक सहयोग, बालबालिकाहरूलाई चित्रकला जस्ता गतिविधि सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमबाट १७६ महिला तथा किशोरी र १५ पुरुष गरी जम्मा १९१ जनालाइ सेवा प्रबाह भएको थियो ।

## ३.२. महिलाको गतिशीलताको अधिकार तथा सुरक्षित स्थानागमन कार्यक्रम

देशमा प्राप्त विभिन्न रोजगारको अवसरबाट वञ्चित भएकाले यहाँका युवायुवतीहरूलाई वैदेशिक रोजगारले आकर्षित पारेको छ र रोजगारमा जानेहरूको संख्या दिन-प्रतिदिन बढ्दै गइरहेको छ । गाउँघरमै दलाल एजेन्टहरूको उपस्थिति पनि त्यत्तिकै बढिरहेको छ । यहाँका युवायुवतीहरू वैदेशिक रोजगारमा जाँदा विभिन्न प्रलोभनमा परेर अभिलेखबद्ध नभई प्रायः भारतको बाटो भएर जानेसमेत गरेका छन् । यसरी जानेहरूको एकिन तथ्याङ्क नभएका कारण केकति संख्यामा वैदेशिक रोजगारीमा गएका छन् भन्ने स्पष्ट छैन र विभिन्न जोखिममा समेत पर्ने गरेका छन् । वैदेशिक रोजगारमा जानेहरूलाई सुसूचित गराउने, सुरक्षित स्थानागमनलाई मानव अधिकारको रूपमा स्थापित गराउने, महिलाको कामलाई मर्यादित कामको रूपमा स्थापित गर्ने साथै महिलाहरूको गतिशीलताको अधिकार, श्रम गर्ने अधिकारलाई स्थापित र प्रबर्द्धन गर्न मोरङ, उदयपुर, दाङ र कैलालीका विभिन्न स्थानीय तहहरूमा कार्यक्रमहरू सञ्चालन भइरहको छ ।

### ३.२.१ श्रम ऐन, २०७४ सम्बन्धी अभिमुखीकरण र कार्यान्वयनमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम

श्रम ऐन, २०७४ अनुसार श्रम ऐनको व्यवस्था न्यूनतम मापदण्डको रूपमा रहेको छ ।



मुख्यत : यस ऐनले श्रमिक र श्रमिकसँग सम्बन्धित विषयमा न्यूनतम मापदण्डहरू तोकेको छ । यस ऐनअनुसार श्रमिकले आफ्नो हक हनन भएको अवस्थामा उपचार प्राप्त गर्न सक्ने व्यवस्था छ । दाङ जिल्लामा वैदेशिक रोजगारबाट फर्किएका महिलाहरू, कृषक समूह, टोल संयोजक, स्वयंसेवीकाहरू, स्थानीय जनप्रतिनिधिहरूलाई घरेलु श्रमिकका अधिकारबारे श्रम ऐन, २०७४ मा  भएका व्यवस्थाबारे अभिमुखीकरण गरियो र ऐनका प्रावधान र कार्यान्वयनमा सरोकारवालाहरूको भूमिकासम्बन्धी अन्तरक्रिया कार्यक्रम गरियो । त्यस्तै मोरङमा महिला कामदारहरूका लागि मर्यादित काम गर्ने वातावरण सृजना गर्नका लागि फ्याट्री मालिक, होटेल व्यावसायी संघ र रोजगारदाताहरूसँग भएको अन्तरक्रिया कार्यक्रममा श्रम ऐन, २०७४ र सामाजिक सुरक्षा कोषबारे जानकारी दिइयो । त्यसैगरी निश्पक्ष भर्ना प्रक्रिया तथा अहिलेको श्रम ऐनमा भएको व्यवस्थाहरूबारे दुईवटा कार्यक्रम गरी २७ महिला  र ३६ पुरुष गरी जम्मा ६३ जनालाई जानकारी दिइयो ।

### ३.२.२ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको समस्या तथा चुनौती विषयक अन्तरक्रिया

अवसर र चुनौती दुवै रहेको वैदेशिक रोजगारीमा जानुअघाडि आवश्यक जानकारी नहुँदा कामदारहरूले विभिन्न किसिमका समस्याहरू भोग्दै आइरहेको पाइन्छ । त्यसमाथि पनि महिला आप्रवासी कामदारहरू महिला भएकै कारणले थप समस्याहरू भोग्नु परिरहेको विभिन्न घटनाक्रमहरूले देखाएका छन् । यसरी वैदेशिक रोजगारीको क्रममा हुने समस्याहरूलाई न्यूनीकरण गर्नका लागि आप्रवासी कामदारहरूको सूचनामाथिको पहुँचमा वृद्धि गर्नु आजको आवश्यकता हो । कैलाली जिल्लामा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूको समस्या तथा चुनौती विषयक अन्तरक्रिया कार्यक्रम भयो  ।

### ३.२.३ वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूको पुनः एकीकरण र अनुसन्धानात्मक कार्यक्रम

सीमित स्रोतसहित देश कोभिड १९ को सामाना गरिरहँदा आप्रवासी महिला श्रमिकहरूको विकल्पको पहिचान र कोभिड १९ विरुद्धको सरकारी नीति, नियम र निर्णय  र यसले आप्रवासी महिला श्रमिकमाथि पारेको असर र नेपाल आउन नदिइएका आप्रवासी महिला श्रमिकका परिवारमा परेको मानसिक तनावको विश्लेषण गर्ने उद्देश्यले दाङ, मोरङ, कैलाली र उदयपुरमा तेह्रथुम र डोटीका ३० जना (२५ जना वैदेशिक रोजगारबाट फर्केका र ५ जना विदेशमा रहेका) श्रमिक महिलाहरूसँग अनुसन्धान गरियो ।

१८औं शताब्दीबाट सुरुवात भएको श्रमिक महिलाको अधिकारको आन्दोलन २१ औं शताब्दीसम्म आइपुग्दा पनि नेपालमा भने महिलाहरूले आफ्नो पूर्ण अधिकार उपभोग गर्न पाएका छैनन् । सबै महिलाहरू श्रमिक हुन्, चाहे उनीहरूले पारिश्रमिक लिएर वा विनापारिश्रमिक सेवामूलक कार्य गरेर आफ्नो जीविकोपार्जन गर्दछन् । ओरेकले समुदाय तहदेखि राष्ट्रिय तहसम्म महिला श्रमिकहरूको मुद्दालाई समेटेर यसको वकालत गर्दै आइरहेको झण्डै तीन दशक भइसकेको छ । १११ औं अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसको अवसरमा महिला सशक्तीकरण नेतृत्व र समानताका लागि किशोरी तथा श्रमिक महिलाहरूलाई काम गर्न सहज होस् र किशोरीहरूलाई शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले दाङका सरकारी तथा गैरसरकारी संस्था, वित्तीय सघंसंस्था र व्यक्तिगत सहयोगमा  ५२ जना  किशोरी र दुई जना श्रमिक महिलालाई साइकल प्रदान गरियो ।

महिला दिवसकै सन्दर्भमा दाङमा महिलाको कामको सम्मान : रूपमान्तरणको अभियान विषयक जिल्लास्तरीय परामर्श गोष्ठी सम्पन्न भयो ।




*श्रमिक महिलाहरूलाई नगर प्रमुखको हातबाट साइकल वितरण*

२०२१ मार्च ७ मा ओरेक धनुषाले मिथिला नगरपालिकाको प्लाइउड फयाक्ट्रीमा काम गर्ने महिला कर्मचारीहरूलाई ८ मार्चमा बिदा दिनका लागि ज्ञापन पत्र बुझाएकोमा कारखानाका सबै १५० जना जति महिला कर्मचारीहरूलाई पारिश्रमिकसहित बिदा पाए। संस्थाकै पहलमा धनुषा धाममा वनस्पति उद्यान केन्द्रमा काम गर्ने महिला श्रमिकले पारिश्रमिकसहित बिदा पाए ।

त्यस्तै मानव बेचबिखन तथा ओसार पसार विरुद्धको दिवसको अवसरमा दाङमा आयोजित अन्तरक्रिया कार्यक्रममा सरकारी तथा गैरसरकारी संघसंस्था, प्रहरी, स्थानीय जनप्रतिनिधि र युवाहरूले मानव बेचबिखन रोक्नका लागि सबै एकजुट भई सचेतनामूलक कार्यक्रम गर्ने र कानून कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता गरे ।

**३.२.४ वैदेशिक रोजगारबाट फर्किएका महिला सञ्जाल गठन तथा नेपाल सरकारले दिने सेवा सुविधा तथा सीप पहिचानसम्बन्धी छलफल कार्यक्रम**

देशमा प्रसस्त रूपमा रोजगारीका अवसरहरू सृजना हुन नसक्दा वैदेशिक रोजगारीको खोजीमा हरेक दिन १५०० देखि २५०० युवाहरू रोजगारीका लागि विदेशिने गरेको पाइन्छ। यसरी रोजगारीका लागि विदेशिने महिलाको संख्या पनि दिन प्रतिदिन बढ्दो छ। यसले एकातिर उनीहरू आर्थिक रूपमा सशक्त भएका छन् भने अर्कोतिर उनीहरूमा सीपको विकास भएको छ। तर विदेशबाट फर्किएर आएको अवस्थामा पुँजीको अभावमा आफूले चाहेजस्तो व्यवसाय गर्न नसकेको र कोरोना महामारीका कारण रोजगार गुमाएर घरमा बस्नुपर्ने बाध्यताले धेरै गाह्रो भएका कारण दाङमा वैदेशिक रोजगारबाट फर्केका महिलाहरूको सीप पहिचान गरी स्थानीय सरकारले दिने सेवा सुविधाहरूबारे जानकारी गराइयो ।

**३.२.५ घरेलु कामलाई मर्यादित कामको मान्यतासम्बन्धी छलफल कार्यक्रम**

महिलाहरूले गर्ने घरभित्रको कामलाई श्रमको मान्यता दिइएको छैन, जसको फलस्वरूप महिलाको श्रमको मूल्याङ्कन हुने गरेको छैन। श्रम क्षेत्रलाई हेर्ने फरक नीतिगत तथा सामाजिक दृष्टिकोणका कारण महिला श्रमिकहरू हरेक क्षेत्रमा विभेदित (श्रम शोषण, ज्यालामा असमानता, यौन शोषण) मा परिरहेका छन्। दाङमा वैदेशिक रोजगारबाट फर्केका महिलाहरूलाई लक्षित गरी घरेलु काम, मर्यादित श्रम र नेपाल सरकारको श्रम ऐन, २०७४ का प्रावधानबारे छलफल गरियो ।

**३.२.६ अभिमुखीकरण**

श्रममा समान अधिकार स्थापित गर्ने र मर्यादित श्रमलाई देश विकासको आधारका रूपमा स्थापित गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो। सामाजिक र सांस्कृतिक रूपान्तरण त्यतिबेला मात्र सम्भव हुन्छ जब देशमा महिलालाई हेर्ने विभेदपूर्ण र असमान व्यवहार साथै सोचको अन्त्य भई महिलाको स्वपहिचान स्थापित गर्ने, महिलाको श्रमको पहिचानु हुने र महिलाको आफ्नो शरीरमा आफ्नो अधिकार कायम हुने वातावरणको सृजना हुन्छ ।

मोरङमा लैङ्गिक समानता, महिलाको श्रम, मर्यादित काम र महिलाको पक्षमा संविधानमा भएका प्राबधान, स्थानीय तहको महिला अधिकारका लागि गर्नुपर्ने कार्यक्रमबारे ३५ वटा कार्यक्रम सञ्चालन गरी ८६० महिला तथा ५४ पुरुष गरी जम्मा ९१४ जनालाई अभिमुखीकरण गरियो । त्यस्तै महिलाको गतिशीलता, समानता, कानूनी व्यवस्था, सुरक्षित वैदेशिक रोजगार, वैदेशिक रोजगारमा जाँदा लाग्ने खर्चको लेखाजोखा र स्थानीयस्तरमा भएको सेवा सुविधाहरूमा पहुँचसम्बन्धी २५ वटा दुई दिने कार्यक्रम गरी ५१२ महिला तथा १३ जना पुरुष गरी जम्मा ५२५ जनालाई अभिमुखीकरण गरियो ।

### ३.२.७ वैदेशिक रोजगारसम्बन्धी सूचना केन्द्र सञ्चालन (जिल्ला प्रशासन कार्यालय )

सही सूचनाको अभावमा मानिसहरू समस्यामा पर्न सक्छन् । सही निर्णय, सूचना र जोखिम कम गर्ने उपायहरूको अवलम्बन गर्न सक्दा वैदेशिक रोजगारीमा हुन सक्ने ठगी, शोषण, बेचबिखन तथा ओसार-प्रसारजस्ता जोखिम कम हुने भएकाले जिल्ला प्रशासन कार्यालय, ओरेक मोरङ, साना हातहरू र सामी परियोजनाले संयुक्त रूपमा आप्रवासन सूचना केन्द्र सञ्चालन गरेकामा १८५९ पुरुष २६८ महिला गरी जम्मा १०९१ लाई सुरक्षित वैदेशिक रोजगारबारे जानकारी गराइयो ।

## ३.३. दिगो जीविकोपार्जनका कार्यक्रम

दिगो जीविकोपार्जन कार्यक्रमले कृषि, पशुपालन तथा उत्पादकत्व वृद्धि, जीवनउपयोगी सीपकलाको विकास तथा प्रबर्द्धन, खाद्य अधिकार तथा खाद्यमा पहुँच वृद्धिका लागी पहल तथा समन्वय गरी गरिबीको कूचक्रलाई सम्बोधन गर्ने, स्रोत तथा साधनमाथिको नियन्त्रण तथा समान पहुँच, खाद्य सम्प्रभूताको सुनिश्चितता गरी आत्मनिर्भर हुने गरी जीवनयापन गर्न सहयोग गर्दछ। यस कार्यक्रमअन्तर्गत सचेतनामूलक अभिमुखीकरण, उद्यमशीलता विकास, सघन जैविक खेती प्रणाली, बीउ पुँजी सहयोग, पर्यावरणमैत्री नमूना गाउँ निर्माण तथा प्रबर्द्धन, जलवायु अनुकूलन र प्राकृतिक स्रोत व्यवस्थापनका लागि सरोकारवालासँग समन्वय र सहकार्य गर्दै कार्यक्रम सञ्चालन तथा पैरवी गर्दै आइरहेको छ । यो कार्यक्रम प्रदेश नं. १ (मोरङ, उदयपुर, सुनसरी), प्रदेश नं. २ (सिरहा, धनुषा, महोत्तरी र सर्लाही), लुम्बीनी प्रदेश (दाङ), कर्णाली प्रदेश (रुकुम पश्चिम) र सुदूरपश्चिम प्रदेशमा (कैलाली) मा सञ्चालित थिए, जसबाट ३०३७ जनामध्ये महिला २६०२ जना र पुरुष ४३५ जना लाभान्वित भएका थिए ।

### ३.३.१. आम सचेतीकरण कार्यक्रम :




समाजमा विद्यमान विभेदपूर्ण संरचना, हिंसा र स्रोतको अव्यवस्थित प्रयोगले गर्दा गरिबी भोकमरी व्यापकता जताततै भयावह रूपमा रहेको छ । यसका साथसाथै कृषिबालिको रैथाने जातहरू मासिँदै आइरहेको छ । पशु-चौपायामा संक्रामक रोगहरू व्यापक भई साना किसानलाई जीवन यापन गर्न एकदमै कठिनाइ भइरहेको अवस्था छ । यस्तै समस्याहरू र चुनौतीलाई सूक्ष्म आँकलन गरी दिगो जीविकोपार्जन कार्यक्रम मार्फत् सघन जैविक खेती प्रणालीको अवधारणालाई जोडका साथ अभियान सञ्चालित जिल्लाहरूमा लागू गर्न ओरेक प्रयासरत रहेको छ । सबै खालको खाद्यन्न उत्पादनले साना, विपन्न तथा सीमान्तकृत किसानहरूमा जोखिम पक्ष बढी हुने हुँदा किसानको दिगो जीविकोपार्जन गर्न सघन बाली प्रणाली बहुउपयोगी रहेको सावित भएको छ । साथसाथै स्रोत-साधन, प्रविधि र ज्ञानलाई जोड दिँदै पौष्टिक र स्वस्थ्यकर खाद्य उत्पादन प्रशोधन र प्रयोगमा विशेष प्राथमिकता दिँदै आइरहेको छ । यस्ता किसिमका समस्याहरूलाई समाधानका लागि संस्थाले



*रसायनिक किटनासक औषधिको प्रयोगबाट हुने नकरात्मक प्रभावबारे अभिमुखिकरण*

स्थानीय तह तथा निकायहरूको सहकार्यमा पशु घुम्ती शिविर, कृषि मेला पनि सञ्चालन गर्ने गरेको छ । यसैगरी कृषकहरूको भेला गराई जलवायु परिवर्तनले दिगो जीविकोपार्जन र महिलाको स्वास्थ्यमा परेको प्रभावविरुद्ध समुदायले अपनाएका अनुकूलनको रणनीतिहरूलाई अभिलेखीकरण पनि गर्ने गरेको छ । संस्थाले विषयगत अभिमुखीकरण, कृषकहरूको घरदैलो भेटघाट तथा समूहगत रूपमा छलफल गरी आम सचेतीकरण गर्ने कार्यहरू गर्दै आइरहेको छ र यस वर्ष सञ्चालित २६५ वटा क्रियाकलापबाट जम्मा १७८७ जनामध्ये महिला १४४२ जना र पुरुष ३४५ जना लाभान्वित भएका थिए ।





### ३.३.२. महिला उद्यमशीलता सीप विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिहरू:



हिंसा प्रभावित महिला, विपन्न समुदायका महिलाको जीविकोपार्जनको स्थिति तुलनात्मक रूपमा अन्य महिलाको भन्दा कमजोर रहेको देखिएकाले समुदायमा महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरणका गतिविधिहरूको आवश्यकता अपरिहार्य रहेको छ । सीप तथा व्यवसायमूलक तालिमहरूले सम्पत्तिमाथि महिलाहरूको अधिकार, रोजगारीको अधिकारलगायत स्थानीय तहका योजना र बजेट तर्जुमामा महिलाको सवालहरू समेटिने तथा स्रोत-साधनहरूमा पहुँच बढाई आर्थिक रूपमा सशक्त र सबल बनाउन सहयोग पुऱ्याइरहेको हुन्छ । यसैले संस्थाले महिलाहरूको उद्यमशीलता बिकासका लागि स्थानीय तह तथा सरोकारवाला निकायहरूसँगको समन्वय तथा सहकार्यमा ज्ञान तथा सीपमूलक तालिमहरू सञ्चालन गर्दै आइरहेको छ । यस वर्ष संस्थाले महिला उद्यमशीलता सीप विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी तालिमहरू सञ्चालन गरी समुदायका ३६२ जना महिलाहरूको सीप तथा क्षमता अभिवृद्धिमा सहयोग गरेको छ ।

### ३.३.३. प्राविधिक तालिम सञ्चालन:



समुदायका विपन्न तथा हिंसा प्रभावित महिलाहरूको सामाजिक सशक्तीकरण तथा दिगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले ओरेकले उदयपुर जिल्लामा सामुदायिक पशुपालन सहायक, सामुदायिक कृषि सहायक, कृषि जेटीए र भेटनरी जेटीए तालिम, तालिम केन्द्र मार्फत् प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा राष्ट्रिय सीप परीक्षण



*पशु प्राविधिक सहायक तालिम अन्तरगत अभ्यासरत विद्यार्थी*

केन्द्रसँग समन्वय गरी समुदायका महिला तथा पुरुषहरूको दक्षता अभिवृद्धिका लागि सञ्चालन गरिरहेको छ। ओरेक मार्फत् अभियान सञ्चालन भइरहेका जिल्लाहरूमा प्राविधिक जनशक्ति उत्पादन गरी परिचालन गर्न सहयोग गरेको छ। संस्थाको यस कार्यले स्थानीय स्तरमा दक्ष जनशक्ति तथा स्वरोजगारको अवस्था निर्माणमा सहयोग पुगेको छ। यस आ.व.मा तालिम केन्द्रबाट ४९ जना महिलाहरूले प्राविधिक शिक्षा प्राप्त गर्न सफल भएका थिए ।




*सामुदायिक कृषि सहायक र सामुदयिक पशु सहायक तालिममा सहभागि विद्यार्थीहरु*

### ३.३.४. बीउ पुँजी सहयोगः



*विउपुँजी सहायताबाट भैंसि पालनमा संलग्न स्थानिय महिला*

ओरेकले अभियान सञ्चालनरत जिल्लाहरूमा यस वर्ष १०५ जना महिलाहरूलाई व्यवसाय सञ्चालन गर्न सहयोग गरेका छ, साथै यसको दिगोपना र निरन्तरताका लागि स्थानीय सरोकारवाला, गाउँपालिका, नगरपालिकाहरूसँग समन्वय र पहल गरेको छ । ओरेकले २ दिने व्यावसायिक योजनासम्बन्धी तालिम सञ्चालनपश्चात्, व्यावसाय निर्माण गर्न सहयोग गरी व्यावसाय सञ्चालनका लागि सहयोग रकम प्रदान गरेको थियो । जम्मा १०५ जना महिला व्यावसायीहरूलाई बंगुरपालन, बाखापालन, भैंसीपालन, कुखुरापालन, किराना पसल, तरकारी पसल, घुम्ती कस्मेटिक पसल, चिया नास्ता पसल, खाजा ठेला पसल आदि गर्नका लागि सहयोग उपलब्ध गराएको थियो ।



*विउपुँजी पश्चात खुद्रा व्यवसाय सञ्चालन*

### ३.३.५. कृषि तथा पशु व्यावसाय संरक्षण तथा प्रबर्द्धनः

ओरेकले पशुपालनको क्षेत्रमा देखापर्ने समस्याहरूको तत्कालीन समाधानका लागि र कृषकहरूलाई पशुपालन गर्दा पर्ने समस्या समाधान गर्ने उद्देश्यले अभियान सञ्चालित जिल्लाहरूमा ३ दिने पशुपालनसम्बन्धी



*बाखा पालन सम्बन्धि परामर्श दिइदै*

तालिमहरू समुदायस्तरमा नै सञ्चालन गरेको थियो। जसबाट किसानहरूले प्रत्यक्ष रूपमा पशुपालन गर्दा लाग्ने रोगहरूसम्बन्धी जानकारी, पशुको हेरचाह गर्ने तरिका र पशुलाई चाहिने आवश्यक आहार र यसबाट हुने फाइदा सम्बन्धमा जानकारी गराइएको थियो। यसैअन्तर्गत गाउँपालिका र नगरपालिकाको पशुशाखासँग समन्वय गरी पशुका लागि आवश्यक रोगविरुद्धको खोपहरू खोरेत रोग विरुद्धको खोप २५० पशुलाई लगाइएको थियो, बाखाको ६७ क्यास्ट्र्यासन, पशुस्वास्थ्य र स्याहारसम्बन्धी ७५ जना पशुपालक महिला कृषकहरूलाई तालिम र १२२ जना कृषकहरूलाई परामर्श सेवा प्रदान गरिएको थियो, तालिमको समयमा पशु बीमासम्बन्धी जानकारी पनि पशुसेवा प्राविधिकको माध्यमबाट बीमा कम्पनीसँगको सहकार्यमा सञ्चालन गरिएको थियो।



*सामुदायिक कृषि सहायकहरुलाई च्याउ खेति सम्बन्धि तालिम*

**३.३.६. पर्यावरणमैत्री नमूना गाउँ प्रबर्द्धन कार्यक्रमः**



*प्रयावर्तित मैत्रि गाँउ अन्तरगत सामाजिक नक्साकंन बनाउदै*

ओरेकले महिलावादी दृष्टिकोणबाट दिगो सामुदायिक विकासका लागि पर्यावरणमैत्री नमूना गाउँ (ईको भिलेज) को अवधारणा विकास गरी अभियान सञ्चालित जिल्लाका स्थानीय तहको समुदायहमा पर्यावरणमैत्री नमूना गाउँ (ईको भिलेज) को  अवधारणा विस्तार गर्दै आइरहेको छ। यो कार्यक्रम उदयपुर (२३६ घरधुरी) दाङ (३२० घरधुरी) सिरहा

(२२९ घरधुरी) र रुकुम (६५ घरधुरी) का जम्मा ५,०७८ जनसंख्या लाभान्वित हुने गरी कार्यक्रम सञ्चालन गरिएको थियो। जसमध्ये यस वर्ष उदयपुर जिल्लाको लिमचुङबुङ गाउँपालिकाका २ वटा बस्तीका ४० घरधुरीका १३० महिला र ९० पुरुष गरी कुल २२० जनालाई प्रत्यक्ष पर्यावरणमैत्री नमूना गाउँ प्रवर्द्धनका लागी सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरियो।

धनुषा (४५) र महोत्तरी (५५ घरधुरी) को स्थानीय निकायसँग समन्वय गरी प्रारम्भीक चरणको सर्वेक्षणको काम गरिएको छ। पर्यावरणमैत्री नमूना गाउँको सूचक र यसलाई समुदाय स्तरमा अवलम्बन गराउनका लागि स्थानीय निकायहरूसँग निरन्तर छलफल, बैठक कार्यक्रम गरिरहेको छ। पर्यावरणमैत्री नमूना गाउँ प्रवर्द्धन कार्यक्रमले समुदायको स्थितिलाई प्रकृति तथा पर्यावरणमैत्री र प्रविधिको प्रयोग गर्ने क्षमतामा अभिवृद्धि गर्न उत्प्रेरित गर्दछ।

**३.३.७. दिगो विकास लक्ष्यको प्राप्ति र कार्यान्वयनमा पहल :** ओरेकले दिगो विकास सम्बन्धित लक्ष्यहरू अनुरूप अन्तर ाष्ट्रिय प्रतिबद्धताहरूलाई टेवा पुग्ने गरी नेपाल सरकारले तय गरेका राष्ट्रिय लक्ष्यलाई लक्षित गर्दै अभियानहरू केन्द्र, प्रदेश र स्थानीयतहदेखि समुदायस्तरसम्म सञ्चालन गर्दै आइरहेको छ । अभियान निर्माण गर्ने र कार्यान्वयन गर्ने/गराउने उद्देश्यले समन्वय, सहकार्यका लागि नियमित बैठकहरू गर्दै आइरहेको छ, जसको फलस्वरूप स्थानीय निकायहरू (गाउँपालिका, नगरपालिकाहरू) सँग समन्वय र सहकार्य बढेको छ। हाल पालिकाहरूले दिगो जीविकोपार्जनका लागी लक्षित समुदायहरूलाई मध्यनजर गरी पालिकाबाट बजेट विनियोजन गर्ने र आपसी समन्वयमा कार्यान्वयन गरेको पनि देखिन्छ ।



*जैविक झोल मल बनाउन वितरण गरिएका ड्रमहरु*

# ४. स्नेह अभियान

कुनै पनि बिपत्⁄प्रकोपको अवस्थामा संरचनात्मक हिसाबले पछाडि पारिएका लिङ्ग, वर्ग, जात र समुदाय झन् बढी विभेदमा परेका विभिन्न अनुसन्धान र महिलाहरूको भोगाइले पुष्टि गर्दछ। यस्तो अवस्थामा महिलाभित्रको विविधता र उनीहरूको विविध आवश्यकताहरूलाई ध्यानमा राखी लैङ्गिक-संवेदनशील सेवा प्रवाह अनिवार्य आवश्यकता हो। महिलाहरूको फरक आवस्यकतालाई सम्बोधन गर्दै आत्मसम्मानजनक जीवन यापनका लागि सहयोग गर्ने उद्देश्यले ओरेकले स्नेह अभियान सञ्चालन गर्दै आइरहेको छ। स्नेह अभियान कोशी बाढीको समयमा गर्भवती, सुत्केरी महिलाहरूका लागि सुरक्षित व्यवस्था, विशेष कार्यक्रम, भूइँचालोको समयमा गरिएका सहयोहगहरू विपद्को बेला सञ्चालन गरेको विशेष अभियान हो। यस वर्षमा पनि कोभिडको १९ र बाढीबाट प्रभावितहरूलाई मनोविमर्श सेवा, खाद्यान्न र स्वास्थ्य सामग्री सहयोगलगायत विभिन्न सहयोगका गतिविधिहरू सञ्चालन गरेको छ। त्यसैगरी बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को उचित कार्यान्वयनका लागि पनि स्नेह अभियानअन्तर्गत पैरवी पनि निरन्तर सञ्चालनमा छ।

**४.१ यस वर्ष काठमाडौं, सुनसरी, मोरङ, उदयपुर, सिरहा, सर्लाही, महोत्तरी, धनुषा, रुकुम, दाङ, बर्दिया, कैलाली, दैलेख, जुम्ला, सुर्खेत, ओखलढुंगा र सिन्धुपाल्चोक गरी जम्मा १७ वटा जिल्लामा स्नेह अभियान मार्फत् महिला, किशोरी तथा पछाडि पारिएको समुदायका सदस्यहरूलाई आभारभूत दैनिक आवस्यकताको सेवा** जस्तै : मनोविमर्श, सुरक्षा बास, खाद्यन्न, जीविकोपार्जन सहयोगार्थ कृषिजन्य सामग्रीहरू र सरसफाइका सामानहरू सहयोग गरिएको छ। जम्मा ७५८३ जनाले सेवा प्राप्त गर्नुभएको छ।

त्यसैगरी महामारीको अवस्थामा महिलामाथि भएका हिंसाको अवस्थालाई अभिलेखीकरण गरी सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गराउने तथा प्रभावितका तत्कालको आवश्यकतालाई पहिचान गरी छिटोछरितो तथा सहज र प्रभावकारी रूपमा सेवा प्रवाहका लागि सहजीकरण गर्ने उद्देश्यले संस्थाले महिला तथा किशोरीमाथि भएका हिंसाका घटनाहरूको अभिलेखीकरण तथा विश्लेषण गरी हरेक पन्ध्र दिनमा प्रेस विज्ञप्ति जारी गरी ध्यानाकर्षण गराएको थियो।


**४.२ मेलम्ची खोलामा आएको बाढीबाट प्रभावितहरूलाई** प्राथमिक मनोवैज्ञानिक सहयोग र व्यक्तिगत मनोविमर्श सेवा प्रदान मेलम्ची नगरपालिकासँगको सहकार्य र समन्वयमा ओरेक र तरङ्गिनी फाउन्डेसनले असार ८ गतेबाट मेलम्ची न. पा. वडा नं. १०, ११ का बाढी प्रभावित बस्तीहरूमा मनोविमर्श सेवा प्रबाह गर्दै आइरहेको छ। मेलम्चीमा एउटा मनोविमर्श केन्द्र मार्फत् ३ जना मनोविमर्शकर्ताहरू एवं दुईजना जनस्वास्थ्यकर्मीहरू मार्फत् असार ८ गतेदेखि ३१ गतेसम्म १७६ महिला तथा किशोरी र १५ पुरुष गरी जम्मा १९१ जनाले सेवा प्राप्त गरिसकेका छन्।



*मेलम्चीका बाढी प्रभावितहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै*

## ४.३ मनोविमर्श सेवाको विवरण

कोभिड १९ को बेलामा महिलामाथि हुने हिंसाको घटनाहरू तुलनात्मक हिसाबले बढेको देखिन्छ । जसले गर्दा महिलाहरू विभिन्न तनाव र मानसिक स्वास्थ्य समस्याबाट गुज्रिन बाध्य छन् । त्यसैगरी संक्रामणको डरले पनि थप समस्याहरू देखा परेको थियो । यस्तो परिस्थितिमा ओरेकले प्रत्यक्ष्य र फोन मार्फत् हिंसा प्रभावित महिलाहरूलाई मनोविमर्श सेवा प्रदान गरेको छ ।




*विभिन्न जिल्लामा जम्मा ३९९२ लाई मनोविमर्श सेवा प्रदान गरिएको*

## ४.४ मर्यादित सामग्री (Dignity Kits) वितरण

कोभिड १९ को महामारीबाट समग्र विश्व प्रभावित भइरहेको अवस्थामा हिंसाबाट प्रभावित, सुत्केरी र गर्भवती महिला तथा बालिकालाई सहयोग गर्ने उद्देश्यअनुरूप ओरेकले काठमाडौं, उदयपुर, ओखलढुंगा, रुकुम, धनुषा गरी जम्मा ५ वटा जिल्लाका ४२८ जनालाई मऱ्यादित सामग्री वितरण गरिएको छ। यस कार्यले महिला तथा किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता र आत्मसम्मानजनक जीवन यापनका लागि सहयोग गरेको छ । साथै सरकार तथा अन्य संघ-संस्थाले वितरण गर्ने राहत सामग्रीभित्र मर्यादित सामग्रीलाई पनि समावेश गर्न पैरवी गरिएको छ । स्थानीय सरकारसँगको समन्वयमा विभिन्न जिल्लाका एकल, हिंसा प्रभावित, गर्भवती, सुत्केरी र अपाङ्गता भएका महिलाहरूलाई । जसमा खाद्यान्न सहयोग, मर्यादित सामग्री, जीविकोपार्जन सहयोगार्थ कृषिजन्य सामग्रीहरू र सरसफाइका तथा स्वास्थ्य सामग्री वितरण गरिएको छ ।

## ४.५ रेडियो कार्यक्रम

सामुदायिक रेडियोहरू मार्फत् जम्मा ५ वटा जनचेतनामूलक रेडियो पी.एस.ए रेडियो तुलसीपुर, रेडियो प्रकृति, रेडियो हाम्रो पहुँच र रेडियो मध्यपश्चिमबाट प्रसारण गरिएको थियो । जसबाट करिब ५०००० जनाले स्वः हेरचाह, लैङ्गिक हिंसा सम्बोधनका माध्यमबाट विभिन्न सेवा प्रदायकहरूको बारेमा जानकारी, कोरोनाबाट बच्ने उपायबारे सूचना पाएका छन् ।

## ४.६ खाद्यान्न र कृषि सामग्री वितरण

उदयपुर, मोरङ, दाङ, कैलाली, सिराहा, सुनसरी र धनुषा गरी ७ वटा जिल्लाहरूमा करिब २५०० महिला तथा किशोरीहरूलाई खाद्यान्न/कृषि सामग्री वितरण गरी उपलब्ध गराएको छ । राहत प्याकेजमा खाद्य सामग्री जस्तै : चामल, गेडागुडी, दाल, नुन, तेल लगायतका खाद्यवस्तु राखिएको थियो । साथै, प्याकेजमा सेनेटरी कपडा, डिटर्जेन्ट, साबुन, मास्कको प्याकेट र महिनावारीमा प्रयोग हुने कपडा पनि समावेश गरिएको थियो । त्यसैगरी कृषि साामग्रीमा बीउ-बिजन, कृषि औजारहरू पनि वितरण गरिएको छ जसले गर्दा महिलाहरूको कृषि उत्पादनमा पहुँच बढेको छ ।

साथै संस्थाको निरन्तर प्रयासबाट कमजोर सामाजिक-आर्थिक अवस्था भएका जम्मा १००५ जना महिला तथा किशोरीहरूलाई स्थानीय सरकारको राहत कार्यक्रममा पहुँच भई राहत प्राप्त गर्न सफल भएका छन् ।

## ४.७ घुम्ती स्वास्थ्य शिविर

त्यसैगरी गर्भवती, सुत्केरी तथा आर्थिक अवस्था कमजोर भएका कारण स्वास्थ्य सेवाबाट वञ्चित भएका समुदायका महिला तथा किशोरीहरूलाई लक्षित गरी विभिन्न जिल्लामा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरेको पालिका, स्वास्थ्य चौकी, स्वास्थ्य शाखा र सामुदायिक संस्थासँगको समन्वयमा सञ्चालन गरिएको । यस कार्यक्रमबाट जम्मा १०९१ गर्भवती, सुत्केरी र अन्य स्वास्थ्य समस्या भएका महिला तथा किशोरीहरूले सेवा प्राप्त गरेका छन् । नेपाल सरकारले बनाएको मापदण्डअनुसार, सुरक्षा सामाग्रीको प्रयोग गरी सञ्चालन गरिएको थियो ।

# ५.महिलावादी नेतृत्वको विकास

नेपालमा १४,००० भन्दा बढी महिला सार्वजनिक पदमा निर्वाचित भइसकेर पनि पुरुषको तुलनामा महिलालाई अवमूल्यन गर्ने लैङ्गिक, सामाजिक मान्यताहरू उनीहरूले खेल्ने भूमिकाका लागि महत्वपूर्ण बाधा बनेर बसेका छन् । यस चुनौतीलाई सम्बोधन गर्न, युएन वुमन नेपालले ओरेक र हिमाल  इनोभेटिभ डेभलपमेन्ट एन्ड रिसर्च (HIDR) लाई दुई वर्षको परियोजना 'इनहासिङ फेमिनिस्ट लिडरसिप फर युएन वुमन नेपाल प्रोग्रामिङ' मार्फत् महिलावादी परिचालन र आन्दोलन निर्माणलाई सुदृढ गर्न चयन गरेको थियो । परियोजनाले यसका तीन कार्यक्रमिक उद्देश्यहरू प्राप्त गर्न काम गरेको थियो ।

### परियोजनाको कार्यक्रमिक उद्देश्य

अधिकारमा आधारित विकास कार्यक्रमहरूमा महिलावादी नेतृत्व सिद्धान्तहरू लागू गर्न संयुक्त राष्ट्र महिलाका राष्ट्रिय साझेदारहरूको संस्थागत क्षमता विकास गर्नु, दिगो विकास लक्ष्य (SDG) को कसैलाई पछि नछोड्ने (LNOB) सिद्धान्तअनुरूप समावेशी शासनमा क्षमता विकासको पहल गर्दै र महत्वपूर्ण लैंगिक आधारित अवरोधहरू र बाधाहरूका बारेमा स्थानीयस्तरमा ज्ञानको एक निकाय निर्माण गर्नु, दिगो विकास लक्ष्य (SDG) को कसैलाई पछि नछोड्ने (LNOB) सिद्धान्तअनुसार स्थानीय स्तरमा (प्रदेश २, ३ र ७ मा) महिलावादी नेतृत्व प्रबर्द्धन गर्ने  कार्यक्रमहरू विकास गर्न र कार्यान्वन गर्न तल दिइएका जिम्मेवार साझेदारहरूलाई प्राविधिक र अन्य सहयोग प्रदान गर्नु, रहेका थिए ।

सामाजिक-सांस्कृतिक परम्पराबाट उत्पन्न हुने संरचनात्मक भेदभावको मूल कारणहरूलाई सम्बोधन गर्न राज्य र गैरराज्य पक्षहरूलाई प्रभाव पार्न राष्ट्रिय/उपराष्ट्रियस्तरमा संस्थागत सञ्जालहरू र विकास कार्यक्रमहरूलाई उत्प्रेरित गर्ने यस परियोजनाको समग्र उद्देश्य थियो ।

### प्रमुख साझेदारहरू

परियोजना उद्देश्यहरू पूरा गर्न औपचारिक सम्झौताहरू मार्फत् तीन साझेदारहरू छानिएका थिए: (१) रणनीतिक कार्यान्वयन योजना (SIP) निर्माणका लागि ज्ञानबोध अनुसन्धान र विकास केन्द्र, (२) संचार र वकालत रणनीति विकास गर्न विकास र कर्पोरेट कम्युनिकेसन प्रा. लि. र (३) सकारात्मक विज्ञानका लागि पूर्वी अनुसन्धान संस्थान जिम्मेवार साझेदारहरूको सकारात्मक सोधपुछका लागि ।

ओरेक र हिमाल इनोभेटिभले परियोजनाभरि अन्तरपुस्ता महिलावादी, अन्तर्राष्ट्रिय र राष्ट्रिय महिलावादी समूहहरूसँग काम गरे । ओरेक र हिमाल इनोभेटिभले दक्षिण एशियाका महिलावादी संगठनहरू जस्तै : संगत (नेटवर्क), क्रिएटिङ रिसोर्स फर एम्पावरमेन्ट इन एक्सन (CREA) र बंगलादेशबाट बंगलादेश कानूनी सहायता र सेवा ट्रस्ट (BLAST), मुस्लिम व्यक्तिगत कानून सुधार कार्य समूह (MPLRAG) सँग परामर्श गरेका थिए । त्यस्तै मुस्लिम पर्सनल ल रिफर्म एक्सन ग्रुप (MPLRAG) श्रीलंका र नेपालबाट फेमिनिस्ट दलित संगठन (FEDO) सँग पनि काम गरे क्ष महिलावादी नेतृत्वमा ग्लोबल साउथबाट उत्कृष्ट अभ्यासहरूको संग्रहको विकास गर्ने क्रममा ओरेक टिम विशेषतः वकालतका लागि कार्य सूची निर्धारण गर्ने र पैरवीका लागि जनपरिचालन गर्ने रणनीतिहरूमा केन्द्रित रहेको थियो । महिलावादी परिचालन र आन्दोलन निर्माणलाई बलियो बनाउन, र युएन वुमनले विकास अभ्यासमा बलियो महिलावादी परिप्रेक्ष्य ल्याउन आफ्नो राष्ट्रियस्तरका साझेदारहरू, जिम्मेवार पक्षहरूलाई समर्थन गर्न प्राविधिक स्रोत संगठनको रूपमा सहयोग गर्न ओरेकलाई संलग्न गरेको थियो । ओरेक र हिमाल इनोभेटिभले परियोजनाभरि चयन गरिएका चार जिम्मेवार पक्षहरूसँग काम गरे, ती जिम्मेवार पक्षहरू थिए : कानूनी सहायता तथा परामर्श केन्द्र (LACC), न्याय तथा अधिकार संस्थान नेपाल (JuRI), समानता विकास केन्द्र (EDC) र नेपाल राष्ट्रिय दलित समाज कल्याण संगठन (NNDSWO) ।

परियोजनाअन्तर्गत गरिएका पहलहरूले समन्वयको निर्माण र जिम्मेवार पक्षहरू, अन्तरपुस्ताका नारीवादी र नारीवादी संगठनहरूसँग सौहार्दपूर्ण र बलियो सम्बन्धको विकासमा पनि सहयोग पुर्‍याए ।

**उपलब्धिहरू** : महिलावादी जिम्मेवार पक्षहरू ओरेक र हिमाल इनोभेटिभल यो परियोजनाको अवधिमा (अगस्ट २०१९ देखि जुलाई २०२१) गरेका उपलब्धिहरूलाई सारांशमा दिइएको छ ।

यस परियोजनाले स्थानीय सरकारहरूमा महिलावादी नेतृत्वका दृष्टिकोणहरू उनीहरूका नीति र कार्यक्रमहरूमा झल्किने गरी योगदान पुर्‍याएको छ । परियोजनाले निम्न महिलावादी दृष्टिकोण र सिद्धान्तहरूको एकीकरणका लागि सहयोग गरेको छ : (१) समानता, (२) गैरभेदभाव, (३) विविधताको सम्मान, (४) कामको केन्द्रमा महिला अधिकार, (५) शक्ति र विशेषाधिकार, (६) अन्तरविभाजन र (७) ऐतिहासिक शक्ति असन्तुलन हटाउन रूपान्तरणकारी परिवर्तनको समर्थन । यद्यपि, स्थानीय निकायहरूले अझै पनि आफ्ना नीतिहरूमा सम्पूर्ण महिलावादी दृष्टिकोण र सिद्धान्तहरू अपनाएका छैनन् ।

परियोजनाको प्रगति : परियोजना लागू भएका स्थानीय निकायहरूमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको संगठन (एइक) र ग्रासरुट महिला संगठनहरू (GWOs) द्वारा अपनाएका महिलावादी सिद्धान्तहरू र संगठनात्मक अभ्यासहरूलाई अगाडि बढाउनका लागि विशेषतः महिलावादी नेतृत्व र समावेशी शासनका लागि आवाज उठाउने निर्वाचित प्रतिनिधिहरूलाई सहयोग गर्नमै सीमित थियो । यो योजनालाई आयोजनाले आफ्नो जीवनकालमा कार्यान्वियन गर्न सकेको छैन ।

महिलावादी नेतृत्वका मूल्य र सिद्धान्तअनुसार कूल ११ संस्थागत नीतिहरूको परिमार्जन गरिएको छ र सात नीति र रणनीतिहरू सुरु गरिएका छन् । फलस्वरूप, जिम्मेवार पक्षहरूबाट कुल ६० कर्मचारी र सदस्यहरूले नारीवादी नेतृत्वको विषयमा आफ्नो क्षमता बढाए ।

महिलावादी नेतृत्वको परिप्रेक्ष्यबाट तीनवटा जिम्मेवार पक्षहरूले जम्मा सातवटा नयाँ नीति र निर्देशक सिद्धान्तहरू ल्याएका थिए । नयाँ नीतिहरूमा LACC द्वारा जोखिम विश्लेषण निर्देशक सिद्धान्तहरू/नीतिहरू; साझेदारी नीति २०२०, कोभिड-१९ प्रतिक्रिया निर्देशक सिद्धान्तहरू, सुरक्षित सुरक्षा र गुनासो ह्यान्डलिङ नीति, EDC द्वारा कोष सङ्कलन र सञ्चार रणनीति र NNDSWO द्वारा महामारी र आपतकालीन प्रतिकार्य नीतिको समयमा कार्यालय सञ्चालन नीति छन् ।

यो परियोजनाले युएन वुमनका जिम्मेवार पक्षहरूका कर्मचारीहरूको धारणामा परिवर्तन ल्याउन र उनीहरूलाई क्षमता विकास, अनुगमन, मूल्याङ्कन र सिकाइ, र सञ्चार र वकालतका लागि महिलावादी नेतृत्वमा कार्यहरूको योजनाहरू विकास गर्न मद्दत गर्न पनि सक्षम गराएको छ ।

जिम्मेवार पक्षहरूले उनीहरूको क्षमता विकास योजना, अनुगमन, मूल्याङ्कन र सिकाइ रणनीति र सञ्चार र वकालत रणनीतिको कार्यान्वनका लागि चार कार्ययोजनाहरू निर्माण गरेका छन् ।

ओरेकले यी कार्य योजनाहरूको निर्माणका लागि नारीवादी नेतृत्वका बारेमा आधारभूत तालिम र पाँच दिनको अग्रिम प्रशिक्षण मार्फत् अनुगमन मूल्याङ्कन र सिकाइ योजना, सञ्चार र वकालत रणनीति र क्षमता अभिवृद्धि योजनाको निर्माणसहित सहयोग गरेको छ । यसको अतिरिक्त महिलावादी मूल्य र सिद्धान्तहरूमा धेरै अभिमुखीकरणहरूको आयोजना र प्रशिक्षण सामग्रीहरूको समीक्षा गरेको थियो । जिम्मेवार पक्षहरूले नारीवादी नेतृत्व र समावेशी शासन परिप्रेक्ष्यबाट कार्यक्रमहरू डिजाइन र कार्यान्वियन गर्न ज्ञान बढाएका छन् । कुनै हानि नगर्ने, समानता सुनिस्चित गर्ने, विविधताको सम्मान, भेदभाव नगर्ने, अन्तरविच्छेदलाइ प्रार्थमिकतामा राख्ने, कसैलाई पनि पछि नछोड्ने र असमानतालाई चुनौती दिन महिलाहरूलाई कामको केन्द्रमा राख्ने जस्ता नारीवादी दृष्टिकोण अपनाउन उनीहरूको विज्ञताले प्रमाणित गरेको छ । यी दृष्टिकोणहरू प्रयोग गरेर जिम्मेवार पक्षहरूले एक्सन एड, नर्वेजियन दूताबास र युएसएआईडी जस्ता दाताहरूबाट अनुदान प्राप्त परियोजनाहरू डिजाइन गर्न सक्षम भएका थिए ।

जिम्मेवार पक्षहरूले आफ्ना परियोजनाहरू कार्यान्वयन र अनुगमन गर्न जम्मा चार महिलावादी नेतृत्व दृष्टिकोण

र उपकरणहरू प्रयोग गरेका छन् । प्रयोग गरिएका दृष्टिकोणहरूमा सहभागितामूलक दृष्टिकोण, जवाफदेहिता दृष्टिकोण, निरन्तर सिकाइ दृष्टिकोण र सामाजिक रूपान्तरण दृष्टिकोण छन् ।

१२ प्रशिक्षण पुस्तिका र स्रोत सामग्रीहरू परियोजना मार्फत् महिलावादी नेतृत्व लेन्सबाट परिमार्जन गरिएको छ । यसमा लैङ्गिक उत्तरदायी न्याय, महिलावादी नेतृत्व तालिम, लैङ्गिक प्रतिक्रिया र समावेशी शासन तालिम, दलित महिला, निर्वाचित प्रतिनिधि र समुदायमा आधारित संस्थाहरूका लागि लैङ्गिक उत्तरदायी तालिम, अधिकारसम्बन्धी प्रशिक्षकहरूको मास्टर ट्रेनिङको म्यानुअलहरू पर्छन् ।

त्यस्तै अपाङ्गको अधिकार, र महिला संगठन र मानव संसाधन कार्यकर्ताहरूका लागि लैङ्गिक उत्तरदायी शासन जस्ता स्रोत सामग्री पनि पर्दछन् । चार जिम्मेवार पक्षहरूका लागि महिलावादी ज्ञान निर्माण गर्न परियोजनाद्वारा कुल २५ प्रतिबिम्ब सर्कल र दुई सिक्ने अवसरहरू सिर्जना गरिएको थियो । परियोजनाहरू विकास, कार्यान्वयन र अनुगमन गर्न जिम्मेवार पक्षहरूको क्षमता अभिवृद्धि गर्न महिलावादी ज्ञान निर्माण, सहभागितामूलक योजना र वकालत, सामाजिक लेखापरीक्षण, भ्रष्टाचार विरोधी, सूचनाको हक र सामाजिक सुरक्षासम्बन्धी प्रतिबिम्ब र सिकाइ अवसरहरू सञ्चालन गरिएको थियो । जिम्मेवार पक्षहरूका कुल २० प्रतिनिधिहरूले आफ्ना पूर्वाग्रहहरू विशेषाधिकारहरू पहिचान गर्न विवेकवादी दृष्टिकोण मार्फत् आत्म-प्रतिबिम्बको माध्यमबाट नारीवादी नेतृत्व र समावेशी शासनको बारेमा ज्ञान बढाएका छन् । यो महिलावादी नेतृत्व र समावेशी शासनमा आधारभूत, उन्नत र ताजा तालिमहरू मार्फत् सुनिश्चित गरिएको थियो ।

परियोजना कार्यान्वयन साझेदारहरू, ओरेक र हिमाल इनोभेटिभले महिलावादी नेतृत्वमा जिम्मेवार पक्षहरूको क्षमताहरूलाई समर्थन र सहजीकरण गर्ने क्षमताहरू उल्लेखनीय रूपमा वृद्धि गर्न व्यबस्था गरेका छन् । यी क्षमताहरूमा नयाँ कार्यक्रमहरू विकास गर्ने, नीति तथा मार्गनिर्देशनहरू तर्जुमा गर्ने, प्रशिक्षण सामग्रीको विकास गर्ने, तालिम सञ्चालन गर्ने, नीति, कार्यक्रम र सेवाहरूको अनुगमन र मूल्याङ्कन समावेश छन् ।


जिम्मेवार पक्षहरूले पाँचवटा तालिम स्रोतहरूमा परियोजनाद्वारा प्रदान गरिएको प्रतिक्रियालाई स्वीकार गरेका छन् भने ऐतिहासिक शक्ति असंतुलनको समाधान गर्न कार्यान्वयन साझेदारहरूका कर्मचारीहरूले लैङ्गिक भेदभाव कम गर्न, महिला र किसोरीहरूको अधिकार सुनिश्चित गर्न र रूपान्तरणकारी परिवर्तनलाई प्रवर्द्धन गर्न महिलावादी नेतृत्वका सिद्धान्त र दृष्टिकोण अपनाउने छवटा कार्यक्रमहरू विकास गर्न सफल भएका छन् । कोभिड-१९ राहत कार्य मार्फत् परियोजनाद्वारा महिलावादी सोच र प्रक्रियाहरूलाई सबल बनाइयो । यस परियोजनाले कोभिड-१९ का कारण महिलाहरूले सामना गर्नुपरेका सामाजिक-आर्थिक चुनौतीहरूलाई सम्बोधन गर्न योगदान पुऱ्याएको छ । ऊर्जामा पहुँच, नगदमा आधारित सहयोग, जीविकोपार्जनमा सहयोग, विशेषगरी मनोसामाजिक परामर्शमा ध्यान केन्द्रित गर्दै अत्यावश्यक स्वास्थ्य सेवामा पहुँचलगायत खाद्यान्न तथा गैरखाद्य वस्तुको वितरण मार्फत् महिलाको व्यावहारिक आवश्यकतालाई सम्बोधन गर्न नौवटा गतिविधिहरू कार्यान्वयन गरिएका थियो । राहत कार्यका क्रममा चार जिल्लामा मनोसामाजिक परामर्श सेवा प्राप्त गर्नेमा ८४० महिला र २१६ पुरुष रहेका छन् ।


# ६. महिलाहरूको न्यायमा पहुँच


महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले महिला अधिकारको सुनिश्चितता तथा महिलाको न्यायमा पहुँचका लागि विभिन्न जिल्लामा आवश्यकताअनुसार कानूनी सहयोग गर्दै आइरहेको छ । यस पहलले हिंसामा परेका महिलाहरूलाई आफ्नो अधिकार प्राप्तिका लागि कानूनी सहयोग गरी महिलाहरूको न्यायमा पहँचलाई अभिवृद्धि गरेको छ । जुलाई २०२० देखि जुन २०२१ सम्म जम्मा २३६ ओटा मुद्दाहरू ओरेकका केन्द्र तथा जिल्ला शाखाहरूबाट विभिन्न तहका न्यायिक निकायमा दर्ता गरी सहयोग गरेको र सक्रिय रूपमा चलिरहेको तथ्याङ्कले देखाएको छ ।

## ६.१ मुद्दाका प्रकृति

उल्लिखित मुद्दाका प्रकृतिलाई विश्लेषण गर्दा सबैभन्दा धेरै सम्बन्धविच्छेद, जबर्जस्ती करणी, अंश, घरेलु हिंसा, बहुविवाह र क्रमशः अन्य किसिमका मुद्दाहरू रहेका देखिन्छन् । कानूनत :सम्बन्धविच्छेद गर्दा श्रीमान्ले खान-लाउन नदिएको खण्डमा श्रीमतिले आफ्नो श्रीमान्बाट अंश हक पाउने व्यवस्था रहेको हुँदा प्रभावितहरूले सोही अधिकार कार्यान्वयन गराउन मुद्दामा गएको देखिन्छ । सो सन्दर्भमा सम्पत्ति लुकाउने प्रयोजनका लागि जालसाजी गर्ने, घर जग्गा अवैध तरिकाबाट लेनदेन गर्ने हुँदा वास्तवमा अंशसम्बन्धी मुद्दा लगाउनमा आउने गरेकाले अंशसम्बन्धी मुद्दा पनि बढेको देखिन्छ । यौन हिंसामा जबर्जस्ती करणीबाहेक जबरजस्ती करणीको उद्योग, सामूहिक जबर्जस्ती करणी, जबर्जस्ती करणीपछि हत्या, हत्याको प्रयास तथा साइबर अपराधपश्चात् जबर्जस्ती करणी जस्ता मुद्दा परेकाले जबर्जस्ती करणीको प्रकृति पनि थप चुनौतीपूर्ण हुँदै गएको देखिन्छ । त्यसबाहेक बाल यौनदूराचार, यौन दुर्व्यवहारका मुद्दा पनि जिल्ला अदालतमा विचाराधिन अवस्थामा छन् । अपराधका प्रकृति बढेसँगै महिलाहरूले कानूनद्वारा प्रद्धत्त आफ्नो हक अधिकारको प्रचलनका निमित्त कानूनी बाटोको सहायता लिएको देखिन्छ ।






## ६.२ ओरेकको विभिन्न जिल्ला कार्यालयद्वारा कानूनी सहयोग गरेको मुद्दा संख्या :

काठमाडौं, उदयपुर, मोरङ, सुन्सरी, दाङ, कैलाली, धनुषा र सिराहाको कार्यालयबाट कानूनी सहयोग प्रदान गरिंदै आएको छ। विभिन्न जिल्लाद्वारा कानूनी सहयोग गरेको महिला हिंसाका मुद्दा संख्या निम्नानुसार देखिन्छ :

उक्त तथ्याङ्कलाई हेर्दा धनुषा जिल्लाको कार्यालयबाट धेरै कानूनी सहयोग प्रदान गर्ने कार्य भएको देखिन्छ भने क्रमशः उदयपुर, दाङ, मोरङ र काठमाडौंबाट भएको देखिन्छ। त्यस्तैगरी कम संख्यामा सुनसरीको कार्यालय र क्रमशः कैलाली, सिराहाले विगत एक वर्षमा मुद्दाहरूको हकमा कानूनी सहयोग प्रदान गरेको देखिन्छ। यद्यपि यी सबै मुद्दाहरू सन् २०२० मै दर्ता भएका भने होइनन् यसमा केही मुद्दाहरू पहिले देखिको अदालती प्रक्रियामा रहेका मुद्दा हुन् र विगत एक वर्षमा ती मुद्दाहरूको कारबाहीमा समेत कानूनी सहयोग प्रदान गरिदै आएको छ।

## ६.३ विभिन्न न्यायिक निकायमा भएका मुद्धाहरू :

कोभिड महामारीको कारण धेरै समय अदालत बन्द रहेको हुँदा यस वर्ष समग्रमा हेर्दा मुद्दाको चाप अघिल्ला वर्षहरूमा भन्दा कम देखिन्छ। यस वर्ष अदालतको तहअनुसार जिल्लामा अदालतमा २१० वटा मुद्दा चलेकाले सबैभन्दा धेरै मुद्दाको चाप रहेको देखिन्छ। यसमा ओरकको आठवटा जिल्लाको कार्यालयबाट मुद्दा हेरिए पनि जम्मा १८ वटा अदालतहरूमा मुद्दा चलिरहेको देखिन्छ। ती हुन् : ललितपुर, भक्तपुर, काठमाडौं, काभ्रे, नुवाकोट, धनुषा, सिराहा, महोत्तरी, कैलाली, मोरङ, सुनसरी, उदयपुर र दाङ जिल्ला अदालत। त्यस्तै, त्यसपछि उच्च अदालतमा मुद्दा पुनरावेदनमा गएको देखिन्छ जसमा जनकपुर उच्च अदालत, उच्च अदालत मोरङ, डोटी, र पाटन उच्च अदालतमा गरी जम्मा १६ वटा मुद्दा चलिरहेको छ भने सर्वोच्च अदालतमा ९ वटा मुद्दाको कारबाही चलेको देखिन्छ। यसका अतिरिक्त न्यायिक समितिद्वारा एउटा मुद्दा हेरिएको छ।

## ६.४ निष्कर्ष

माथि उल्लिखित तथ्याङ्कअनुसार दर्ता भएको मितिदेखि हालसम्म केही मुद्दाहरूबाहेक सबै मुद्दाहरू अदालतमा कुनै न कुनै प्रक्रियामा नै चलिरहेको छ। कतिपय महिला हिंसाका घटनाहरू जस्तै : व्यक्तिगत घटना - विवाह दर्ता, नागरिकता, जन्मदर्ता) जस्ता अति आवश्यक व्यक्तिगत घटनाहरूलाई जिल्लाको प्रशासनले नहेर्दा प्रमाणहरूका अभावमा कानूनी प्रक्रियामा अगाडि लैजान असाध्यै कठिनाई भएको छ। अदालती फैसलामा धेरै समय लाग्ने हुँदा कुनै कुनै मुद्दामा हिंसा प्रभावित महिलाहरूले मिलापत्रको बाटो रोजेको पाइन्छ। यद्यपि, ओरेकले कानूनी सहयोगका साथसाथै

हिंसा पीडित महिलाहरूलाई सुरक्षित बास, मनोविर्मश सेवा तथा सीप विकास तालिमहरूको व्यवस्था गरी उनीहरूको न्यायमा पहुँच पुऱ्याउनका लागि सहयोग गर्दै आइरहेको छ ।

नेपालको कानूनमा महिला हिंसालाई रोक्ने र हिंसा प्रभावितलाई न्याय दिने भनेर व्यवस्था गरे तापनि व्यवहारमा हिंसाबाट पीडित महिलाहरूले कानूनमा कानूनको कार्यान्वयन प्रक्रिया र ढिलाइ, सरकारी कार्यालयका कर्मचारीहरूको सोच, उदासिनता, प्रतिपक्षले खडा गर्ने अवरोध, आफ्नो कमजोर आर्थिक अवस्था र संस्थाको पनि सहयोग गर्ने निश्चित दायरा आदिका कारणले गर्दा वास्तवमा न्याय पाएको महसुस गर्न सकेको अवस्था देखिदैन ।

तसर्थ प्रभावित अनुकूल कानूनी व्यवस्था र न्यायमा पहुँचको सुनिश्चित गर्न कानून परिमार्जन हुन जरुरी छ । यसका साथै कानून कार्यन्वयनको संकटले महामारीको समयमा नेपाल सरकारको अपर्याप्त तयारी रहेको देखाउँछ, त्यसैले यस्तो मानवीय संकटको समयमा हिंसाका घटनाहरूलाई सम्बोधन गर्न कानून, नीति र संयन्त्रको विकास र सुदृढीकरण गर्नुपर्ने देखिन्छ ।

# ७. मुख्य उपलब्धिहरू

- ✓ यस अवधिमा पाँचवटा जिल्लाका सातवटा पालिकाको लैङ्गिक नीति पास भई प्रभावकारी कार्यान्वयनका लागि संस्थाले पैरवी गरिरहेको छ। जसमध्ये सिराहाको (विष्णुपुर), उदयपुरको बेलका सुनसरीको बराहक्षेत्र तथा कोशी, कैलालीको कैलारी, गौरीगंगा, भजनीमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति पारित भई नीति अनुसारको योजना तयार गरी वजेट विनियोजन भएको छ। उदयपुरको लिङ्चुङबुङ तथा त्रियुगा, दाङको तुलसीपुर, दंगीशरण, मोरङको कानेपोखरी र लेटाङ, धनुषामा मिथिला तथा लक्ष्मीमियामा लैङ्गिक नीति निर्माणका लागि पालिकास्तरीय बैठक बसी मस्यौदा तयार गर्न सहजीकरण गरिएको छ।
- ✓ लैङ्गिक हिंसाका सवाललाई सम्बोधन गर्नका लागि यस अवधिमा ३ वटा निर्देशिका (प्राथमिक मनोवैज्ञानिक सहयोग, लैङ्गिक हिंसा सम्बोधनमा नेपाल प्रहरीको भूमिका नीति विश्लेषण पत्र तथा विपद् तथा महामारीमा लैङ्गिक हिंसाको सम्बोधन प्रोटोकल, २०७७) तयार भई कार्यान्वयनमा रहेका छन्।
- ✓ लैङ्गिक हिंसा विषयगत उपसमूहले हिंसा प्रभावितहरूलाई प्रत्यक्ष रूपमा सेवा प्रवाह गरिरहेका सरोकारवालाहरूको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने उद्देश्यले तयार पारेका ४ वटा तालिम निर्देशिका (आधारभूत मानवीय सिद्धान्त, सुरक्षित सम्प्रेषण, लैङ्गिक हिंसाका घटना व्यवस्थापन र मनोसामाजिक सहयोग) मा संस्थाले प्राविधिक दक्षताका आधारमा सहयोग गरी यस अवधिमा उक्त निर्देशिकामा नै आधारित भएर संघ प्रदेश तथा स्थनीय तहमा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।
- ✓ यस अवधिमा संस्थाले बीउ पुँजी सहयोग गरेका ३ जना प्रभावितहरूमध्ये २ जनाले आफ्नो व्यवसाय गरी आत्मनिर्भर भएका छन्।
- ✓ कोभिड-१९ को महामारीको अवस्थामा पनि संस्थाद्वारा सञ्चालित सामुदायिक क्लिनिक र स्वास्थ्य मेलाबाट महिलाहरूलाई अत्यावश्यक सेवा प्रदान गरी थोरै भए पनि सहयोग गर्न सफल भएको छ।
- ✓ महामारीको समयमा टेलिफोनबाट पनि २५५४ जना व्यक्तिहरूलाई मनोविमर्श सेवा प्रदान गरी प्रभावितहरूमा उत्पन्न तनाव व्यवस्थापन गर्न सफल भएको छ।
- ✓ संस्थाको निरन्तर पैरवीको कारण यो वर्ष थप ६ वटा मनोविमर्श केन्द्र सञ्चालन गर्न सफल भएको छ।
- ✓ सिन्धुपाल्चोकको बाढी प्रभावितहरूका लागि लैङ्गिकमैत्री मनोविमर्श सेवा दिन सफल भएको छ।
- ✓ वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूको सीप पहिचान गरी उनीहरूकै सहभागितामा दाङको शान्तिनगर गाउँपालिकामा प्रस्तावना पेश गरी दिगो जीविकोपार्जनका लागि रु. एक लाख बजेट निकासा गरी १५ जनालाई व्यावसायिक बाख्रापालन तालिम उपलब्ध भएको छ।
- ✓ मोरङको कानेपोखरी गाउँपालिका ६ का वैदेशिक रोजगारीबाट फर्किएका महिला सञ्जालका ६ जना सदस्यहरू लघु उद्यमशीलता कार्यक्रममा सहभागी भई स्थानीय स्रोत-साधान प्रयोग गरी आफ्नै व्यावसाय सञ्चालन गर्न थालेका छन्।
- ✓ वैदेशिक रोजगारबाट फर्केका महिलाहरूको सञ्जाल १५ वटा (मोरङ-६, दाङ-४, उदयपुर- ४ र कैलाली-१) गठन गरी नियमित बैठक बसी आफ्ना अधिकारबारे समूहमा छलफल गर्न थालेका छन्।
- ✓ स्थानीय तहसँगको नियमित समन्वयपश्चात् बूढानीलकण्ठ नगरपालिका वडा नं ११ को समन्वयमा मनोविमर्श केन्द्र सञ्चालन गरी निरन्तर रूपमा सेवा दिन सफल भएको जसबाट यस अवधिमा १०५ जनाले मनोविमर्श तथा परामर्श सेवा लिइसकेका छन्।
- ✓ रोहिंग्या, अफगानी र पाकिस्तानी समूहका घरेलु हिंसासम्बन्धी बोल्नसमेत नरुचाउने

- ✓ महिलाहरू विभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रमपश्चात् निर्धक्क रूपमा आफूले भोगिरहेका समस्याहरू खुलस्त रूपमा बताउन थालेका छन् ।
- ✓ महामारीको समयमा टेलिफोनबाट पनि २५५४ जना व्यक्तिहरूलाई मनोविमर्श सेवा प्रदान गरी उहाँहरूमा उत्पन्न तनाव व्यवस्थापन गर्न सफल भएको ।
- ✓ संस्थाको निरन्तर पैरवीको कारण यो वर्ष थप ६ वटा मनोविमर्श केन्द्र सञ्चालन गर्न सफल भएको ।
- ✓ धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरूमा महिलाहरूलाई लक्षित गरी जीविकोपार्जनमा गरिएको सहयोगबाट औसत रूपमा ८ देखि १० हजारसम्मको मासिक आम्दानी गरी जीविकोपार्जनमा सहयोग भएको छ र नियमित बचत गर्ने बानीको विकास पनि भएको छ ।
- ✓ उदयपुरको लिङचुङबुङ गाउँपालिकामा पर्यावरणमैत्री नमूना गाउँ (ईको भिलेज) को अवधारणा विस्तार गर्ने प्रतिबद्धतासहित आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयनमा लगेको ।
- ✓ अपराधका प्रकृति बढेसँगै महिलाहरूले कानूनद्वारा प्रद्धत्त आफ्नो हक-अधिकारको प्रचलनका निमित्त कानूनी बाटोको सहायता लिएको देखिन्छ र ओरेकले कानूनी सहयोगका साथसाथै हिंसा पीडित महिलाहरूलाई सुरक्षित बास, मनोविमर्श सेवा तथा सीप विकास तालिमहरूको व्यवस्था गरी उनीहरूको न्यायमा पहुँच पुऱ्याउनका लागि सहयोग गर्दै आइरहेको छ ।
- ✓ नेपालका मानव अधिकार रक्षकहरूको व्यक्तिगत, संस्थागत, मनोसामाजिक र डिजिटल सुरक्षाका विषयमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित तालिमबाट ४१ सहभागीहरूले शारीरिक वा व्यक्तिगत, संस्थागत, मनोसामाजिक र डिजिटल सुरक्षामा आफ्नो क्षमता अभिवृद्धि गरेका छन् ।
- ✓ ९ वटा समुदायमा आधारित सामुदायिक संस्थाहरूले सुरक्षित सार्वजनिक स्थल निर्माणका लागि रणनीतिक योजना निर्माण गरेका छन् । लैङ्गिक असमानता, असमान शक्ति सम्बन्ध, सामाजिक र सांस्कृतिक अवरोधहरूको सम्बन्धमा उनीहरूको सार्वजनिक स्थानहरूको विश्लेषणले कार्यक्रमलाई नतिजासँग नजिक्याएको छ ।
- ✓ स्थानीय सरकार, प्रहरी तथा अन्य सरोकारवाला निकायहरूले सार्वजनिक स्थलमा हुने हिंसालाई फरक ढङ्गले सम्बोधन गर्नका लागि छलफल सुरु गरेका छन् ।
- ✓ रुकुमको त्रिवेणी गाउँपालिका वडा नं. ४ छोटेकाडामा ६५ घरधुरीका महिलाहरूको दैनिक जीवनीमा परिवर्तन भएको देखिन्छ जसमा हरेक घरमा करेसाबारी निर्माण गरेर ताजा तरकारी खान थालेका छन्, स्वास्थ समस्या भएमा उपचार गर्न जान थालेको छन् र महिलामाथि हिंसा भयो भने उजुरी दर्ता गर्न थालेको छन् ।
- ✓ यो वर्ष रुकुममा ६ वटा महिला समूह कृषि शाखामा दर्ता भएका छन् र तिमध्ये ३ वटा महिला समूहले प्रदेशमा प्रस्तावना पेश गरी ३ लाख रुपैयाँ प्राप्त गरी अदुवा खेती सञ्चालन गरेको छन् ।
- ✓ संस्थामा आएका लैङ्गिक हिंसाका घटनाहरूमध्ये यस आर्थिक वर्षमा २१० जनाले नि:शुल्क कानूनी सहयोग प्राप्त गरेका छन् ।
- ✓ जिम्मेवार पक्षहरूले आफ्ना परियोजनाहरू कार्यान्वयन र अनुगमन गर्न जम्मा चार महिलावादी नेतृत्व दृष्टिकोण र उपकरणहरू प्रयोग गरेका छन । प्रयोग गरिएका दृष्टिकोणहरूमा सहभागितामूलक दृष्टिकोण, जवाफदेहिता दृष्टिकोण, निरन्तर सिकाइ दृष्टिकोण र सामाजिक रूपान्तरण दृष्टिकोण छन् ।
- ✓ १२ प्रशिक्षण पुस्तिका र स्रोत सामग्रीहरू परियोजना मार्फत् महिलावादी नेतृत्व लेन्सबाट परिमार्जन गरिएको छ । यसमा लैङ्गिक उत्तरदायी न्याय, महिलावादी नेतृत्व तालिम, लैङ्गिक प्रतिक्रिया र समावेशी शासन तालिम, दलित महिला, निर्वाचित प्रतिनिधि र समुदायमा आधारित संस्थाहरूका लागि लैङ्गिक उत्तरदायी तालिम, अधिकारसम्बन्धी प्रशिक्षकहरूको मास्टर ट्रेनिङको म्यानुअलहरू पर्छन् । त्यस्तै अपाङ्गता भएकाको अधिकार र महिला संगठन र मानव संसाधन कार्यकर्ताहरूको लागि लैङ्गिक उत्तरदायी शासन जस्ता स्रोत सामग्री पनि पर्दछन ।

# ८. मुख्य चुनौतीहरू

- ✓ सरोकारवालामा नै किशोरीको गतिशिलता र यौनिकताको नियन्त्रण ठीक हो भन्ने बुझाइ रहेको, किशोर र किशोरीबीचको मित्रतामा नै प्रश्न गरी यस किसिमको मित्रता र सार्वजनिक स्थलमा किशोर-किशोरी घुमफिर गर्नाले हिंसा निम्तिन्छ जस्ता विचार सरोकारवालाले राखेको, जसकारण किशोरीको सार्वजनिक स्थलमा पहुँच बढाउन तथा सुरक्षित सार्वजनिकस्थल निर्माण गर्नमा चुनौती रहेको छ ।
- ✓ कोरोना संक्रमण र नियन्त्रणका लागि सरकारले घोषणा गरेको लकडाउन र निषेद्याज्ञाको कारणले योजना गरिएका क्रियाकलापहरू सम्पन्न गर्न समस्या भएको थियो ।
- ✓ स्वास्थ्य सेवा प्रणालीलाई कोभिडले थप जटिलता थपेको छ ।
- ✓ सीमित स्रोत-साधनका कारण चाहेजति स्थानमा कार्यक्रम गर्न सकिएको छैन ।
- ✓ यसै पनि फितलो स्वास्थ्य सेवा प्रणालीलाई कोभिडले थप जटिलता थपेको छ ।
- ✓ अति विपन्न, सीमान्तकृत, पछाडि पारिएका समुदायहरूमा कृषि र पशुपालनसम्बन्धी लक्षित कार्यक्रमहरू सञ्चालन गर्दा जमिनको अभावले प्रभावकारी सञ्चालन गर्न कठिनाइ भएको ।
- ✓ सीपमुलक तालिम (मिथिला कला) तालिम सञ्चालनपश्चात् उत्पादन भएको सामग्रीहरूको पर्याप्त बजारीकरण गर्न समस्या भएको ।
- ✓ बाल विवाहको हकमा, स्वैच्छिक र दुवैको सहमतीमा नै भएको पाइए तापनि यदि केटी नाबालिग भएमा प्रहरीद्वारा बालविवाहको र जबर्जस्ती करणीको अभियोग दर्ता गरिन्छ । बालविवाहमा संलग्न यस्ता नाबालिगहरूलाई अपराधको अभियोग बढी हुन्छ । विभिन्न जिल्लामा अझै पनि बालविवाह दण्डहीनताका साथ प्रचलनमा रहेको र विभिन्न समुदायमा व्यापक रूपमा स्वीकृत भएको पनि हामीले भेट्टाउन सक्छौं । तर जब यस्ता विवाह अन्तरजातीय हुन्छन् वा स्वयम् सुरुवात बालविवाह भएमा बालविवाह गरेबापत सजायस्वरूप क्षतिपूर्तिका अतिरिक्त बलात्कारको फौजदारी मुद्दा चलाइन्छ ।
- ✓ घरेलु हिंसाका थुप्रै मुद्दा न्यायिक समितिमा लगिन्छन्, जहाँ महिलाहरूलाई मध्यस्थता गर्न र मेलमिलापमा जान दबाब दिइन्छ ।
- ✓ देशमा पर्याप्त रोजगारीको अभाव, अस्थिर राजनीतिक अवस्था, सरकारले विदेशबाट सीप सिकेर आएकाहरूलाई सम्बोधन/समावेश गर्ने खालका उपयुक्त नीति तथा योजना ल्याउन नसक्दा वा देशमा प्रसस्त रूपमा रोजगारीका अवसरहरू सृजना हुन नसक्दा वैदेशिक रोजगारीबाट फर्केर आफ्नै देशमा केही गर्न चाहनेहरू पनि फेरि विदेश फर्किन बाध्य छन् ।
- ✓ रोहिंग्या, अफगानी र पाकिस्तानी समूहका व्यक्तिहरूसँग काम गर्दा उनीहरूको आफ्ना समस्या मात्र निकालिरहने हुनाले कार्यक्रम गर्दा विषयवस्तुमा ध्यान केन्द्रित गर्न गाह्रो हुने गर्दछ ।
- ✓ द्वन्द्व प्रभावित महिलाहरूलाई पूर्ण जीवनमा फर्किनका लागि लामो समय लाग्ने देखिएको छ ।
- ✓ मानसिक समस्यालाई अझै पनि समस्याको रूपमा नलिँदा र समयमा उपचार नगर्दा समस्या बढ्दै गइरहेको पाइएको छ ।

### कानून कार्यान्वयनका लागि चुनौतीहरू

- ✓ फौजदारी मुद्दाको हकमा अपराधिक घटनामा प्रभावितको स्थायी बसोबास बाहिर घटना घटेको अवस्थामा, प्रभावितहरू जिल्लामा फर्किने सम्भावना हुन्छ । संविधानको धारा २२ अन्तर्गत अपराधका पीडितहरूको कानूनी कारबाहीको प्रक्रियाका बारेमा जानकारी प्राप्त गर्ने अधिकार सुनिश्चित गरिए तापनि हिंसाबाट प्रभावितहरूले आफ्नो मुद्दाको कारबाहीको प्रक्रिया कहाँ


पुग्यो, के भइरहेको छ भन्ने विषयमा पर्याप्त सूचनासमेत कानून कार्यन्वयन गर्ने निकायहरू जस्तै : प्रहरी, सरकारी वकिलबाट प्राप्त गर्न नसकेको अवस्था छ ।

- ✓ घरेलु हिंसाका थुप्रै मुद्दा प्रहरी अथवा न्यायिक समितिमा लगिन्छन्, जहाँ महिलाहरूलाई मध्यस्थता गर्न दबाब दिइन्छ । त्यस्तैगरी समुदायमा बलात्कारको मुद्दा चलाउने बेला मध्यस्थताका लागि दबाबको उदाहरणहरू प्रसस्त छन् । यदि मुद्दको प्रक्रिया अघि बढी फैसलामा सफलता पाए तापनि प्रभावितहरूको विस्थापनको सम्भावना रहिरहेको छ ।

- ✓ बालविवाहको हकमा, स्वैच्छिक र दुवैको सहमतिमा नै भएको पाइए तापनि यदि केटी नाबालिग भएमा प्रहरीद्वारा बालविवाहको र जबर्जस्ती करणीको अभियोग दर्ता गरिन्छ । जिल्लामा अझै पनि बालविवाह दण्डहीनताका साथ प्रचलनमा रहेको र विभिन्न समुदायमा व्यापक रूपमा स्वीकृत भएको पनि पाइन्छ, तर जब यस्ता विवाह अन्तर्जातीय हुन्छन् वा स्वयम् सुरुवात बालविवाह भएमा बालविवाह गरेबापत सजायस्वरूप क्षतिपूर्तिका अतिरिक्त बलात्कारको फौजदारी मुद्दा चलाइन्छ ।

- ✓ कोभिड-१९ प्रेरित लकडाउनसँग सम्बन्धित थप समस्या लकडाउनको सुरुवाती महिनामा कोरोना भाइरसको संक्रमणको डरले हिंसाका घटनालाई प्रहरी अधिकृतले सहजै स्वीकार नगर्ने, कोरोना भाइरसको संक्रमण फैलिएपछि पटक-पटक प्रहरी चौकी अदालत बन्द गरिएको थियो जसकारण कतिपय घटनाहरू उजुरीविहिन अवस्थामै रहे, यसले पीडकलाई थप प्रोत्साहन मिलेको छ ।

# ९. आर्थिक वर्ष २०७७/०७८ को आय-व्ययको विवरण




| आ.व. २०७७/०७८ को आय-व्ययको विवरण | खर्च (नेपाली रुपैयाँमा) | प्रतिशतमा |
|---|---|---|
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अभियान | ३७,४८६,१९४.०२ | २६% |
| महिलामाथि हुने हिंसाविरुद्धको अभियान | १०५,४५४,१४१.२४ | ७४% |
| कुल खर्च   १४२ , ९४०,३३५.२६ | | १००% |

**Women's Rehabilitation Centre (WOREC)**

**Statement of Financial Position**
**As on 31 Ashad 2078 (15 July 2021)**

*Amount in NPR*

| Particulars | Schedule | 2077 / 78 | 2076 / 77 |
|---|---|---|---|
| **Assets** | | | |
| **Fixed Assets** | 1 | **18,250,928.55** | **20,038,881.81** |
| Opening WDV | | 20,038,881.81 | 22,140,085.50 |
| Add: Addition During the Period | | - | - |
| Less: Deletion During the Period | | (52,000.00) | - |
| Less: Depreciation | | (1,735,953.26) | (2,101,203.69) |
| **Current Assets** | | **65,547,267.99** | **57,123,008.01** |
| Advance | 2 | 2,867,379.95 | 8,442,133.63 |
| Cash and Bank Balances | 3 | 62,679,888.04 | 48,680,874.38 |
| **Current Liabilities** | | **5,715,205.12** | **11,720,611.13** |
| Payables | 4 | 5,715,205.12 | 11,720,611.13 |
| **Net Current Asset** | | **59,832,062.87** | **45,402,396.88** |
| **Net Assets** | | **78,082,991.42** | **65,441,278.69** |
| **Balance of Fund** | 5 | **59,832,062.87** | **45,402,396.88** |
| **Capital Fund (Fixed Assets)** | | **18,250,928.55** | **20,038,881.81** |
| **Total** | | **78,082,991.42** | **65,441,278.69** |

Schedules 1-7 and Notes to Account (Schedule-8) forms an integral part of this statement.

As per our report of even date

Ms.Gomawati Pun
Vice-Chairperson

Ms. Chandani Rana
Secretary

CA Suraj Basnet
For S.Basnet & Co.
Chartered Accountants

Mr. Lubha Raj Neupane
Executive Director

Ms.Renu Maharjan
Finance Coordinator

Date: 03 November 2021 / 17 Kartik 2078
Place: Lalitpur, Nepal

**Women's Rehabilitation Centre (WOREC)**

**Receipt and Expenditure Statement**

**For the Financial Year 1 Sharwan 2077 to 31 Ashad 2078 (16 Jul 2020 to 15 Jul 2021)**

*Amount in NPR*

| Particulars | Schedule | 2077 / 78 | 2076 / 77 |
|---|---|---|---|
| **Receipt** | | | |
| Donors Grants | *Table - I* | 132,181,975.31 | 127,265,498.77 |
| Short Term Grants | 5 | 10,758,359.95 | - |
| WOREC Contribution to Donor Program | *Table - I* | | 253,553.08 |
| WOREC Core | 6 | 6,442,078.96 | 4,820,048.80 |
| Bank Interest | | - | |
| **Total Receipt** | | **149,382,414.22** | **132,339,100.65** |
| **Expenditure** | | | |
| Donors Grants | *Table - I* | 132,181,975.31 | 124,985,694.94 |
| Short Term Grants | 5 | 10,758,359.95 | |
| **WOREC Core** | | | |
| General Administration & Program Operation Expenses | 7 | 7,285,608.55 | 6,839,092.64 |
| **Total Expenditures** | | **150,225,943.81** | **131,824,787.58** |
| **Excess of Receipt over Expenditure** | | **(843,529.59)** | **514,313.07** |
| **Refund to Donor** | | - | - |
| **Fund Balance** | | **(843,529.59)** | **514,313.07** |

Schedules 1-7 and Notes to Account (Schedule-8) forms an integral part of this statement.

As per our report of even date

Ms.Gomawati Pun
Vice-Chairperson

Ms. Chandani Rana
Secretary

CA Suraj Basnet
For S.Basnet & Co.
Chartered Accountants

Mr. Lubha Raj Neupane
Executive Director

Ms.Renu Maharjan
Finance Coordinator

Date: 03 November 2021 / 17 Kartik 2078
Place: Lalitpur, Nepal

# १०. अनुसूची

## अनुसूची १ : सफलता कथाहरू

### "व्यावसायिक तरकारी खेतीबाट म सफल भएँ"

मेरो घर चौदण्डीगढी नगरपालिका वडा नं. ९ हडियामा पर्छ । मेरो १६ वर्षको उमेरमा विवाह भएको हो । मेरो १ छोरा र १ छोरी छन् । विवाह भएर घरमा आउँदा घरको पारिवारिक अवस्था र आर्थिक अवस्था राम्रो नै थियो । तर मेरो ससुरा राजनीति गर्नुहुन्थ्यो । मेरो श्रीमान् चाहिँ बुबाको सम्पत्ति छँदै छ मैले किन काम गर्नुपर्‍यो भन्ने मान्यताको हुनुहुन्थ्यो । र सबै जग्गा-जमिन अरूलाई बटिया दिएको थियो । त्यसबाट खान मात्र पुगेको थियो । अन्य आय स्रोतको आर्थिक बाटो केही थिएन । बाउ-छोरा नै दिनभरि हिंड्ने बेलुका आएर मीठो खान खोज्ने गर्नुहुन्थ्यो । मसँग पनि पैसा हुँदैन थियो । तरकारी सधैं किनेर नै ल्याउनुपर्ने थियो । यसका कारण घरमा झगडा पनि हुन्थ्यो । मेरो बुहारी काम गर्नलाई अल्छि छ मीठो पकाएर खुवाउँदिन भन्ने, विना कारण निहुँ खोज्ने, झगडा गर्ने गर्नुहुन्थ्यो । मैले पनि धेरै पढे-लेखेको थिइन, अन्य काम गर्न जानका लागि पनि मैले सोचें हाम्रो यति धेरै जग्गा-जमिन छ बरु केही तरकारी खेती गर्‍यो भने त आफूलाई खान पुग्छ र बिहान-बेलुका परिवारका सदस्यहरूले पनि काम गर्छन् भन्ने सोचेर थोरै जग्गामा तरकारी खेती गर्न थालेको थिएँ र राम्रोसँग भयो । आफूलाई खान पुग्न थालेको थियो ।

यसरी ओरेक उदयपुरबाट आएर ईको भिलेजको समूह गठन गरिदिनुभयो । नमूना कृषि फर्मको बारेमा जानकारी गराई समूहमा बसेपछि विभिन्न विषयमा तालिम तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भएपछि यहाँका मानिसहरू केही सचेत भए । अझ यहाँका व्यक्तिहरू सामान्य खेतीपातीको काम गर्थे । तर तरकारी चाहिँ उत्पादन गरेर खाँदैन थिए । कृषिको तालिम पाएपछि आफूलाई पुग्ने तरकारी उत्पादन गर्न थाले । गर्दा के हुँदैन रहेछ भन्ने कुराको सिकाइ भयो । त्यसपछि मैले ओरेकको प्राविधिक सहयोगमा लगभग २ कट्ठामा बेमौसमी तरकारी लगाएको थिएँ राम्रो उत्पादन भयो । र आर्थिक आम्दानी पनि राम्रो नै भयो । त्यसपछि अरू बढाएर गर्न थालें बजारमा पनि लान थालें । बजार नजिकै छ । तरकारीबाट राम्रो आम्दानी भएपछि मेरो घरपरिवारले पनि सहयोग गर्न थाल्नुभयो । श्रीमान्को अरू रोजगारी थिएन यही तरकारी खेतीमा समय दिन थाल्नुभयो । तरकारीसँगै माछापोखरी पनि बनाई माछापालन गर्न थाल्यौं ।

त्यसपछि आर्थिक आयस्रोतको बाटो भएपछि मलाइ मेरो घरपरिवारलगायत श्रीमान्ले पनि माया गर्न थाल्नुभयो । मलाई पनि दुई पैसा खर्च गर्न समस्या भएन । पहिला त हाम्रो समाजमा महिलाले मात्र काम गर्नुपर्छ भन्ने मान्यता थियो । केही उत्पादन गर्दा बजारमा गएर बेच्ने चलन थिएन । बुहारी भएर बजार जानुहुँदैन भन्ने मान्यता पनि थियो । तर उत्पादनको स्रोत भएपछि मैले बजार व्यवस्थापन पनि गर्नुपर्छ नभए हामीले दुःख गरेको मेहनतको कमाइ खेर जान्छ भनेपछि अहिले जतिबेला पनि बजारमा लगेर बेच्न सकिन्छ । बजारमा हाम्रोमा तरकारी पाइन्छ भन्ने कुरा थाहा भएपछि व्यापारीहरू मेरो घरमा नै आउँछन् । अहिले कुनै तरकारी बेच्न समस्या छैन । मेरो कामलाई देखेर परिवार पनि छक्क परेका छन् । गाउँ-छिमेकीलाई पनि उत्प्रेरण जगाएको छु ।

हाल ओरेकले मलाई विभिन्न कृषि उत्पादनको तालिमरू (सघन जैविक खेती, बेमौसमी तरकारी उत्पादनसम्बन्धी तालिमहरू) साथै यसबाहेक ओरेकले मलाई यस चौदण्डीगढी नगरपालिका वडा नं. ९ मा रहेको त्रियुगा थारुहट पर्यावरणमैत्री नमूना गाउँको नमूना प्रदर्शनी फार्म विस्तारका लागि प्लाष्टिक, थोपा सिँचाइ, बीउहरू, टनेल र झोल मोल विषादी बनाउने ड्रमसहितको सहयोग गर्नुभयो सो टनेलमा बेमैसमी तरकारी उत्पादन गरेको छु । तरकारीका विभिन्न जातका बेर्ना उत्पादन गरेर पनि आर्थिक आम्दानी गरेको छु । यसरी मेरो मासिक रु. २५,००० हजार जति आम्दानी हुन्छ । अझ बेमैसमी तरकारी भएको सिजनमा अझ बढी हुन्छ । यो तरकारी खेती लगाउने सीप, ज्ञान व्यवस्थापन

यसका फाइदा, यसले दिएको आर्थिक आम्दानीलाई कसरी परिचालन गर्ने तरिकासमेत योजना बनाई सहज वातावरणमा हौसला भई तरकारीले नै मेरो घरपरिवारको व्यवहार चलेको छ। मलगायत मेरो परिवार खुसी नै छौं र यो तरकारी खेतीका लागि प्राविधिक र अन्य सहयोगका लागि ओरेक उदयपुरलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।

........................................................................

रमा (परिवर्तित नाम) अहिले म ३५ वर्षकी भएँ। मेरो घर जनकपुरमा पर्छ। परिवारमा म, मेरो श्रीमान्, २ बच्चाहरूसहित ४ जना छौं। परिवारमा खान, लगाउनको दुःख थियो। त्यसमा पनि महिला भएकै कारण तराई क्षेत्रमा हुने भेदभावलाई मैले आफ्नो जीवनमा भोगेको छु। तराईको महिलाहरूले भोग्नुपरेको पीडाबाट गुज्रिँदै म ओरेकसँग आजभन्दा १२ वर्ष अगाडि समन्वय गर्न पुगेकी थिएँ। त्यहाँबाट प्राप्त मनोविमर्श सेवाले मैले आफ्नो जीवन अगाडि बढाउन र कानूनी सहायता लिन पनि सहयोग प्राप्त गरेकी छु। यस संस्थाले मलाई समय-समयमा गरिरहने मनोविमर्श सेवाले मेरो जीवनमा धेरै परिवर्तन आयो। आर्थिक अवस्था कमजोर र परिवार, समाजबाट हुने विभेदबाट म एकदम कमजोर हुँदा पनि सस्थाले मलाई विश्वास गरी दिगो जीविकोपार्जनका लागि पसल सञ्चालन गर्ने योजना बनाई मलाई पसल सञ्चालन गर्न कठघेरा सहयोग भयो। सोपश्चात् मैले आफ्नो परिवारको जीविका चलाउनका लागि पसल सञ्चालन गर्दै आइरहेको छु। अहिले म परिवारसँग खुसी छु। पसलबाट मासिक रु. १२००० (बाह्र हजार) आम्दानी हुन्छ। यसैबाट मलगायत परिवार अहिले खुसी छौँ। श्रीमान्ले पनि हाल काम गर्नुहुन्छ। मेरो जीवनमा यस संस्थाले धेरै नै गुन लगाएर मेरो दैनिकी परिवर्तन भएको छ खान-लगाउन पनि समस्या छैन। अझै मिहिनेत गर्ने योजना छ यसका लागि ओरेकलाई धेरै धन्यवाद दिन चाहन्छु।

........................................................................


वर्ष ३५ सलिना (परिवर्तित नाम) को घर जनकपुरमा पर्छ। उहाँको परिवारमा उहाँ, उहाँको श्रीमान् ३ बच्चा र सासुसहित ६ जनाको परिवार रहेको छ। घरमा ६ जनाको परिवार भए तापनि ३ जना बच्चाहरू विद्यालय पढ्ने उमेरको भएको उहाँ बताउनुहुन्छ। सलिना (परिवर्तित नाम) र उहाँको श्रीमान्को नपढेको र आर्थिक स्थिति कमजोर भएको कारण दैनिक ज्याला मजदुरी गरी जीवनयापन गरिरहनुभएको छ। उहाँको बालबच्चालाई गरिबीको कारण विद्यालय पढाउन नसकिने अवस्था रहेको छ।

कोभिड-१९ को समयमा पेटभरी खाना नपुग्ने दुई छाक टार्न पनि गाह्रो भएको अवस्था पनि सलिना

(परिवर्तित नाम) को परिवारले भोग्नुपरेको थियो। स्थानीय महिला समूहमा आवद्धतापश्चात् उहाँले ओरेक र यस संस्थाले गर्ने कामको बारेमा जानकारी पाउनुभयो। ओरेकसँगको आवद्धतासँगै समूहको सिफारिसमा व्यावसाय निर्माण गर्ने तालिम प्राप्त गरी रु. १७,५०० बीउ पुँजी कोषका लागि प्राप्त गर्नुभयो। यस बीउ पुँजी कोषमा आफ्नो पनि केही लगानी गरी सलिना (परिवर्तित नाम) ले किराना पसलको थालनी गर्नुभयो। हाल उहाँको दैनिक रु. २००० सम्मको किराना सामाग्री बिक्री-वितरण हुने गर्दछ। हिजो कोभिड-१९ को महामारीमा भोकै बसेका परिवारहरू हाल दैनिक सहकारीमा रु. २०० बचत गर्न, विद्यालयमा पढ्न र आफ्नो जीवनयापन गर्न सफल भएका छन्।

# अनुसूची २ : यस अवधिमा प्रकाशित गरिएका स्रोत सामग्रीहरू
























WOREC

ओरेक
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
फोन: (९७७) ०१ ५१८६३७४, ०१ ५१८६०७३
Email :ics@worecnepal.org
Website :www.worecnepal.org